अध्याय-एक

# परिचय

## १.१ परिचय

अनल गौतमको जन्म वि.सं. २०३८ असार १७ गते नारायणी अञ्चलमा अवस्थित मकवानपुर जिल्लामा भएको हो । स्थानीय श्री बालज्योति माध्यमिक विद्यालय पिप्लेबाट औपचारिक अध्ययन शुरु गरेका अनलले २०५४ सालमा श्री बालज्योति माध्यमिक विद्यालय पिप्लेबाट एस.एल.सी. उत्तीर्ण गरेका हुन् । प्राथमिक देखि माध्यमिक तहसम्मको शिक्षा हेटौडा मै सम्पन्न गरेका अनलले १६ वर्ष मै जागिरे जीवन शुरु गरेकाले उच्च शिक्षाका लागि पूर्ण समय दिन सकेनन् । कारणबस प्राइभेट अध्ययन गरी काठमाडौँको पशुपति बहुमुखी क्याम्पसबाट आइ.कम. र कमर्स कलेजबाट वि.वि.एस. गरेका हुन् ।

अनल गौतमका पिता शम्भुप्रसादको २०४७ साल चैत्र १ गते र माता सावित्रीको २०४८ पौष २३ गते मृत्यु भएकोले आर्थिक समस्या समाधान गर्नका लागि शोधनायकले एस.एल.सी. पास गरेको ३ दिनदेखि नै विभिन्न होटल तथा पर्यटन क्षेत्रमा जागिरे जीवन बिताउनु परेकै कारण आफ्नो अध्ययनलाई पुनः समय दिन सकेनन् । बाल्यकाल मै माता पिता गुमाउन पुगेका अनल विभिन्न होटल पर्यटन उद्योग यातायात हुँदै हाल विमा क्षेत्रमा आफ्नो जागिरे जीवन बिताइरहेका छन् । अनल आफ्नो जागिरे जीवन बाहेक विभिन्न कला साहित्य रेडक्रस जेसिज जस्ता संस्थामा संलग्न रहनुको साथै विविध सामाजिक तथा शैक्षिक कार्यमा पनि आफ्नो सक्रिय सहभागिता जनाउँदै आएका छन् ।

बाल्यकालदेखि नै गीत, सङ्गीत, साहित्य, भ्रमण आदिमा विशेष रुचि राख्ने अनल साहित्य साधनाका क्षेत्रमा समेत सुपरिचित नाम बन्न पुगेको छ । अनल गौतमका जीवन वृत्तिलाई हेर्दा जागिरे जीवनमा लाग्नु भन्दा अगाडि विद्यार्थी अवस्थादेखि नै विभिन्न साहित्यिक कार्यक्रममा आफ्नो सहभागिता जनाउने गरेको

देखिन्छ । अनौपचारिक रूपमा विद्यार्थी जीवनदेखि नै साहित्यअनुरागी भए पनि औपचारिक रूपमा प्रकाशनको ढोका भने हयग्रीव आचार्यको सम्पादकत्वमा प्रकाशित **शुभप्रभात हाइकु** (२०६५) बाट खुल्न गएको हो । अनलका प्रकाशित साहित्यिक कृतिहरूमा **शुभप्रभात** (२०६४), **हाइकु संग्रह** (२०६६), **चिनारी कविता सङ्ग्रह** (२०६७), **घाटघाटका कथा** (२०७०) कथोपन्यास, **शब्दहार** (२०७०) र **सरसी गीति एल्वम** (२०७१) रहेका छन् ।

यसरी नेपाली कविता कथा र गीतका फाँटमा अनलको व्यक्तित्व सवल रहेको छ । जसका रचनामा सामाजिकता, मानवीय पीडा, समसामयिकता, राष्ट्रियता, माया प्रेम आदि जस्ता तथ्य रहेको कुरा उनका कृतिहरूको अध्ययन विश्लेषणबाट स्पष्ट हुन्छ ।

## १.२. समस्याको कथन

अनल गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको शीर्षक रहेको प्रस्तुत शोध कार्य निम्नलिखित समस्यमा केन्द्रित रहेको छ :

क) अनल गौतमको जीवनी के कस्तो छ ?

ख) अनल गौतमका व्यक्तित्वका पाटा के कस्ता छन् ?

ग) अनल गौतमका साहित्यिक कृतिहरू के कस्ता रहेका छन् ?

घ) अनल गौतमका कृतिहरूको के कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

माथिका समस्याको समाधानमा यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको मूल उद्देश्य अनल गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कनका क्रममा समस्या कथनमा उठाइएका सम्पूर्ण

समस्याको समाधान गर्नु रहेको छ । यस शोधकार्यका प्रमुख उद्देश्यहरूलाई बुँदागत रूपमा यस प्रकार देखाउन सकिन्छ :

(क) अनल गौतमको जीवनीको अध्ययन गर्नु,

(ख) अनल गौतमका व्यक्तित्वका आयामहरूको निरूपण गर्नु,

(ग) अनल गौतमका कृतित्वको अध्ययन गर्नु,

(घ) अनल गौतम र उनका कृतित्वको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

अनल गौतम आधुनिक नेपाली साहित्यमा नव स्थापित नाम हो । नेपाली साहित्यको विविध विधामा उनको सशक्त उपस्थिति बढ्दै गएको पाइन्छ । गौतमको विविध विधाहरूमा शोध कार्य भएको पाइँदैन । उनका सबै कृतिहरूको अनुसन्धनात्मक कोणबाट मूल्याङ्कन हुन जरुरी छ । तर पनि उनका कृतिका बारेमा केही प्रकाशक तथा साहित्यकारहरूले सामान्य चर्चा र समीक्षा भने गरेको देखिन्छ ।

नेपाल स्रष्टा समाज काठमाडौँले अनल गौतमद्वारा लिखित “चिनारी” (२०६७) को प्रकाशकीय अन्तर्गत सङ्क्षिप्त वाक्यहरूमा अनल गौतमका सम्बन्धमा सशक्त अभिव्यक्ति क्षमता भएका नयाँ पुस्ताका कवि हुन् भन्ने आशय व्यक्त गरिएको छ (चिनारी, २०६४ : प्रकाशकीय लेख) ।

भीम विरागले अनल गौतमद्वारा लिखित “शुभप्रभात” (२०६४) हाइकुको प्रशंसा गर्दै अनल गौतम चिरपरिचित कवि नभए पनि सशक्त कविको अन्तर मन बोकेर भविष्यमा आउने बिहानी बाटो हेरिरहेका नेपाली साहित्यिक फाँटका जागरुक कवि चाहिँ हुन् भन्ने भनाइ व्यक्त गरेका छन् (शुभप्रभात, २०६४ : शुभकामना मन्तव्य) ।

अनलद्वारा रचित शुभप्रभात (२०६४) मा परशु प्रधानले अनल यस दशकका सिर्जनशील स्रष्टाको सूचीकम सूचीकृत नाम हो भन्ने आशय व्यक्त गरेका छन् (शुभप्रभात, २०६४ : शुभकामना मन्तव्य) ।

हयग्रीव आचार्यले अनलद्वारा रचित शुभप्रभात (२०६४) मा वास्तवमा अनल गौतम नयाँ नेपालका नयाँ कवि हुन् । यिनका सोचाइहरूमा सम्भावनाका वरिष्ठ हिमŎृङ्खलाहरू छन् जो समयको तताइमा पग्लिरहन्छन् र नदीहरूको निर्माण भइरहन्छ । आज एउटा शब्द नदीको रूपमा निर्माण भएको छ (शुभप्रभात, २०६४ : शब्द प्रभातमा हराउँदा)।

कवि अनलको शुभप्रभात सूत्रात्मक, चित्रात्मक, रहस्यात्मक, प्राकृतिकता, दार्शनिकता, बौद्धिकता, विशालता र मानवीयता जस्ता विषयहरू प्रशस्त पाउन सकिन्छ भनी परशु प्रधानले शुभप्रभातको शुभकामना सन्देशमा व्यक्त गरेका छन् ( शुभप्रभात, २०६४: शुभकामना मन्तव्य) ।

अनलको वारेमा देवराज खरेल लेख्छन्- हाम्रै अगाडि देखिदै र चिनिदै आएका युवा पिंढीका अत्यन्त चरित्रवान्, ऊर्जाशील एवम् जिज्ञासु स्वभावका स्रष्टा अनल गौतम उमेरले परिपक्व छैनन् तर सिर्जना र साधनाले उनी परिपक्व भएको अनुभव हुन्छ । शुभप्रभात नामको हाइकु सङ्ग्रह अङ्ग्रेजीमा समेत लेखेर थप क्षमताको परिचय दिएका छन् । यो कृति देश बाहिर पनि जाने प्रशस्त सम्भावना छ । निश्चय नै यो समाजका लागि गौरवको विषय हो (शुभप्रभात, २०६४, प्रकाशकीय लेख) ।

चन्द्रप्रसाद भट्टराई अनलको बारेमा यसो भन्छन्,- अनल गौतम सशक्त अभिव्यक्ति क्षमता भएका नयाँ पुस्ताका कवि हुन् । यस अघि प्रकाशित उनको शुभप्रभात हाइकु सङ्ग्रह मार्फत् अनलका पाठकले उनको उदीयमान् कवि व्यक्तित्वको परिचय पाइसकेका छन् (चिनारी, २०६४ : प्रकाशकीय लेख) ।

त्यस्तै शैलेन्द्र साकार लेख्छन्, कवि अनल गौतमका कविता पढ्दै गर्दा मलाई देशको परिस्थितिले नराम्रोसँग छोयो । वास्तवमा कविताको शब्द शक्ति पनि त्यही नै हो । जीवनको सुख, दुःखको तीव्र अनुभूतिमा म विद्रोहको संघारमा अर्को आन्दोलनको प्रतीक्षा गर्न पुगेँ । आजको विषम यथार्थताबाट परिचित म केही समयको निराशा पछि

प्रेमको नयाँ कोमल र स्वच्छ अनुभूतिमा रमाउन पुगेँ भने शान्तिको चाहना र देश प्रेमको गहिरो विशाल चाहनाको पोखरीमा हाम्फाल्न पुगेँ । त्यसैले एकै शब्दमा कवि अनल गौतमका कविता भनेको आजको जीवित र पोल्दो अनुभवको नग्न दस्तावेज हो । यस कविता सङ्ग्रहभित्रका कविताहरू जसलाई कविले सिङ्गो रूपमा चिनारी भनी नामाङ्कन गरेका छन् । तिनका स्पष्ट र सभ्य चिनारीले मलाई अत्यन्त प्रभावित पारेका छन् (चिनारी, २०६४, शुभकामना सन्देश) ।

चिनारीमा परशु प्रधान लेख्छन्, अनल गौतमका कविताहरूमा आजको नेपाल बोल्छ, नेपालीको पीडा र विवशता बोल्छ, नेपालको सार्वभौमिकता र स्वतन्त्रताका प्रेमी गौतमको प्रारम्भ हो । यी कविताहरू लेखनको लामो क्रममा यी पाइलाहरू अत्यन्त स्वागतयोग्य छन् (चिनारी, २०६४: शुभकामना सन्देश, ९) ।

समग्रमा सबैले अनललाई उदीयमान साहित्यकार भएर पनि प्रशस्त सम्भावना बोकेको व्यक्तित्व हो भनी चिनाएको पाइन्छ ।

उल्लेखित पूर्वकार्य विवरणअनुसार विभिन्न विद्वान् तथा साहित्यकारले अनल गौतमका कृतिहरुको गहन अध्ययन गरी अनल गौतमलाई उदयमान साहित्यकारका रुपमा चिनाएका छन् । उनका कथा, कविता, हाइकु र गीत कतै कतै मात्र अध्ययन भएको पाइन्छ । त्यसैले उनका कृतिहरुको अध्ययन र विवेचना गर्न यो शोधपत्र तयार गरिएको छ ।

## १.५ शोधको औचित्य

प्रस्तुत शोधपत्रमार्फत् साहित्यकार अनल गौतमलाई नेपाली साहित्यका फाँटमा सबैका सामु चिनाउने प्रयास गरिएको छ । यस्तै नेपाली साहित्यको विकासका निम्ति गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरिने हुनाले उत्तरवर्ती अध्ययनकर्तालाई यिनका बारेमा थप सामग्री जुटाउन सजिलो पर्ने देखिन्छ । तसर्थ अनल गौतमका सम्बन्धमा हालसम्म पूर्णतया अध्ययन हुन नसकेकोले यो अध्ययनको पूर्ण औचित्य रहेको छ ।

## १.६ शोधपत्रको सीमाङ्कन

नेपाली विभिन्न विधाहरू कविता, गीति एल्बम, कथा जस्ता विधामा कलम चलाएका अनल गौतम समसामयिक युगका विशिष्ट प्रतिभा हुन् । यस शोधकार्यमा अनलको जीवनी, व्यक्तित्व र उनले रचना गरेका प्रकाशित कृतिहरूको विश्लेषणमा यो शोधकार्य सीमित रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोध कार्यलाई पूर्णता दिन प्रमुख रूपमा पुस्तकालयीय सामग्री सङ्कलन विधि अवलम्वन गरिएको छ । साथै शोध नायकसँगको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट पनि लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिनुका साथै उनका परिवार र निकटका व्यक्तिसँग सम्पर्क गरी अनलका जीवनी र व्यक्तित्वका विविध पक्षका सम्बन्धमा आवश्यक सूचना र तथ्यहरू बटुली यो शोध कार्य सम्पन्न गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ । ती सबै अध्यायलाई आवश्यकताअनुसार दशमलब प्रणालीमा अङ्क मिलाई शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रको मुख्य रूपरेखा वा संरचना यस प्रकार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : अनल गौतमको जीवनीको अध्ययन

अध्याय तीन : अनल गौतमको व्यक्तित्वको अध्ययन

अध्याय चार : अनल गौतमका कृतिहरूको अध्ययन

अध्याय पाँच : अनल गौतमका कृतिहरूको मूल्याङ्कन

अध्याय छ : उपसंहार

माथि प्रस्तुत गरिएका शीर्षकहरूलाई आवश्यकतानुसार उपशीर्षकहरूमा विभक्त अन्त्यमा सन्दर्भग्रन्थहरूको सूची समेत प्रस्तुत गरिएको छ ।

अध्याय-दुई

# अनल गौतमको जीवनीको अध्ययन

## २.१ परिचय

सामान्यतया जीवनी भन्नाले मानिसको जीवनको इतिवृत्त भन्ने बुझिन्छ, अर्थात् यसलाई खास व्यक्तिको जीवनको अभिलेख मान्न सकिन्छ । यस शोधपत्र दोस्रो अध्यायमा साहित्यकार अनल गौतमको जन्मदेखि हालसम्म उनले भोगेका तथा बिताएका जीवनको पाटाहरूको साथै उनको बाल्यअवस्था, शिक्षा, विवाह, सन्तान, मातापिता, आर्थिक अवस्था, जागिरे जीवन आदि जस्ता जीवनमा विभिन्न आयामहरूलाई उर्तानै कोसिस गरिएको छ ।

बाल्यकालदेखि नै साहित्य सिर्जनालाई निरन्तर रूपमा अगाडि बढाउँदै आएका अनल गौतम नेपाली साहित्य क्षेत्रका एक उज्ज्वल नक्षेत्र हुन् । साहित्यका विविध विद्यामा सफलतापूर्वक कलम चलाउँदै आएका अनल यसका अतिरिक्त प्रशासनिक सेवामा पनि रुचि भएका कारण बिमाको विशिष्ट पदमा रहेर सर्वसाधरणको सेवामा जुटिरहेका छन् । साहित्य र जागिरमा आफ्नो छुट्टै पहिचान बनाउन सफल साहित्यकार अनल गौतमको जीवनवृत्तको अध्ययन गर्नु यस अध्यायको मुख्य विशेषता रहेको छ ।

## २.२ जन्म र जन्म स्थान

नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने नारायणी अञ्चलमा अवस्थित मकवानपुरको हेटौंडामा २०३८ साल असार १७ गते बुधबारका दिन दिनको ठिक ३:३० बजे आमा सावित्री गौतम र पिता शम्भुप्रसाद गौतम कागजी नाम नेत्र प्रसाद गौतमका कान्छा सुपुत्रका रूपमा जन्मिएका कुशलप्रसाद गौतम नेपाली साहित्यमा आजका अनल गौतम हुन् । उनको न्वारनको नाम कुशलप्रसाद गौतम हो । वर्षाकालको आगमनसँगै उदाएका अनल गौतम नेपाली साहित्यको कविता, कथा र गीत जस्ता विविध विधामा कलम चलाउनुको साथै समाजसेवी र सफल प्रशासकका रूपमा समेत परिचित छन् । अनलका पिता शम्भुप्रसाद गौतमको निधन २०४७ चैत्र १ गते हेटौंडामा भएको हो भने

उनकी आमा सावित्री गौतमको निधन वि.स.२०४८ पौष २३ गते हेटौंडामा भएको हो । अनल गौतमको आगमन नेपाली साहित्य र प्रशासनिक क्षेत्रमा उल्लेखनीय पक्षको रूपमा रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.३ पारिवारिक पृष्ठभूमि

अनल गौतमको स्थायी घर मकवानपुरको हेटौंडामा भए पनि हाल उनी काठमाडौँमा बस्दै आएका छन् । उनका पिता शम्भुप्रसाद गौतम र माता साबित्री गौतमका कान्छा छोरा अनल सात दिदीबहिनीका एक मात्र भाइ हुन् । उनका सात दिदीबहिनी मध्ये माहिली दिदीको मृत्यु भइसकेकोले अहिले ६ दिदीबहिनी मात्र छन् । अनल गौतमा बुबा शम्भुप्रसाद गौतम काठमाडौँ घट्टेकुलोको संभ्रान्त परिवारमा जन्मेका हुन् भने आमा गोदावरी काठमाडौँको किसान परिवारमा जन्मेकी हुन् । २००९ सालमा धोबी खोलामा ठूलो बाढी आएर घर डुबाएकोले उहाँहरू पुरानो बानेश्वर हाइट घर सरे । अनलका पिता शम्भुप्रसाद भूमिसुधारमा जागिरे थिए । २०२१ सालमा भूमिसुधार ऐन लागु भएपछि बाराको कलैया सरुवा भए तत्पश्चात उनीहरू २०२८ सालमा मकवानपुर हेटौडामा बसाइँ सरे ।

## २.४ नामकरण

वि.सं. २०३८ सालको असार महिनाको १७ गते जन्मेका अनलको नामकरण २०३८ असार २७ गते हेटौंडास्थित उहाँकै घरमा भएको हो । अनल गौतमको न्वारनको नाम कुशलप्रसाद गौतम हो भने उनको राशि मिथुन रहेको छ । उनी आफ्ना माता पिताका आठौँ र अन्तिम सन्तानको रूपमा रहेको देखिन्छ ।

### २.४.१ उपनयन/चूडाकर्म

हिन्दूहरूका आदर्श धर्मग्रन्थहरूले विभिन्न जातजातिको व्रतबन्ध गर्ने विधि विधानको उल्लेख गरेका छन् । सोही अनुरूप ब्राम्हण परिवारमा जन्मिएका अनल गौतमको ब्रतबन्ध वि.सं. २०४६ सालमा आठ वर्षको उमेरमा हेटौंडाकै घरमा भव्य रूपमा सम्पन्न भएको थियो । अनलका गायत्री गुरु पिता स्व. नेत्रप्रसाद गौतम नै हुन् ।

### २.४.२ बाल्यकाल

अनल गौतमको बाल्यकाल लगभग नौ वर्षसम्म आफ्नै मातापिताको लाडप्यारमा हुर्किए पनि २०४७ साल चैत्रमा बुबा र २०४८ साल पुसमा आमाको मृत्यु भएकोले अनल गौतमको दश वर्षपछिको बाल्यकाल भने उहाँका सात दिदीहरूको रेखदेख र माया ममतामा बित्यो । सानै उमेरमा बुबाआमा गुमाउनु परेकाले त्यस पछिका बाँकी दिन भने त्यति सुखमय रहेनन् । आर्थिक दृष्टिकोणले मध्यम वर्गीय परिवारमा जन्मेका र बुबाआमा पनि गुमाउन पुगेका अनलको नौ वर्ष पछिको बाल्यकाल संघर्षमय नै देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.५ शिक्षा दीक्षा

मानवीय जीवनमा शिक्षा अपरिहार्य हुन्छ । शिक्षित परिवारका बालबालिकाहरूले पढाइ लेखाइमा राम्रो अवसर पाउने र अशिक्षित परिवारका बालबालिकाहरूले त्यो अवसरबाट केही वञ्चित हुनुपर्ने अवस्था पनि आउन सक्छ तर अनल गौतमलाई त्यो समस्या परेनन् कारण अनलका बुबा शिक्षित र सरकारी जागिरे भएकाले पनि बुबा आमामा नै छोराछोरीलाई अनिवार्य रूपमा विद्यालयमा पढाउनु पर्छ भन्ने भावना थियो ।

बालबालिकाको शैक्षिक गतिविधिमा परिवारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अनलका मातापिता शिक्षित भएकोले उनलाई सानो उमेरदेखि विद्यालय पठाउने काम भयो । अनलको प्राथमिक र माध्यमिक शिक्षा हेटौंडाको श्री बाल ज्योति माध्यमिक विद्यालय पिप्लेबाट सम्पन्न भएको देखिन्छ । उनले २०५३ सालमा सोही विद्यालयबाट एस.एल.सी. पास गरेका हुन् । सानै उमेरमा अभिभावकत्व गुमाउन पुगेका अनलले एस.एल.सी. पास गरेको पर्सिपल्टदेखि जागिर खान सुरु गरेको देखिन्छ । अनल आफ्ना दिदीहरूसँग विद्यालय जाने र घर आउने गर्दथे ।

### २.५.१ अक्षरारम्भ

अनल गौतम सातवटी दिदीपछि आठौं सन्तान त्यसमा पनि पुत्रको रूपमा जन्मिएकाले उनका मातापिताको लाडप्यारकै कारण विद्यालय जानु पहिले घरमै अक्षर

सिक्न दबाब दिएनन् । विद्यालय प्रवेशपछि गुरु हयग्रीब आचार्यज्यूबाट नै अनलको आक्षरारम्भ सुरु भएको बताउँछन् ।

### २.५.२ प्रारम्भिक शिक्षा

अनल गौतमको बाल्यकाल हेटौंडामा बितेको कारण उनकी प्रारम्भिक शिक्षा लिने काम पनि हेटौंडाको श्री बाल ज्योति माध्यमिक विद्यालय पिप्लेबाट भएको देखिन्छ ।

### २.५.३ माध्यमिक शिक्षा

अनल गौतम ९ वर्षको हुँदा नै उनका ममतामयी मातापिताको मृत्यु भएकोले उनको माध्यमिक शिक्षा पनि हेटौंडाको श्री बाल ज्योति माध्यमिक विद्यालयबाट नै सम्पन्न भयो ।

### २.५.४ उच्च शिक्षा

बाल्यकालमा नै आमाबाबुको ममता र संरक्षणबाट बञ्चित हुन पुगेको अनलले दु:ख, सुख गरी माध्यमिक शिक्षा त हेटौंडाबाट नै पूरा गरे । उच्च शिक्षाका लागि भने पारिवारिक अवस्थाका कारण पूर्ण समय दिन सकेनन् । त्यसैले प्राइभेट अध्ययन गरी काठमाडौँको पशुपति बहुमुखी क्याम्पसबाट आइ.कम. र कमर्श कलेजबाट बि.बि.एस.पूरा गरे । तत्पश्चात कानुनको अध्ययन गर्न नेपाल ल क्याम्पस भर्ना भई अध्ययन गरे ।

## २.६ स्वाध्ययन

सानैदेखि तीक्ष्ण बुद्धि र लगनशील भएका कारण अनल गौतम पाठ्यक्रम बाहेकका पनि नयाँ- नयाँ पुस्तकहरू पढ्न, सुन्न मन पराउँछन् । जीवनमा अलिकति समय प्राप्त हुने बित्तिकै उनी विभिन्न किसिमका पुस्तकहरूको अध्ययनमा अग्रसर

भइहाल्ने स्वभावले गर्दा नै कलिलै उमेरमा साहित्यकारको रूपमा आफूलाई स्थापित गर्न सफल भए ।

## २.७ विवाह

सामान्यतः विवाह भनेको संसारको सृष्टिको सुरुदेखि नै मानवका लागि स्विकारिने अनिवार्य संस्कार हो । अनल गौतमले पनि आफू परिपक्व अर्थात् आफ्नो आयस्रोतको बाटोमा प्रवेश गरिसकेपछि २२ वर्षको उमेरमा २०६० साल मङ्सिर १२ गते मकवानपुरको प्रसिद्ध बजार हेटौंडा निवासी गोकर्णप्रसाद पराजुली तथा आमा जयन्ती पराजुलीकी जेठी छोरी रूपमा पराजुलीसँग वैदिक विधि अनुसार नै मागी विवाह सु-सम्पन्न गरेका हुन् । रूपा पराजुलीले एम.एड.सम्मको शिक्षा हासिल गरेकी छन् । यसरी दुवै श्रीमान्, श्रीमती शिक्षित भएकाले एक अर्काको भावना बुझ्ने यी जोडीबाट एक सन्तान (छोरी) को जन्म समेत भएको छ । पराजुलीले अनलको पारिवारिक वातावरण सहज बनाउन भरमग्दुर प्रयास गरेको देखिन्छ । जसले अनलका हरेक राम्रा कार्यहरूमा हौसला र सहयोग प्रदान गर्ने गरेको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.८ सन्तान

अनलसँग वैवाहिक बन्धनमा बाँधिएकी रूपा पराजुलीले अनलका हरेक सामाजिक र साहित्यिक कार्यमा त्यत्तिकै सहयोग पुऱ्याउनुको साथै एक छोरीलाई समेत जन्म दिई आफू आमा र अनल गौतमलाई एक पिताको भूमिकामा स्थापित गराएका छन् ।

### २.८.१ मातापिता

अनल गौतमका पिताको नाम शम्भुप्रसाद गौतम हो तर कागजी रूपमा नेत्रप्रसाद गौतम हो । उनको घर काठमाडौँको बानेश्वरमा हो । उनका ३ दाजु र २

दिदीहरू थिए भने उनको मृत्यु २०४७ चैत्र १ गते हेटौंडामा भएको हो । त्यस्तै अनल गौतमकी आमा अर्थात् माताको नाम साबित्री गौतम हो । उनको माइती ललितपुरको गोदावरीमा रहेको छ । उनको पनि २०४८ साल पौष २३ गते मृत्यु भएको हो ।

## २.९ आर्थिक अवस्था

भौतिक जगत्मा बाँच्नका लागि आर्थिक अवस्थाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जीवन जीउने माध्ययमका रूपमा अर्थोपार्जन अपरिहार्य मानिन्छ । पूरातनवादी विचारमा जो व्यक्ति आर्थिक रूपमा सम्पन्न छ उसलाई समाजले माथिल्लो दर्जामा राख्ने र उनीहरूलाई तल्ला वर्गका मानिसले मान सम्मान दिने मान्यता रहदै आएको छ ।

अनल गौतमको पारिवारिक पृष्ठभूमि मध्यम वर्गीय हो । उनका पिता भूमिसुधारमा सरकारी जागिरे थिए । अनलका बुबाको जन्मथलो काठमाडौं भए पनि २००९ सालमा धोबीखोलामा आएको बाढीले घरजग्गा बगाएकोले पछि उनीहरू पुरानो वानेश्वर हुँदै २०२८ सालमा मकवानपुरको हेटौंडा बसाइ सरेको थाहा पाइन्छ । अनलका पिता सरकारी जागिरे र अनलले पनि विभिन्न निकायमा जागिरे जीवन बिताउनका लागि र अनलकै भनाइमा पनि उनको आर्थिक अवस्था मध्यमस्तरीय देखिन्छ ।

## २.१० जागिरे जीवन

अनल गौतम सानै उमेरदेखि नै काम गर्न थालेका व्यक्ति हुन् । उनी १६ वर्षको उमेरदेखि नै विभिन्न किसिमको होटल, पर्यटन, उद्योग यातायात हुँदै हाल बिमा क्षेत्र तथा विभिन्न व्यवसाय गरी जागिरे जीवन बिताइरहेका छन् ।

## २.११ संस्थागत संलग्नता

अनल गौतम आफ्नो पेसागत संलग्नता बाहेक विभिन्न कला, साहित्य र सामाजिक सेवासँग सम्बन्धित संघसंस्थामा पनि संलग्न रहेका छन् । उनी रेडक्रस

जेसिज शैक्षिक तथा साहित्यिक, सामाजिक कार्य अन्तर्गत विभिन्न संस्थाहरूमा आफ्नो क्षमता प्रदर्शन गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१२ साहित्य सिर्जनाको प्रेरणा र प्रभाव

प्रत्येक व्यक्तिलाई समाजका अन्य व्यक्तिका विभिन्न क्रियाकलाप र व्यवहारले प्रभाव पार्नु स्वभाविक हो । अग्रज वा प्रतिष्ठित व्यक्तित्वको विचार र चिन्तनले जोसुकैलाई पनि प्रभाव पार्न सक्छ । समाजका हरेक क्षेत्रका व्यक्तिहरूको प्रभाव र प्रेरणाले गर्दा प्रत्येक व्यक्तिले आफ्नो जीवनको मार्गचित्र कोर्दै आफ्नो उद्देश्यसम्म पुग्न सफल हुन्छ । वस्तुतः अनल गौतमले पनि साहित्य सिर्जना र लेखनका क्रममा समाजका विभिन्न व्यक्तिहरू, वातावरण, परिवेश र परिस्थिति आदिबाट प्रशस्त प्रेरणा र प्रभाव ग्रहण गरेको देखिन्छ ।

बाल्यकालदेखि नै गीत सङ्गीत, साहित्य, भ्रमण आदिमा विशेष रुचि राख्ने अनल गौतम सानै उमेरदेखि नै साहित्यानुरागीको प्रथम शिक्षालय र प्रेरणाको स्रोत उसको घर परिवार नै हुन्छ । त्यसपछि विद्यालय अनल गौतमले पढ्ने विद्यालयका गुरु श्री हयग्रीव आचार्य र स्वर्गीय दाजु भीम बिरागबाट साहित्य रचनाका लागि प्रेरणा प्राप्त गरेको देखिन्छ ।

विभिन्न व्यक्तिबाट प्राप्त भएको प्रेरणालाई मूर्तरूप दिन अनल गौतमले विभिन्न समयमा कथा, कविता, हाइकु आदिजस्ता कृतिको रचना गरेका छन् ।

## २.१३ व्यक्तिगत रुचि र स्वभाव

हरेक व्यक्तिमा आ-आफ्नै खालका रुचि र स्वभाव हुन्छन् । त्यसैले व्यक्तिको व्यक्तित्व निर्माण गर्दछ । अनलमा पनि आफ्नै किसिमको रुचि तथा स्वभाव रहेको देखिन्छ । अनल बाल्यकालदेखि नै साहित्य सिर्जनातर्फ रुचि राख्ने हुनाले विद्यालय स्तरमा नै विभिन्न साहित्य कार्यक्रमहरूमा कविता वाचन गर्ने गर्दथे । जसले गर्दा अहिले उनलाई एउटा सफल साहित्यकार हुन सहयोग पुग्यो । मानिस समाजमा नै जन्मन्छ, समाजमा नै हुर्कन्छ र समाजमा नै बाँचिरहेको हुन्छ । त्यसकारण उसलाई समाज बोध भइरहन्छ । मानिसलाई समाजका विभिन्न क्रियाकलाप तथा सामाजिक कार्यहरूमा

आफूलाई संलग्न गराउन मन पर्छ । अनल गौतम पनि विभिन्न सामाजिक कार्यहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न रहँदै आइरहेका छन् । अनलमा रहेका विविध रुचि मध्ये समाजसेवा पनि एक हो । समाजका विविध समस्यासँग परिचित अनल कसैलाई चित्त नदुखाउने नराम्रो काम सकभर नहोस् भन्ने र आफूसँग सहयोग माग्न आउने जति सबैलाई सक्दो दुःख निवारण गर्न रुचाउने स्वभाव भएका सहयोगी भावना अनलमा रहेको पाइन्छ ।

अनल गौतम साहित्यका अतिरिक्त सङ्गीत सुन्न विभिन्न ठाउँको भ्रमण गर्न समाज सेवा गर्न आदिमा रुचि राख्ने व्यक्ति हुन् । विद्यालय उमेरमा नै विभिन्न कविता रचना गरी साहित्यप्रति देखाएको रुचिका कारणले साथै अनलको साहित्यिक अनुभूति र प्रतिभा देखेर उनका गुरु हयग्रीव आचार्यले उनको निकै प्रशंसा गरेको पाइन्छ । भावुक स्वभावका अनल अरुको दुःखले अझ बढी दुःखी हुन्छन् । धार्मिक र सामाजिक क्षेत्रमा काम गर्न मन पराउने अनल विभिन्न शान्त र एकान्त स्थानहरूको भ्रमण गर्न मन पराउँछन् । सबै किसिमका जिम्मेवारी पूरा गर्दा आनन्द मान्ने अनल रगतको भन्दा भावनाको सम्बन्धमा बढी विश्वास गर्छन् । टेलिभिजन हेर्न रुचि राख्ने अनल विभिन्न व्यक्तिसँगको सम्बन्धलाई औधी मन पराउँछन् । तिहार पर्व विशेष मन पराउने अनलले जातजातिमा भने पटक्कै विश्वास गर्दैनन् ।

## २.१४ सम्मान तथा पुरस्कारहरू

नेपाली साहित्यका क्षेत्रमा भर्खरै सक्रियता प्रदर्शन गरिरहेका उनका कृतिहरूको विस्तृत अध्ययन वा अनुसन्धान हुन नसके पनि के कारण अनुसन्धान हुन नसके के कारण उनले हालसम्म कुनै सम्मान तथा पुरस्कारहरू प्राप्त गर्न सकेका छैनन् । उनका प्रकाशित कृतिहरूको बारेमा गहिरो अध्ययन हुन जरुरी देखिन्छ ।

## २.१५ राजनीतिक जीवन

कलिलो उमेरदेखि नै साहित्य सिर्जनामा र समाजसेवा लगायतका क्षेत्रमा सक्रियतापूर्वक लागि परेका अनल गौतम पार्टीगत रूपमा कुनै पनि राजनीतिक

संस्थामा संलग्नता रहेको देखिदैन । अनलकै भनाइमा उनीलाई कुनै पनि दलीय राजनीतिमा संलग्नता छैन र हुने रुचि पनि देखिदैन ।

तर पनि लोकतान्त्रिक मूल्य र मान्यताप्रति आँच आउने काम भएमा उनी त्यसको विरोध गर्न पछि पर्दैनन् ।

## २.१६ भ्रमण

कुनै पनि काम विशेषले अर्थात् अध्ययन अनुसन्धान वा अवलोकनका निमित्त स्वदेश तथा विदेशको कुनै पनि भागको व्यक्तिगत तथा संस्थागत रूपमा घुमफिर गर्ने कामलाई भ्रमण भनिन्छ । अनल गौतम स्वदेश भ्रमणका सम्बन्धमा नपुगेको ठाउँ कमै होलान् । विभिन्न समाज सेवाको सन्दर्भ वा पेसागत सन्दर्भ आदिमा अनले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न स्थानमा पुगेका छन् । वैदेशिक भ्रमणको सम्बन्धमा अनल गौतम धार्मिक पर्यटकको रूपमा भारतको विभिन्न धार्मिक स्थल र सिङ्गापुरसम्म पुगेका छन् ।

## २.१७ आध्यात्मिक जीवन

अध्यात्मप्रति गहिरो रुचि र चिन्तन भएका अनल गौतम बाल्यकालदेखि नै बाबुआमाबाट नै प्रभावित भएको देखिन्छ । बाल्यकालमै उनकी आमाले विभिन्न धार्मिक ग्रन्थहरूको अध्ययन गर्दा उनी खुब रुचिका साथ सुन्ने गर्दथे । बुबा आमा आध्यात्मिक भएकोले उनमा यो पारिवारिक गुण बाल्यकालदेखि नै रहेको देखिन्छ । उनी ओशो केन्द्र तथा विभिन्न धार्मिक तथा एकान्त क्षेत्रहरूमा बसी ध्यान गर्ने गर्दछन् । दुःखीको उपकार नै परम धम र परपीडा नै महापाप हो भन्ने उनको मान्यताबाट पनि उनको आध्यात्मिक जीवनको बारेमा बुझ्न सकिन्छ ।

## २.१८ तालिम

सधैं सक्रिय जीवन मन पराउने अनलले हालसम्म पत्रकारिता, लेखा, सही जीवन, बैकिङ क्वालिटी प्रोडक्सन, होटल व्यवस्थापन लगायतका विभिन्न तालिमहरू

हेटौडा, विरगञ्ज, काठमाडौं, भारत तथा सिङ्गापुरबाट लिएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१९ सृजनात्मकता

आधुनिक नेपाली साहित्यसेवी अनल गौतमले कलिलै उमेरमा साहित्यलाई दिएको योगदानबाट उनको सृजनात्मक परिचय पाउन सकिन्छ । साहित्य सिर्जनाका साथै अनलमा द्वन्द्व व्यवस्थापन, काउन्सिलिङ दक्षताका साथै कुशल ड्राइभिङ र मिठो खाना बनाउने सीप पनि रहेको देखिन्छ ।

## २.२० सामाजिक जीवन

अनल गौतम विभिन्न सामाजिक तथा सांस्कृतिक र शैक्षिक गतिविधिमा सक्रिय रहने गर्दछन् । विभिन्न दुःखी, गरिब, बृद्व, बृद्वा तथा बालबालिकाहरूको निरन्तर सहयोगमा लागिरहने अनलको सामाजिक जीवन अन्य व्यक्तिको तुलनामा निकै भिन्न छ । समाजमा निकै संघ संस्थाहरूको माध्यमबाट सक्रिय रहे तापनि ती संस्थाहरूमा व्यक्तिगत तथा एकलौटी विचार हावी हुने गरेको कारण आजकाल अनल गौतम संघसंस्था मार्फत् भन्दा पनि व्यक्तिगत रूपमै विभिन्न सामाजिक सेवामा सक्रिय छन् । विशेष गरी उनले बृद्व, बृद्वा असाहय बालबालिकाको साथै विविध सामाजिक कार्य गर्ने गरेका छन् ।

## २.२१ जीवन दर्शन, विश्वास र मान्यता

मध्यम वर्गीय परिवारमा जन्मेका अनल बाल्यकालदेखि नै परिश्रमी मिहिनेती हुने पाठ सिक्दै र गर्दै आएका हुनाले आफ्नो जीवनको केही समय समाज सेवामा लगाउनु पर्छ भन्ने मान्यताले गर्दा अनलले आफूलाई समाज सेवामा संलग्न गराएको देखिन्छ । अनल समाजलाई न्याय गरे आफूलाई पनि राम्रै फल मिल्ने विश्वास राख्छन् । सबै मानिसको जीवनप्रति आ-आफ्नै धारणा हुन्छ भने जस्तै अनल पनि जीवन भनेको संघर्षशील भएको र यस संघर्षशील जीवनलाई सफलतापूर्वक व्यतीत गर्दै र जीवनमा

आइ परेका समस्याहरूलाई समाधान गर्दै अगाडि बढ्न सक्नु जीवन हो भन्ने मान्यता राख्दै रचनात्मक संघर्षमय जीवनप्रति विमुख भएर होइन सम्मुख भएर जानु पर्ने आदर्शवादी भावना भएका व्यक्ति हुन् । अनल जीवन भोगाइसँग संघर्ष गर्दा कहिलेकाही परम जन्म र पूर्व जन्ममा पनि विश्वास गर्नुपर्ने स्थिति हुँदोरहेछ भन्छन् । ईश्वरप्रति पनि उत्तिकै आस्था र विश्वास राख्ने साहित्यकार अनल गौतम जीवन भोगाइका क्रममा मानिसले अदृश्य शक्तिलाई पनि केही समय दिनुपर्छ भन्ने मान्यता अनुरूप बिहान उठ्ने बित्तिकै एकाध घण्टा योग र ध्यानमा आफूलाई व्यतीत गराउने र यसबाट दैनिक जीवनमा सकारात्मक उर्जा प्राप्त हुने विश्वास राख्छन् । भगवानको आस्था सँगसँगै मानव जीवन र जीवनका भावनालाई प्राथमिकता दिनु पर्छ भन्ने अवधारणा पनि उनमा रहेको छ । अनल गौतमको जीवन दर्शन मानवतावादी मानिन्छ । मानव भएर जन्म लिएपछि मानव जगत् राष्ट्र र राष्ट्रियताको निमित्त राम्रो काम गर्नु नै मानव धर्म हो भन्ने अनल साहित्यलाई जीवनको दर्पण मान्दछन् । जीवन भोगाई छरछिमेकका घटना आदि वास्तविक यथार्थ र साँचो अनुभवलाई नै साहित्यमा समेट्ने भएकाले जीवनसँग साहित्य कहिल्यै अलग्गिन सक्दैन भन्ने धारणा अनलमा पाइन्छ ।

## २.२२ लेखन कार्य र प्रकाशित कृतिहरू

अनल गौतम बाल्यकाल अर्थात् विद्यार्थी जीवनदेखि नै साहित्य लेखनमा लागेको देखिन्छ । सानै उमेरदेखि विभिन्न प्रकारका साहित्यिक लेख, कविता, आदि रचना गर्ने तर प्रकाशित नगरी त्यत्तिकै जतन गरी नराख्ने उनको बानीले गर्दा उनका सबै लेखहरू प्राप्त गर्न सकिएको छैन ।

विभिन्न व्यक्तिबाट प्राप्त भएको प्रेरणालाई मूर्तरूप दिन अनल गौतमले २०६४ मा शुभप्रभात हाइकु रचना गरे भने २०६७ मा चिनारी कविता सङ्ग्रह प्रकाशित गरे । त्यसको लगभग ३ वर्षपछि २०७० मा घाटघाटका कथा वा कथोपन्यास प्रकाशित गर्न भ्याएका अनलले भर्खरै सरसी गीति एल्बम बजारमा ल्याएका छन् ।

प्रकाशित कृतिहरूको सूची

१) ‘शुभप्रभात’ (२०६४) हाइकु

२) ‘चिनारी’ (२०६७) कविता सङ्ग्रह

३) ‘घाट घाटका’ कथा (२०७०) कथा सङ्ग्रह

४) ‘सरसी’ (२०७०) गीति एल्बम

## २.२३ निष्कर्ष

अनल गौतमको जन्म वि.सं. २०३८ साल असार १७ गते भएको हो । संभ्रान्त परिवारमा हुर्केका अनलले हेटौडाको बाल ज्योति माध्यमिक विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेका हुन् । त्यसपछि हेटौंडाको मकवानपुर बहुमुखी क्याम्पसबाट आइ.कम. र हाल ल क्याम्पसमा एल.एल. विभागमा अध्ययनरत रहेका छन् । वि.सं. २०५५देखि नै विभिन्न होटल, पर्यटन उद्योग, यातायात हुँदै हाल बिमा क्षेत्रमा कार्यरत छन् । सरल र सहज स्वभावका अनल नेपाली साहित्यमा कविता, गीत, कथा जस्ता विविध विधामा आफ्नो प्रतिभा देखाइसकेका छन् । उनी साहित्यिक सिर्जना बाहेक समाज सेवामा रमाउने व्यक्ति पनि हुन् । बहुमुखी प्रतिभाका धनी अनल साहित्यको विकासका साथै समाज सेवाको क्षेत्रमा समेत आफ्नो छुट्टै पहिचान कायम गरेका छन् ।

**अध्याय-तीन**

# अनल गौतमको व्यक्तित्वको अध्ययन

## ३. परिचय

हरेक व्यक्तिको आफ्नै पहिचान हुन्छ । कुनै व्यक्तिको पहिचान भनेकै उसको व्यक्तित्व हो । जसको आधारमा ऊ समाजमा परिचित हुन्छ । यसका लागि प्रतिभा, लगनशीलता, क्षमता, बौद्धिकता र विचारका विविध आधार नै व्यक्तित्वको निर्माण गर्न आवश्यक कारक तत्व हुन् भन्न सकिन्छ । एउटा व्यक्तिले जीवनमा साहित्यकार,

वैज्ञानिक, समाजसेवी, प्रशासक, खेलाडी, राजनीतिज्ञ, दार्शनिक आदि व्यक्तित्व आर्जन गर्न सक्छ । व्यक्तित्व आर्जन गर्ने पद्धति, विधि र तरिका भने फरक फरक हुने गर्दछ ।

प्रत्येक मानिसको आ-आफ्नो व्यक्तित्व हुन्छ र आ-आफ्नो निजत्व हुन्छ । प्राय व्यक्तिको आन्तरिक तथा बाह्य गरी व्यक्तित्वको दुई पाटा हुन्छन । शारीरिक रूपमा देखिने पहिलो व्यक्तित्व बाह्य व्यक्तित्व हो भने मानसिक रूपमा निर्मित भएको व्यक्तित्व नै आन्तरिक व्यक्तित्व हो । आन्तरिक व्यक्तित्वको आभूषणले नै व्यक्तिहरूको महिमा स्थान उच्च तहमा पुर्‍याउने कार्य गरेको हुन्छ । अनल गौतमको व्यक्तित्वको निर्माण उपयुक्त तथ्यको आधारमा भएको मान्न सकिन्छ । वस्तुतः अनल गौतमको व्यक्तित्व निर्माणका लागि आवश्यक विविध पक्ष रहेका छन् । व्यक्तित्व भनेको व्यक्तिका गुण, अवगुण र उसले हासिल गरेको सामाजिक मान मर्यादा, व्यक्ति, निष्ठ, आन्तरिक र बाह्य यावत पक्षको प्रस्तुतीकरण गर्ने परिचायक पनि हो । यसलाई कुनै पनि निश्चित प्रकार र एउटा कोणमा मात्र राखेर हेर्न सकिदैन तापनि व्यावहारिक सुविधाका लागि विभिन्न आधारहरूमा मानवीय व्यक्तित्वको वर्गीकरण गरेको पाइन्छ । व्यक्तित्वको निर्धारणमा वंशाणुक्रम, जैविक र सामाजिक तत्वको महत्वपूर्ण प्रभाव रहने गर्दछ । यस्ता जैविक निर्धारकहरूमा वंशानुयुक्त शारीरिक गठन, स्वभाव, शरीर रसायन र स्नायु मण्डलको विशेष प्रभाव परिरहेको हुन्छ भने सामाजिक निर्धारकहरूमा जीवनका प्रारम्भिक वर्षको प्रभाव परेको हुन्छ । यसै गरी मानवीय व्यक्तित्वको निर्माणमा पारिवारिक रहन सहन विचार र व्यवहार जस्ता सांस्कृतिक कुराहरूको पनि विशेष भूमिका रहन्छ ।

यसै गरी मनोवैज्ञानिक आधारमा मानवीय व्यक्तित्वलाई अन्तरमुखी र बहिर्मुखी गरी दुई भागमा बाँडेर पनि हेर्न सकिन्छ । अन्तरमुखी व्यक्तित्व सफल साहित्यकार तथा दार्शनिकहरूमा पाइन्छ भने बहिरमुखी व्यक्तित्व सफल प्रशासक र सामाजिक कार्यकर्तामा रहेको हुन्छ । यस प्रकार अनल गौतममा व्यक्तित्वको उपर्युक्त पक्षहरू मिश्रित रूपमा आएका छन् । पृष्ठभूमिमा साहित्यकार अनलको व्यक्तित्व निर्माणको पक्षलाई हेर्दा उनको पारिवारिक जीवन जगत्बीचका इतिहासको अध्ययन र विश्लेषण गर्नु पर्छ । अनल गौतम मध्यम वर्गीय पारिवारिक परिवेशमा हुर्के बढेका व्यक्ति हुन् ।

शिक्षित परिवारमा जन्मेका हुनाले अनललाई व्यक्तित्व विकासमा सही मार्गनिर्देशन भएको पाइन्छ ।

यस अध्याय अन्तर्गत अनल गौतमको व्यक्तित्वको विविध आयामहरू जस्तै बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, सार्वजनिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, गीतकार व्यक्तित्व, प्रशासकीय व्यक्तित्व आदिको वारेमा अनुसन्धनात्मक अध्ययन गरिएको छ ।

## ३.१ व्यक्तित्वको पृष्ठभूमि

हरेक मानिसले आफ्ना व्यावहारिक क्रियाकलापका साथै आचरण र उसको परिवेशबाट व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवन भोगाईमा आउने विविध घटना, जीवनका चापप्रति चाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडले प्रमुख भूमिका खेलेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक रुचि, पेसा, शिक्षा-दीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । यी विभिन्न परिवेशबाट निर्मित अनल गौतमको व्यक्तित्वलाई यसप्रकार हेर्न सकिन्छ :

### ३.१.१. बाह्य व्यक्तित्व

व्यक्तित्वको बाहिरी रूपबाट अनुभव गर्न सकिने व्यक्तित्वलाई बाह्य व्यक्तित्व भनिन्छ । बाह्य व्यक्तित्व अन्तर्गत व्यक्तिको शारीरिक बनावट र आकार प्रकार पर्दछ । बाह्य व्यक्तित्व व्यक्तिलाई देख्ने बित्तिकै ऊ बारे जानकारी दिने सूचक हो । अनल गौतमलाई यस अनुरूप हेर्दा निम्न कुराहरू देखा पर्दछन् । हाल ९० के.जी. तौल भएका, उचाई ६ फुट, भएको काले वर्ण ठुलो चौडा निधार सुहाउँदो अनुहार, आँखामाथि निधारमा झ्याप्प बाक्ला आँखीभैं, ठुला-ठुला आँखा, मिलेका दाँत, पुष्ट अनुहार, सुहाउँदो दाह्री जुँगा खौरिने गरेका चटक्क स्त्री लगाई मिलाएर लगाएको पहिरनले र खाइलाग्दो ज्यान भएकोले झट्ट हेर्दा उनको बाह्य व्यक्तित्व आकर्षक देखिन्छ ।

### ३.१.२. आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भावात्मक कुरो हो । अनुमानित गरेर यसको परिचय दिनु पर्ने भएकोले र साधारणतया सबै जसो मानिसका धेरै थोरै शील -स्वभाव, चिन्तन-मनन स्वयम् आचरण प्रवृत्ति मिल्दा जुल्दा नै देखिने भए पनि यो व्यक्ति अनुसार फरक फरक किसिमको हुनु स्वभाविकै हो । बाह्य व्यक्तित्व भौतिक ढाँचाका साथै उसका क्रियालापका आधारमा स्वतः निर्मित हुँदै जान्छ भने आन्तरिक व्यक्तित्व निर्माणमा ऊ स्वयम्को निजी कर्महरूबाट भएको अन्तर विकासबाट विकसित हुने गर्दछ । अर्थात् आन्तरिक व्यक्तित्व भित्री गुणसँग सम्बन्धित हुन्छ । अतः व्यक्तिको व्यक्तित्व निर्माणमा ऊ वरिपरिको समाज एवम् सम्पूर्ण परिवेशले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । साथै आर्थिक, सामाजिक धरातल, पारिवारिक रहन सहन, पेसा, धर्म, लिङ्ग व्यावसाय आदिले यसमा यथेष्ट प्रभाव पारेको हुन्छ । जसले गर्दा आन्तरिक व्यक्तित्व नै वास्तविक रूपमा मानवीय मूल्य हो ।

अनल गौतमको आन्तरिक व्यक्तित्व सरल, शान्त, स्वच्छ र निश्चल प्रकृतिको पाइन्छ । सफा मन, सहयोगी भावना, सरल व्यवहार, चिन्तनशील र केही गम्भिर अनलका आन्तरिक व्यक्तित्वका निर्धारकका तत्व हुन् । सकारात्मक सोच राख्नु पर्छ भन्ने मान्यता बोक्ने अनल बोलिरहने र  कहिलेकाँही ख्याल ठट्टा गर्न पनि पछि नपर्ने तटस्थ, सत्यवादी, सनातन धर्म संस्कृतिप्रति सधैं आस्था राख्ने स्वाभिमानी र स्वावलम्बी व्यक्तित्वको रूपमा अनलको आन्तरिक व्यक्तित्व अभिव्यक्त भएको पाइन्छ । आफूसँग परिचित जोसुकैसँग पनि नम्रतापूर्वक मिठो बोली बचन गरी सबैसँग आत्मीय व्यवहार गर्न सक्ने गुण उनमा निहित छ । दया र करुणाको प्रतिमूर्ति जस्तै लाग्ने उनको स्वभावबाट प्रस्टिन्छ । तेत्तिकै परिश्रमी कुनै काम सुरु गरेपछि त्यसलाई निरन्तरता दिएर नसिद्ध्याउन्जेल लागिरहने तथा अरुको सामु आफ्ना कुराहरू स्पष्टसँग राख्ने गर्दछन् ।

जीवनका तेत्तीसौं वसन्त पार गरिसकेका अनल सुन्दर र स्वस्थ हुनुको साथै नव जवान नै देखिन्छन् । अनल आफ्नो पारिवारिक दायित्वप्रति औधी जिम्मेवार हुनका साथै साहित्य साधनामा निरन्तर संलग्न रहदै आएका छन् । यस प्रकार अनलको आन्तरिक

व्यक्तित्वको अवलोकन गर्दा उनमा इमान्दारिता, कर्तव्य परायणता, सकारात्मक्ता, यथार्थवादिता, निर्भिकता, निडर तथा अदम्य साहस जस्ता आन्तरिक विशेषता पाइन्छन् ।

## ३.१.३. सार्वजनिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकोले ऊ समाजमा घुलमिल भएर बस्न चाहन्छ । समाजसँगको व्यक्तित्व व्यवहारले नै सार्वजनिक व्यक्तित्वको निर्माण गर्ने गर्छ । समाजमा रहेर सामाजिक कार्यहरूमा र त्यसबाट व्यक्तिमा देखा परेका प्रभाव सार्वजनिक, व्यक्तित्व अन्तर्गत पर्दछ । व्यक्तिले समाजलाई जुन प्रभाव र प्रेरणा प्रदान गर्दछ, त्यही नै सार्वजनिक व्यक्तित्वभित्र पर्दछ ।

अनल गौतमले ३४ वर्षको उमेरसम्म आइपुग्दा सेवा र साहित्यको अभिवृद्धितर्फ प्रयासरत अनलको सार्वजनिक व्यक्तित्वभित्र देखिने महत्वपूर्ण पक्षलाई निम्न अनुसार हेर्न सकिन्छ :

## ३.१.४. साहित्यिक व्यक्तित्व

साहित्यकार अनल गौतमको साधक र सिर्जनशील व्यक्तित्वलाई नै साहित्यिक व्यक्तित्वको रूपमा मानिएको छ । उनको साहित्यिक व्यक्तित्व मुख्य रूपमा कवि, गीतकार, कथाकारका रूपमा विस्तारित भएको देखिन्छ । विभिन्न स्थानीय साहित्यकारहरू र ग्राम्य परिवेशबाट प्रेरणा र प्रभाव ग्रहण गरेका अनलले तेह्र चौध वर्षको कलिलो उमेरदेखि नै साहित्यको क्षेत्रमा कलम चलाउन थालेका हुन् भने विक्रम सम्वत् २०६४ मा प्रकाशित शुभप्रभात हाइकुबाट उनको साहित्यिक स्रष्टाको सफल रूप सार्वजनिक हुन पुग्छ । यसपछि विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा आफ्ना साहित्यिक सिर्जनाहरू प्रकाशित गर्दै अगाडि बढेका अनलको २०६७ मा चिनारी कविता सङ्ग्रह सार्वजनिक हुन पुग्यो । त्यसै गरी अनलले घाटघाटका कथा सङ्ग्रह र एउटा गीति एल्वम सरसी प्रकाशित गरिसकेका छन् ।

## ३.१.५. कवि व्यक्तित्व

साहित्यकार अनल गौतमको एउटा प्रमुख साहित्यिक स्रष्टा व्यक्तित्वको रूपमा कवि व्यक्तित्वलाई लिइन्छ किन कि साहित्यिक विद्याहरूमा सबै भन्दा बढी अनलले कविता विद्यामा कलम चलाएका छन् । अनलको कवि व्यक्तित्व औपचारिक रूपमा २०६४ मा प्रकाशित शुभप्रभात हाइकुबाट आरम्भ हुन्छ । यहाबाट निरन्तर रूपमा साहित्यका विभिन्न फाँटमा कलम चलाउँदै आइरहेका अनलको प्रथम प्रकाशित कृति शुभप्रभात हाइकु हो । त्यसैगरी विक्रम सम्वत् २०६७ मा अनलको अर्को कविता सङ्ग्रह चिनारी नेपाल स्रष्टा समाज काठमाडौँबाट प्रकाशित गरी आफ्नो प्रतिभा देखाइसकेका अनलका कवितामा प्रशासनिक सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर प्रखर व्यङ्ग्य सामाजिक, पौराणिक, आध्यात्मिक-प्राकृतिक विषयवस्तुको प्रस्तुति विम्व प्रतीकहरूको प्रचुर मात्रामा प्रयोग, जीवनलाई हेर्ने नयाँ दृष्टिकोण, अभिव्यक्तिको नवीन प्रस्तुति, युगीन सचेतन, सरल, सहज र सम्प्रेष्य भाषाका माध्ययमबाट वास्तविक यथार्थको अभिव्यक्ति, राष्ट्रराग र देशप्रेम जस्ता विशेषता पाइन्छन् । यसरी अनलद्वारा प्रकाशित शुभप्रभात हाइकु सङ्ग्रह र चिनारी कविताको अध्ययन गर्दा उनको कवि व्यक्तित्व उल्लेख्य देखिन्छ ।

### ३.१.६. कथाकार व्यक्तित्व

विद्यार्थी अवस्थाबाटै छिटफुट रूपमा कथा लेख्ने गरेका अनलको साहित्यक साधनाको क्षेत्र भनेको कथा विधा पनि हो । उनले घाटघाटका कथा २०७० प्रकाशित गरी नेपाली समाजमा रहेका भोका, नाङ्गा तथा गरिब, दुःखीहरूको दयनीय अवस्थाको चित्रण, सामाजिक विकृति, सहरिया तथा गाउँले परिवेश, स्थानीय रङ्ग, प्रशासनिक रूपमा देखा परेको भ्रष्टाचार, दुराचार, बेरोजगार, नारी समस्याको उजागर आदिको सफल चित्रण गरिएको छ । यसरी अनल गौतमको घाटघाटका कथा अध्ययनबाट उनी नेपाली समाजमा उत्कृष्ट कथाकारको रूपमा रहेको तथ्य स्पष्ट हुन्छ ।

### ३.१.७. गीतकार व्यक्तित्व

साहित्यकार अनल गौतमको साहित्यिक व्यक्तित्वका विविध पाटाहरू मध्ये गीतकार व्यक्तित्व पनि एउटा प्रमुख पाटो हो । साहित्यका अन्य विधा कथा कविता

भन्दा पछाडि मात्र गीत साहित्यतर्फ कलम चलाउन थालेका अनल जीवनका विभिन्न आरोह र अवरोहबाट प्रभावित भई गीत लेखनतर्फ आकृष्ट भएको बताउँछन । बाल्यकालदेखि नै विभिन्न रोमान्टिक गीत रचनामा खप्पिस अनल गौतमले २०७० मा 'सरसी' गीति एल्बम बजारमा ल्याएर आफूलाई एक गीतकार व्यक्तित्वका रूपमा स्थापित गराएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### ३.१.८. सामाजिक व्यक्तित्व

सामाजिक व्यक्तित्व भन्नाले व्यक्तिले समाजप्रति गरेका क्रियाकलापका आधारमा उसलाई चिन्नु हो । सबै मानिसले सामाजिक दायित्वप्रति आफूलाई चाहेर पनि समर्पित गर्न सकिरहेका हुँदैनन् । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक तथा सामूहिक हितका लागि कार्य गरेर समाजमा प्रतिष्ठित हुनुलाई नै सामाजिक व्यक्तित्वको रूपमा लिइन्छ । त्यस्तो व्यक्ति मात्र समाजप्रति निस्वार्थ भावनाले लाग्छ । जसले आफू बसोबास गरेको समाजको परिवर्तन उन्नति र प्रगति चाहन्छ । त्यस्ता सामाजिक परिवर्तनका बाहेकहरू समाजलाई विकसित तुल्याउँदै आफू पनि समाजमा प्रतिष्ठित बनेर सम्मानित व्यक्तित्वको रूपमा परिचित भई मृत्युपश्चात् पनि सधैँ अमर बन्न चाहन्छन् । यस्तै समाजसेवी व्यक्तित्वको रूपमा अनललाई पनि चिन्न सकिन्छ ।

सुन्दर समाजको विकसित रूपलाई साकार तुल्याउने मानिसहरू दुई प्रकारले समाजप्रति उत्तरदायी बनेका हुन्छन् । केही व्यक्तगत रूपमा समाज सेवामा संलग्न हुन्छन् भने केही चाहिँ सामूहिक वा संस्थागत रूपमा समाज उपयोगी कार्यमा लागेका हुन्छन् । यस्ता समाजसेवीहरू मध्ये अनल गौतम व्यक्तिगत तथा संस्थागत दुवै रूपमा नै सामाजिक सेवामा आबद्व रहेका छन् ।

अनल गौतम विभिन्न सामाजिक तथा सांस्कृतिक र शैक्षिक गतिविधिमा सक्रिय रूपमा सहभागी भई सहयोग पुऱ्याउने व्यक्तित्व हुन् । भौतिक तथा आर्थिक सहयोग दिन र जुटाउन यिनी अभ्यस्त देखिन्छन् । अनल आफूले चाहे जति शिक्षा हासिल गर्न नपाएका कारण रोल्पाको निकै दुर्गम स्थानमा रहेको जनता माध्यमिक विद्यालयका ५०० जना विद्यार्थीहरूलाई १० लाख बराबरको शैक्षिक सामग्री प्रदान गर्नुको साथै १५

दिनसम्म त्यस्ता बालबालिकालाई पढाउने काम गरी हरेक वर्ष यसरी नै विकट जिल्लाका एक- एक विद्यालयमा यो सेवालाई अभियानकै रूपमा सञ्चालन गर्ने योजना बोकेका अनलले थुप्रै धार्मिक मन्दिर, सामाजिक संघसंस्थालाई यथासक्य र भौतिक सहयोग गरिरहेका छन् । यी आदि कार्यले अनललाई सामाजिक व्यक्तित्वको रूपमा लिन सकिन्छ ।

### ३.१.९. राजनीतिक व्यक्तितत्व

मानिस स्वतन्त्र रूपमा जन्मेर उसले आफ्नो विचारको स्वतन्त्र सदुपयोग गर्न पाउनु पनि मानव अधिकारमा आउने महत्वपूर्ण पक्ष हो । यसै अनुरूप अनल गौतमले पनि आफ्नो व्यक्तितत्व अनुसार विचारलाई आफ्नै ढङ्गले प्रस्तुत गरेको देखिन्छ । उनले समाजप्रतिको दायित्वलाई बोध गरेर सम्पूर्ण राजनीतिक व्यक्तितत्वलाई समाज सुधारमा लाग्न सल्लाह दिने गरेका छन् । अनल गौतममा समाजसेवी विचार भएकोले यसै सिलसिलामा आफूलाई स्वतन्त्र समाजसेवी विचार भएको र वर्तमान समाजमा देखिएको असमानता र विकृतिपूर्ण राजनीतिक परिस्थितिले पनि आफू कुनै राजनीतिक दलहरूमा संलग्न नभएकोमा पूर्ण सन्तुष्टि नै रहेको बताउँछन् । अनल भन्छन् राजनीति फोहोरी खेल हो आफ्नो राजनीतिमा लाग्ने कुनै सोच छैन । मलाई राजनीति मनपर्ने क्षेत्र पनि होइन ।

### ३.१.१०. प्रशासकीय व्यक्तित्व

१६ वर्षको उमेरमा नै जागिरे जीवन सुरु गरेका अनलले होटल, पर्यटन, उद्योग, यातायात हुँदै हाल बिमा क्षेत्रमा कार्यरत रही आफ्नो प्रशासकीय तथा व्यवस्थापकीय क्षमताको प्रदर्शन गरेको पाइन्छ । हाल उनी बीमा क्षेत्रमा कार्यरत छन् । पेसागत कार्यबाट निक्लेको समयलाई उनले सिर्जना तथा अन्य कार्यमा लगाउने गरेका छन् । उनको प्रशासकीय र व्यवस्थापकीय व्यक्तित्व सफल र सार्थक बनेको छ ।

### ३.१.११. व्यङ्ग्यात्मक व्यक्तित्व

व्यङ्ग्यात्मकताका दृष्टिले पनि अनलको व्यक्तित्वको मूल्याङ्कन गर्न सकिन्छ । उनले आफ्ना रचना शुभप्रभात चिनारी, घाटघाटका कथा आदि कृतिमा सामाजिक तथा राजनीतिक विकृति र विसङ्गतिप्रति निकै व्यङ्ग्यात्मक भाव पोख्ने गरेका छन् । उनको कृतिमा विशेष गरी नेपाली जनताले भोग्नु परेको पीडालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ ।

### ३.१.१२. दार्शनिक व्यक्तित्व

अनल गौतम आजको जीवन बाँच्ने मानिस हुन् । उनका विचारमा मानिसको भविष्य कसैले पनि पहिल्यै अड्कलन गर्न सक्दैनन् । हाम्रो आफ्नो शरीर आफैंमा एउटा प्रयोगशाला हो । त्यसैले हामी आफूले आफैंलाई विविध प्रयोग गर्दै अगाडि बढ्नु पर्दछ भन्ने दार्शनिक विचार अनलमा रहेको पाइन्छ । मानिस भोलिका लागि नभएर आज र अहिलेकै लागि बाँच्नु पर्दछ । फलदायी हुँदासम्मको बचाई नै सार्थक बचाई हो । निरर्थक बचाईको कुनै अर्थ रहँदैन भन्ने जस्ता दार्शनिक विचार उनमा पाइन्छ ।

### ३.१.१३. आध्यात्मिक व्यक्तित्व

धार्मिक पृष्ठभूमि भएका अनल गौतमको परिवार नै उनको यस व्यक्तित्वको लागि प्रेरणाको स्रोत बनेको देखिन्छ । उनका मातापिता नै धार्मिक भएकोले यो संस्कार अनलमा पनि परिवारबाट आएको देखिन्छ । उनका बुबा आमा घरमा जहिले पनि बिहान सबैरै उठेर पूजापाठ गर्ने साधुसन्तको मान गर्ने, गरिब दुःखीप्रति आफूले सक्ने सहयोग गर्ने भएकोले अनलमा पनि यसको प्रभाव परेको देखिन्छ । अनल आमाले धार्मिक ग्रन्थहरू पढ्दा खुब चाख मानी- मानी सुन्ने गर्दथें । अनल पूर्णतः आध्यात्मिक व्यक्ति हुन्, उनी ओशो जस्ता धार्मिक संघसंस्थासँग आबद्व छन् । दुःखीको उपकार नै परम धर्म र पर पीडा नै पाप हो भन्ने उनको निजी मान्यता रहेको छ । यसरी हामी उनलाई आध्यात्मिक व्यक्तित्वको रूपमा लिन सक्छौं ।

### ३.१.१४.स्वावलम्वी व्यक्तित्व

१६ वर्षको कलिलो उमेरदेखि नै जागिरे जीवन सुरु गरेका अनलमा स्वावलम्वी व्यक्तित्व भएको पाइन्छ । सबै किसिमका जिम्मेवारी पूरा गर्न मन पराउने अनल रगतको भन्दा भावनाको सम्बन्धलाई नै बढी मन पराउँछन् । सधैं फुर्तिलो र जाँगरिलो देखिने अनल आफ्ना हरेक काम आफैं गर्न मन पराउँछन् । होटल, पर्यटन, उद्योग र यातायात हुँदै हाल बिमा क्षेत्रमा कार्यरत अनल जटिल भन्दा जटिल काम गर्न मन पराउँछन् । समूहमा बसेर विवादको अन्त्य गर्न मन पराउने अनलको व्यक्तित्व स्वावलम्वी दखिन्छ ।

## ३.१.१५. सात्विक व्यक्तित्व

विविध शान्त र एकान्त ठाउँ मन पराउने अनलले १५ वर्ष अघिदेखि नै मदिरा सेवन नगरेको सुनाउँछन् । शाकाहारी भोजन खाने अनलको एउटै कमजोरी धुम्रपान हो । अरूको दु:खमा अझ बढी दु:खी हुने अनल धार्मिक र सामाजिक क्षेत्रमा काम गर्न मन पराउँछन् । यसरी अनलले खाने भोजन मात्र सात्वयिक नभएर उनको विचार पनि सात्विक रहेको पाइन्छ ।

## ३.१.१६. परोपकारी व्यक्तित्व

आफ्नो दु:खभन्दा अरूको दु:खमा अझ बढी दु:खी हुने अनल चञ्चले स्वभावका भए पनि निकै परोपकारी गुणले युक्त देखिन्छन् । दु:खी केटाकेटी र बृद्ध-बृद्धाको सेवा गर्न मन पराउने अनलले बेला- बेलामा विभिन्न बृद्धाश्रमहरूमा गई बृद्ध-बृद्धाको सेवा गर्ने गरेको थाहा पाइन्छ । साना- साना भाइबहिनीहरूलाई असल शिक्षा प्रदान गरी उनीहरूलाई समाजका विविध पाटासँग साक्षात्कार गराउने काममा निरन्तर लागी पर्ने गर्दछन् । दुर्गम क्षेत्रका बालबालिका शिक्षाबाट बञ्चित नहुन् भनी बेला- बेलामा विभिन्न शैक्षिक सामग्रीहरू उपलब्ध गराउने अनलका जीवनका पाटाहरूलाई केलाउँदा उनमा स्पष्ट रूपमा परोपकारी व्यक्तित्व रहेको पाइन्छ ।

## ३.१.१७. सिजर्नात्मक व्यक्तित्व

आधुनिक नेपाली साहित्यका उदाउँदा साहित्यसेवी अनल गौतमले कलिलै उमेरमा साहित्यलाई दिएको योगदानबाट उनमा सृजनात्मकता प्रतिभा प्रशस्त रहेको देखिन्छ । व्यक्तिगत र पारिवारिक विभिन्न समस्यासँग जुध्दै साहित्य साधनालाई आफ्नो प्रमुख लक्ष्य बनाएका अनलले बाल्यकालदेखि नै अनौपचारिक रूपमा साहित्य साधनामा जुटेको पाइन्छ । जसको परिमाण स्वरूप उनले ३३ वर्षको उमेर पार गर्न नपाउँदै 'शुभप्रभात' हाइकु सङ्ग्रह, 'चिनारी' कविता सङ्ग्रह, 'सरसी' गीति एल्बम जस्ता विविध विधामा कृति निर्माण गरी आफ्नो सृजनात्मक व्यक्तित्वको परिचय दिएका छन् ।

साहित्यिक सिर्जनाका अतिरिक्त अनल गौतममा द्वन्द्व व्यवस्थापन र काउन्सिलिङमा पनि निकै दक्ष व्यक्तिका रूपमा चिनिने गर्दछन् । सधैँ खाना नबनाए पनि बनाउनु पर्दा निकै मिठो खाना बनाउने अनल गौतमको भन्नुपर्ने अर्को कुशल सीप दक्ष ड्राइभिङ पनि हो । अर्थात् अनल गौतम निकै राम्रो ड्राइभिङ गर्ने व्यक्ति हुन् ।

## ३.२ निष्कर्ष

कतिपय मानिसले जीवनको सुरुदेखि नै संघर्ष गर्दै आइरहेका हुन्छन् । उसले ती सुरुका दिनमा गरेका संघर्षहरू नै आफ्नो व्यक्तित्व निर्माण गर्ने आधार बन्दछ । झट्ट हेर्दा हलका कालो वर्ण, हृष्ट पुष्ट शरीर लगभग ५.५ फिट शारीरिक लम्बाई हसिलो मुखाकृति भएका साहित्यकार अनल सरल, शान्त, स्वच्छ र निश्चल प्रकृतिका लाग्छन । त्यस्तै गरेर उनमा चाहिने भन्दा बढी नबोल्ने तर कहिलेकाहीँ ख्याल ठट्टा गर्न पनि पछि नपर्ने सत्यको पृष्ठपोषक, स्वावलम्वी, स्वाभिमानी गुण शोध नायकमा निहित रहेको पाइन्छ । त्यस्तै निडर नम्र बोल्ने आत्मीय व्यवहार परिश्रमी र जुझारु जस्ता मानवीय स्वभाव उनका व्यक्तित्वको मुख्य पाटो मान्न सकिन्छ ।

साहित्यकार गौतमले पनि आफ्नो व्यक्तित्व निर्माण गर्ने क्रममा विभिन्न संघर्ष गर्दै आरोहण अवरोहका बाबजुद आफूलाई एउटा सफल साहित्यकार र कुशल प्रशासकको रूपमा स्थापित गर्न सक्षम भए । प्रशासनिक क्षेत्रतर्फ विमा संस्थानमा रही उच्च प्रशासकको भूमिका सङ्गालेका अनलले जति मान र प्रतिष्ठा पाएका छन् त्यत्तिकै सम्मान उनले साहित्यिक क्षेत्रमा पनि प्राप्त गरेका छन् । नेपाली साहित्यका फाँटमा

आज एउटा सफल कवि कथाकार र गीतकारको रूपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल गौतम यसका अतिरिक्त समाज सेवाका क्षेत्रमा पनि उत्तिकै सक्रियताका साथ कार्य गरिरहेका छन् ।

अध्याय-चार

# अनल गौतमका कृतिहरूका अध्ययन

## ४.१ परिचय

यस अध्यायमा कविताको परिचय, परिभाषा, कविताका तत्वहरू, कविताको विकासक्रम, चिनारी कविताको विश्लेषण, हाइकुको परिचय, नेपालमा हाइकुको विकास, शुभप्रभात हाइकोको विश्लेषण, चिनारी गीति एल्बमको विश्लेषण, कथाको परिचय, परिभाषा, कथाका तत्वहरू, कथाको विकासक्रम, घाटघाटका कथाको विश्लेषण आदिको वारेमा अनुसन्धनात्मक अध्ययन गरिएको छ ।

कवि अनल गौतम साहित्य सिर्जनामा निरन्तर जुटिरहेका छन् । आफ्ना घर परिवार र वरपरको वातावरण र आफ्नो जीवन यात्रामा भोगेका र अनुभव गरेका तीता मीठा अनुभव अनि सुख-दुःखका क्षणलाई साहित्य लेखनका माध्यमबाट व्यक्त गर्ने अनल गौतम साहित्यिक फाँटका कविता, गीत र कथाका क्षेत्रमा उदाउँदै गरेका व्यक्तित्व हुन् । अनलको साहित्यका विविध प्रवृत्तिगत घुम्ती वा मोडहरु निक्र्यौल गरी विश्लेषण गर्नु नै उनको साहित्यिक यात्राको निरुपण गर्नु हो । अनलले 'शुभप्रभात' हाइकु (२०६४) हाइकु सङ्ग्रह प्रकाशित गरेका छन् जसमा ३५५ वटा हाइकुहरु सङ्कलित छन् । त्यस्तै 'चिनारी' कविता सङ्ग्रह २०६७ मा ४० वटा कविता रहेका छन् भने 'सरसी' गीति एल्बममा ६ वटा गीतहरु सङ्कलित छन् । त्यस्तै उनको अर्को विधा 'घाट घाटका कथा' कथोपन्यासमा १३ वटा कथाहरु रहेका छन् । जसको अध्ययन र विश्लेषण यस अध्यायमा गरिएको छ ।

## ४.२ साहित्यको विधागत अध्ययन

साहित्यकार अनल गौतमको नेपाली साहित्यमा कविता, हाइकु, गीति एल्बम र कथा जस्ता विविध विधामा कलम चलाएका हुनाले साहित्यको विधागत सिद्धान्तका आधारमा सोधनायकका कृतिहरूको विश्लेषण गरिएको छ ।

## ४.३. नेपाली कविताको सिद्धान्त र विकासक्रम

यस अध्यायमा कविताको सिद्धान्त र विकासक्रम अन्तर्गत पर्ने कविताको परिचय, परिभाषा, कविताका तत्वहरू र कविताको विकासक्रमको बारेमा छोटकरी चर्चा गरिएको छ ।

### ४.३.१ कविताको परिचय र परिभाषा

साहित्यका विभिन्न विधाहरू मध्ये कविता साहित्यको प्राचीन विधा हो । पूर्वीय साहित्य चिन्तन परम्परामा साहित्यको पर्यावाची रूपमा 'काव्य' शब्दले केबल कविता विधालाई मात्र बुझाउँछ । प्राचीनकालमा अन्य विधाका तुलनामा कविता विधा निकै फस्टाएको पाइन्छ । 'कविता' शब्दको व्युत्पत्ति कवि आधार पदमा 'ता' प्रत्यय लागेर भएको हो । कविता शब्दले कविद्वारा सृजित रचनालाई बुझाउने गर्दछ । कवितालाई लघुतम, लघु, मझौला र बृहत् गरी चार भागमा बाँडेको पाइन्छ ।

कविताको सम्बन्धमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ- आफ्ना मत प्रस्तुत गरेका छन् । जसमा कसैले इष्टार्थलाई सङ्क्षेपमा व्यक्त गर्ने अलङ्कार गुणले युक्त एवम् दोषयुक्त पदावली नै काव्य हो । त्यस्तै कसैले दोषरहित गुणसहित तथा अलङ्कारलेयुक्त शब्दार्थ नै काव्य हो भन्छन् भने कतिले भावनाको बौद्धिक कोमलता नै कविता हो भन्ने गरेका छन् । अन्त्यमा सबै परिभाषालाई विश्लेषण गर्दा श्रुतिरम्यलयात्मक सौन्दर्यपूर्ण भाषाका माध्यमबाट जीवन जगत्को चित्रण गरिएको कल्पना र भावना उचित संयोजन गरिएको र रागात्मकताको प्रधानता भएको कलात्मक भाषिक संरचना नै कविता हो (शर्मा, २०६४ : १) ।

### ४.३.२ कविताका तत्वहरू

कुनै वस्तुको निर्माण हुनको लागि जुन- जुन कुराको आवश्यकता पर्दछ, त्यसैलाई तत्व भनिन्छ । कविता साहित्यको एउटा प्रमुख विधा हो । कविता रचनाको निम्ति आवश्यक पर्ने घकहरू नै कविताको तत्व हुन् । साहित्यका मुख्य दुईवटा तत्वहरू हुन्छन् । ती हुन् रूप तत्व र वस्तु तत्व । शीर्षकदेखि  अक्षर पद, पदावली, वाक्य, अनुच्छेद, श्लोक, परिच्छेद, सर्ग आदि सबै रूप तत्व अन्तर्गत पर्दछन् भने रूपबाट जे कुरा अभिव्यक्त भएको हुन्छ त्यो वस्तु तत्व हो । वस्तु जीवन र जगत्सँग सम्बन्धित हुन्छ । कविताको तत्वहरूलाई यसरी देखाउन सकिन्छ (शर्मा, २०६४ : १) ।

#### ४.३.२.१ शीर्षक र संरचना

विषयवस्तु भाव वा विचार केन्द्रीय कथ्यप्रति सङ्केत गर्ने कविताको महत्वपूर्ण तत्व शीर्षक हो । कविताको शीर्षक र केन्द्रीय कथ्यका बीचमा सोझो सांकेतिक सम्बन्ध हुनुपर्छ । शीर्षक अभिधात्मक वा प्रतीकात्मक हुन सक्छ । शीर्षक कौतुहलता जगाउने खालको हुनुपर्छ । शीर्षक र विषयवस्तुबीचमा अन्तः सङगति नदेखिएमा शीर्षक सार्थक हुन सक्दैन ।

कविताको बनोट र बनोटको माध्यमबाट व्यक्त हुन आउने अर्थगत स्वरूपसँग संरचना सम्बन्धित हुने गर्दछ । बनोट कविताको बाह्य संरचनासँग सम्बन्धित हुन्छ । बाह्य संरचनाले कविताको हरफ/पङ्क्ति/पाउ/चरण, अनुच्छेद, परिच्छेद सर्ग खण्ड आदिलाई बुझाउँछ । बनोट कविताको आन्तरिक संरचनासँग सम्बन्धित हुन्छ । आन्तरिक संरचनाले केन्द्रीय कथ्य, सन्दर्भ सामग्री र भाव विचारको उठान विकास र रागात्मक परिगतिलाई बुझाउँछ । बाह्य संरचनाबाट व्यक्त हुन आउने भावसँग आन्तरिक संरचना जोडिएको हुन्छ । कविताको संरचना प्रगितात्मक, आख्यानात्मक र नाटकीय हुने गर्दछ (शर्मा, २०६४ : २) ।

#### ४.३.२.२ केन्द्रीय कथ्य र भाव विधान

कविता रचना गर्नका निम्ति आवश्यक पर्ने विषयवस्तु नै केन्द्रीय कथ्य हो । जीवन जगत्का समग्र विषयवस्तु र मानव चेतनाका अनुभव र अनुभूतिलाई समेटेर

कविताको रचना गरिन्छ । यसअन्तर्गत प्रकृति, मानवीय समाज, संस्कृति, ज्ञानविज्ञान, इतिहास, धर्म, दर्शन, क्षेत्रमण्डल, वायुमण्डल, जीवमण्डल आदिका साथै मानव मनका समस्त अनुभव पर्दछन् । केन्द्रीय कथ्यसँग सम्बन्धित सामग्रीको प्रशोधन गरी साधारणीकरण गरेर एक किसिमको प्रभाव कौशल कवितामा झल्कन्छ त्यो नै भावविधान हो । कवि जीवन जगत्को प्रस्तुति सोझो रूपमा वा आख्यानीकृत रूपमा वा नाटकीय रूपमा गरे पनि त्यसको प्रस्तुतीकरण आन्तरिक भएकोले कविका हृदयमा उत्पन्न अनुभूतिलाई कल्पनाको रङ्गमा मुछेर कवितात्मक बान्की दिने गरिन्छ । भाषाशैली बिम्बविधान कथन पद्धति संरचना, लयविधान मार्फत् नै कविताको भावको बनोट गरिन्छ । कविता मानव जीवनको समग्र दशा वा अनुभवका क्षण विशेषको प्रस्तुति भएकोले जीवनको कुनै एक भाव वा समग्रताको प्रकटीकरण गरिएको हुन्छ (शर्मा, २०६४ : ३)।

## ४.३.२.३ लयविधान

कवितालाई स्वतन्त्र विधाका रूपमा चिनाउने कविताको मुख्य परिचायक तत्वलय हो । कविताको भाषिक बनोटबाट नै लयको उत्पत्ति हुन्छ । कविताको वर्णनगत, पङ्क्तिगत, पाउगत, अनुच्छेदगत, श्लोकगत बनोटबाट लयको उत्पत्ति हुन्छ । भाषा शैलीका पङ्क्तिगत र पङ्क्ति समूहगत उच्चारण र श्रवणको रमणीय सङ्गीतिक ध्वनी नै कविताको लय हो । लय मुख्यतः बद्ध र मुक्त गरी दुई किसिमका हुन्छन् । वर्ण र मात्राको मुक्त प्रयोग भएको लय मुक्त लय हो । वर्ग र मात्रको नियमित आवृत्ति भएको लय बद्ध लय हो । बद्ध लयका कवितामा पाउ, श्लोक र छन्दका सहायताले लय पैदा हुन्छ भने मुक्त लयका कवितामा वर्ण र शब्दगत अन्तर आनुप्रासीयताका माध्यमबाट लय पैदा हुन्छ (शर्मा, २०६४ : ४)।

## ४.३.२.३ कथन पद्धति

कविता जीवन जगत्को भाषिक लयात्मक कथन कविता काव्यमा मूलतः दुई किसिमका कथन पद्धति पाइन्छन् । कविप्रौढोक्ति (कवि कथन) र कविनिबद्ध प्रौढोक्ति (कविनिबद्ध कथन) कवि आफैँले सोझै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि

कथन हुन्छ भने कविले आफ्नो कथन अन्य पात्रका माध्यमबाट प्रस्तुत गर्छ भने त्यो कविनिबद्ध कथन हुन्छ । कविको आत्मलाप कविता भएकाले मुलभूत विशेषता कवि कथन वा सोझो कवि कथन हो । कविले आत्मपरक कथ्य आफैं गुन गुनाउँदा पनि अप्रत्यक्ष र कसैप्रति सम्बोधन गरी भन्दछ र यो कथन खासगरी तृतीय पुरुष वा प्रथम पुरुष र कहिलकाहीँ द्वितीय पुरुषमा पनि कथित हुन सक्छ (शर्मा, २०६४ : ४) ।

### ४.३.२.४ बिम्बविधान तथा अलङ्कार विधान

कुनै कृतिमा व्यक्त अर्थको सहचर प्रतिबिम्बका रूपमा आउने अर्को सहवर्ती अर्थलाई बिम्ब भनिन्छ । कविताका सन्दर्भमा कथ्य वा भाव विचारलाई अर्को बिम्बद्वारा झल्काउने प्रक्रिया नै बिम्बविधान हो । कविले कवितामा आफूले व्यक्त गर्न खोजेको अर्थलाई विभिन्न बिम्बको प्रयोग गर्न खोजेको अर्थलाई विभिन्न बिम्बको प्रयोग गरेर प्रस्तुत गरेको हुन्छ । जीवन जगत्को विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन्छ । बिम्बले कृतिव्यापी र स्थानीय हुन सक्छ । सिङ्गो कविताको भाव व्यक्त गर्ने बिम्ब कृतिव्यापी बिम्ब हो भने कविताको श्लोकको अर्थलाई मात्र चमत्कारपूर्ण तरिकाले प्रस्तुत गर्ने बिम्ब स्थानीय बिम्ब हो । बिम्बकै कारणबाट अर्थमा आलङ्कारिक चमत्कार पैदा हुन्छ । अलङ्कारका तीनवटा प्रविधि देखापर्छन् । ती हुन् स्वभावोक्ति वक्रोक्ति, अतिशयोक्ति वक्रोक्ति र अतिशयोक्ति अलङ्गरणको प्रविधिले अर्थमा चमत्कार उत्पन्न गराउँछ भने स्वभावोक्तिले यथार्थपरक अभिव्यक्ति दिन्छ । यस प्रकार कविताको अर्थलाई सौन्दर्यपूर्ण तरिकाले अभिव्यक्ति गर्नका लागि अलङ्कार विधान आवश्यक पर्दछ । साधर्म्य, व्यतिरेक, प्रश्न संशय, तर्क विर्तक विरोधाभास, प्रशंसा व्यङ्ग्य मानवीकरण, प्रकृतीकरण, सूक्ति उखानको प्रयोग आदि बिम्बालङ्कारका प्रविधिहरू हुन् (शर्मा, २०६४ : ५)।

### ४.३.२.५ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो । जुनसुकै साहित्यिक विधामा भाषाशैली  अनिवार्य घटकको रूपमा रहन्छ । भाषा वर्ग शब्द

पदावली, वाक्य अनुच्छेद विधानको समष्टि रूप हो । कवितामा प्रयोग गरिएका वर्ग शब्द पदावली आदिको जुन पद्धति देखापर्दछ त्यो नै शैली हो । कविताको भाषा, लयात्मक र रागात्मक हुन्छ । कविताको भाषा अभिधार्थ भन्दा बढी लक्ष्यार्थ वा व्यङ्ग्यार्थ हुन्छ । कविताको भाषामा विचलन पाइने हुँदा यसको लालित्यले लयत्मकता प्राप्त गर्दछ । कवितामा प्रस्तुत विषयवस्तु अनुरूपको भाषाशैलीको चयन गरिनुपर्छ जसले गर्दा कवितामा मिठास उत्पन्न हुन्छ । शब्द स्रोतको प्रयोगले कविताको शैली छुटिन्छ । प्रचलित शब्दको प्रयोग भएमा सरल शैली तथा कम प्रचलित शब्दको प्रयोग भएमा जटिल शैली हुन्छ । कविताको शैली व्यक्तिपिच्छे फरक- फरक हुन्छ । सरल, जटिल, उच्च, मध्यम, निम्न, आलङ्कारिक, नाटकीय वर्णनात्मक आदि शैली कवितामा प्रयोग हुने गर्दछ (शर्मा, २०६४ : ५) ।

### ४.३.३. नेपाली कविताको विकासक्रम

काल र समय निरन्तर प्रवाहशाली गतिमान् श्रृंखला हो । यही प्रवाहशील कालको समग्र पक्षको अध्ययनका क्रममा केही अप्ठ्यारा परिस्थितिहरू सिर्जित हुने भएकाले काललाई विभिन्न खण्ड र उपखण्डमा विभाजन गरिएको र यो पद्धति आरम्भ भएको हो । अध्ययनलाई सरल बनाउनका लागि जुनसुकै साहित्यको इतिहासलाई पनि कालखण्डमा विभाजन गरिन्छ । नेपाली साहित्यको कविता विधाको विकासलाई पनि प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन कालखण्डमा विभाजन गरिएको छ । नेपाली साहित्यको इतिहास निर्धारण गर्ने सम्बन्धमा विद्वान्हरूका बीचमा मतमतन्तरहरू रहेका छन् । प्राथमिक र माध्यमिककालीन विभाजनमा व्यक्ति विवाद नदेखिए पनि आधुनिक कालका सन्दर्भमा मतहरू बाझेका छन् । यस्ता विभिन्न मतमतान्तरहरू देखिए पनि नेपाली कविताको विकासक्रमलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ (शर्मा, २०६४ : ५)।

#### ४.३.३.१. प्राथमिककाल (वि.सं. १८२६-१९४०)

वि.सं. १८२६ देखि १९४० सम्मको समयावधिलाई नेपाली कविताको प्राथमिककाल भनेर स्वीकार गरिएको छ । नेपाली साहित्यको प्राथमिककाल लेखोटको रूपमा चिनिन्छ । विभिन्न लोक साहित्यिक विधाहरूबाट आधार बीज ग्रहण गरी पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानसँगै नेपाली कविताको लेखोट रूप जन्मिन पुगेको देखिन्छ । नेपालीलाई एकताको मालामा गाँसेर एकीकृत नेपालको निर्माण गर्ने राष्ट्र निर्माता पृथ्वीनारायण शाहसँग सम्बन्धित विषयलाई ग्रहण गरी कवि सुवानन्द दासले वि.सं. १८२६ मा कविताको सिर्जना गरेपछि आरम्भ भएको प्राथमिककाल मोतीराम भट्टको साहित्यिक उदय हुने अवधिसम्म विस्तार रहेको देखिन्छ । प्राथमिककालीन कविताहरूलाई तत्कालीन कविताले बहन गरेका भावधाराका आधारमा दुई भागमा विभाजित गरिन्छ । जसमा १८७२ पूर्व वीरधाराको बाहुल्य रहेको थियो भने १८७२ मा सुगौली सन्धि भएपछि भक्तिधाराले स्थान पाउन थालेको देखिन्छ (शर्मा, २०६४ : ६)।

वीरधारमा कलम चलाउने कविहरूमा सुवानन्द दास, शक्ति बल्लभ अर्याल उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, गुमानी पन्त आदिको नाम लिन सकिन्छ । त्यस्तै गरी भक्तिधारामा कलम चलाउने कविहरू इन्दिरस वसन्त शर्मा लुँइटेल, विद्यारण्यकेशरी, वीरशाली पन्त, पतञ्जली गुजुरेल आदि हुन् ।

### ४.३.३.२. माध्यमिककाल (वि.सं. १९४१-१९७४ सम्म)

वि.सं. १९४१ सालदेखि १९७४ सम्मको नेपाली कविताको यात्रालाई माध्यमिककालका रूपमा चिनिन्छ । प्राथमिककालीन लेखोट परम्पराबाट अगाडि बढेर प्रकाशन युगमा प्रवेश गरेपछिको समयावधिलाई लेखोट युगबाट छापाखाना युगमा प्रवेश गराउने श्रेय मोतीराम भट्टलाई जान्छ र यिनैको उदयसँगै नेपाली कविताको विकास यात्रामा नवीन मान्यता स्वरूप माध्यमिक कालले प्रवेश पाएको हो । वि.सं. १९७४ सालमा Õङ्गारिक कविताहरूको सँगालो 'सूक्तिसिन्धु' प्रकाशन नहुँदासम्मको समयावधि माध्यमिककालभित्र समेटिन आउँछ । तत्कालीन राणाशासकहरूको भोगविलासको प्रवृत्तिले Õङ्गारिक धारालाई प्रश्रय दियो माध्यमिककालीन कविता लेखन परम्परामा

श्रृंगारिक धाराले केन्द्रीयता प्राप्त गऱ्यो । मोतीराम भट्टले पनि श्रृंगारिकतालाई अझ उत्कर्षता प्रदान गर्ने कार्य गरे प्राथमिककालमा व्याप्त रहेको वीरधारा र भक्तिधाराका कविताहरू पनि केही मात्रामा रचिय भने श्रृंगारिक धारा मूल प्रवाहको रूपमा प्रवाहित भयो । माध्यमिक कालमा देखिएको कवि प्रतिभाहरूमा मोतीराम भट्ट, गोपीनाथ लोहनी, राजीवलोचन जोशी, ईश्वरीराज पन्त, रामप्रसाद सत्याल, पहलमानसिंह, स्वाँर कृष्णप्रसाद रेग्मी, शम्भुप्रसाद ढुङ्ग्याल आदिको नाम लिन सकिन्छ ।

यसरी श्रृंगारिक प्रवृत्ति बोकेको माध्यमिककालमा देशभक्तिभावना नीति शिक्षा, समाज सुधारको चाहना आदिजस्ता विशेषतालाई वरण गरेको पाइन्छ । संस्कृत साहित्यबाट अनुवाद गर्ने परम्परा कायम रहे पनि मौलिक सिर्जनाले पनि स्थान पाएको देखिन्छ । वर्णनात्मकता, विवरणात्मकता जस्ता शैलीको प्रयोग पाइने माध्यमिककालीन कवितामा अन्त्यानुप्रास योजनाको अधिक व्यापकता पाइन्छ । विभिन्न अङ्ग्रेजी, नेवारी, हिन्दी, उर्दू आदि भाषाबाट शब्दग्रहण गरी आगन्तुक मिश्रित भाषिक प्रयोग पाइन्छ । एकल कविता लेखन परम्पराबाट माथि उठेर सामूहिक प्रयासबाट कविता सिर्जना गरिएको एकल कविता लेखन परम्पराबाट माथि उठेर सामूहिक प्रयासबाट कविता गरेको देखिनाले कविहरू सचेत भई कविता सिर्जना गर्नेतर्फ लागेको पाइन्छ (शर्मा, २०६४ : ९) ।

### ४.३.३.३. आधुनिककाल (वि.सं. १९७५- हालसम्म)

वि.सं. १९७५ सालबाट आरम्भ भएको नेपाली कविताको आधुनिककाल वर्तमान समयसम्म विस्तारित भएको पाइन्छ । माध्यमिक कालबाटै आफ्ना सिर्जना शक्तिलाई देखाउँदै आएका कवि शिरोमणि लेखनाथ पौड्यालले आफ्नो कवित्वलाई स्पष्ट रूपमा अभिव्यक्त गर्न थालेपछि नेपाली कविताले फड्को मार्दै आधुनिक कालमा प्रवेश गरेको हो । भाव र भाषा दुवैमा नवीनतामा प्रवेश गरेपछि नेपाली कविता जगत्मा आधुनिकता देखापरेको हो । वि.सं. १९७५ सालबाट परिष्कारवादी धारासँगै गतिमान् भएको आधुनिककाल वि.सं. १९९१ सालबाट परिष्कारवादी धारासँगै गतिमान् आधुनिककाल

वि.सं. १९९१ सालमा 'शारदा' पत्रिकाको प्रकाशन पश्चात् अझ दरिलो बनेको देखिन्छ । वि.सं. १९९२ सालमा लक्ष्मीप्रसाद देवकोटा जस्ता प्रतिभाशाली व्यक्तिले पाश्चात्य साहित्यमा देखा परेको स्वच्छन्दतावादी धारालाई नेपाली साहित्यमा भित्र्याएपछि आधुनिकताले अझ परिपुष्टता प्राप्त गरेको देखिन्छ । वि.सं. १९७५ देखि वर्तमानसम्म आइपुग्दा आधुनिक नेपाली कवितामा निम्न धाराको विकास भएको पाइन्छ (शर्मा, २०६४ : १०)।

### ४.३.३.४. परिष्कारवादी धारा (वि.सं. १९७५-१९९० सम्म)

माध्यमिककालीन श्रृंगारिक कविताको पराकाष्ठाका रूपमा वि.सं. १९७४ सालमा 'सूक्तिसिन्धुको' प्रकाशन भएपछि लक्ष्मीप्रसाद देवकोटाको उदय पूर्वसम्म परिष्कारवादी धारा विस्तारित रहेको देखिन्छ । परिष्कारवादी काव्यधारा नै आधुनिक नेपाली कविताको प्रवृत्ति हो । भाषाशैली तथा व्याकरणिक भावको परिष्कार गरी कवितालाई बौद्धिक र नियमानुशासित बनाउन कार्य परिष्कारवादी धाराले गरेको देखिन्छ । कवि शिरोमणि लेखनाथ पौड्यालका 'ऋतुविचार, लालित्यभाग-१', 'सत्यकालीन संवाद' जस्ता उच्च परिष्कृत- परिमार्जित कलात्मक कृतिहरू प्रकाशन भएका छन् । यसै गरी परिष्कारवादी काव्यधारामा कुलचन्द्र गौतमका 'मनलहरी', 'आहुती' र बालकृष्ण समको 'आगो र पानी', 'चिसो चुह्लो' त्यस्तै विभिन्न कविप्रतिभाका सिर्जनात्मक रचनाहरू प्रकाशित भएको देखिन्छ । यस धारामा श्रृंगारिकतालाई पन्छाएर बौद्धिकताको उन्मेष हुने गरी कविताको रचना गर्ने काम भएको देखिन्छ । कविताको लघुरूप फुटकर कवितादेखि बृहत् रूपमा महाकाव्यसम्मको रचनाहरू यस धारामा जन्मिएका छन् (शर्मा, २०६४ : १०)।

### ४.३.३.५. स्वच्छन्दतावादी- प्रगतिवादी धारा (वि.सं. १९९१-२०१६ सम्म)

माध्यमिककाल वि.स. १९९१ सालमा ऋद्विबहादुर मल्लको सम्पादकत्वमा 'शारदा' १ पत्रिका प्रकाशित भएपछि नेपाली कविताको आधुनिककालमा स्वच्छन्दतावादी धाराको आरम्भ भएको हो । स्वच्छन्दतावादी धारालाई नेपाली साहित्यमा भित्र्याउने उल्लेखनीय कार्य लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठले गरेका हुन् । त्यसैले

स्वच्छन्दतावादको सहप्रवर्तकका रूपमा दुवैको नाम लिने गरिन्छ । हिन्दी, बङ्गाली साहित्यमा छायाँवाद रहस्यवादका रूपमा परिचित अङ्ग्रेजी साहित्यको रोमान्टिसिज्म नेपाली साहित्यमा स्वच्छन्दतावाद नाम लिएर प्रवेश गरेको देखिन्छ । कला पक्ष र भावपक्षको सार्वभौम सन्तुलनमा स्थिर रहने परिष्कारवादी धाराका विपरीत काभ्य रोचक, भावपूर्ण, प्रचुर कल्पना, आत्मपरकता, सहज उच्छनजस्ता विशेषतालाई आत्मसाथ गर्दै स्वच्छन्दन्तावादी धाराको जन्म हुन पुगेको हो । नवीनतालाई वरण गर्दै अगाडि बढ्ने क्रममा कविहरूले व्याङ्ग्य, विद्रोह र क्रान्ति चेतनालाई पनि आफ्ना कवितामा समावेश गर्न थालेपछि २००४ सालतिरबाट यही स्वच्छन्दतावादी धारामा प्रगतिवादी धारा पनि समेटिन आएको देखिन्छ । आत्मकरता, प्रकृति चित्रण, मानवतावाद कवितामा राख्ने स्वच्छन्दतावादी धारा कलम चलाउने कविहरूमा लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपी शेरचन आदिको नाम लिन सकिन्छ (शर्मा, २०६४ : ११) ।

### ४.३.३.६. प्रयोगवादी धारा (वि.सं.२०१७-२०२९)

वि.स. २०१७ सालमा लक्ष्मीप्रसाद देवकोटाको मृत्यु भएपछि स्वच्छन्दतावादी प्रगतिवादी धाराभन्दा भिन्न प्रवृत्तिकासाथ नेपाली साहित्यमा प्रयोगवादी धारा जन्मन पुगेको हो । परम्पररित मान्यतामा प्रश्न चिन्ह लगाउँदै पाश्चात्य नवीन मान्यतासँग सम्बन्ध कवि प्रतिभाहरूले यस धारालाई सक्रिय बनाएको देखिन्छ । वि.स. २०१७ सालमा कवि मोहन कोइरालाले रूपरेखा, पत्रिकामा ‘धाइलेयुग’ नामक कविता प्रकाशन गरेपछि प्रयोगतावादी धाराको सुरुवात भएको हो भने वि.स. २०२९ सालसम्म यो धारा गतिमान भएको देखिन्छ । प्रयोगवादी धारामा प्रतीकवाद, बिम्बवाद विसङ्गतिवाद, अतियर्थाथतावाद जस्ता विभिन्न स्थापित मान्यताहरूको पनि प्रत्यक्ष प्रभाव रहेको देखिन्छ भने डार्विनवाद, मार्क्सवाद, फ्रायडवादजस्ता विभिन्न स्थापित मान्यताहरूको पनि प्रत्यक्ष प्रभाव रहेको देखिन्छ । वि.स. २०१७ सालमा देखिएको राजनीतिक

परिवर्तनले पनि कवि प्रतिभाहरूलाई छुटै किसिमको आभिव्यक्ति दिन प्रेरित गरेको र यसको प्रतिफल प्रयोगवादी धारा जन्मन पुगेको देखिन्छ । युगीन मानवीय सङ्कट, भय, निराशा एकाङ्कीपन, सन्त्रास संशय आदिको अभिव्यक्ति स्वचालित विश्रृंखलित भाषाशैलीका माध्यमबाट गरिएको हुन्छ । भाव, भाषा र लयमा समेत नवीनता भर्दै प्रयोगवादी धाराको जन्म हुन पुगेको हो । यस धाराका कविप्रतिभाहरूमा मोहन कोइराला, जगदीश शमशेर राणा, मोहन हिमाशु थापा, पारिजात, वैरागी काइला आदि प्रमुख रहेका छन् (शर्मा, २०६४ : १३)।

## ४.३.३.७. समसामयिक धारा (वि.सं. २०३०) वर्तमानसम्म

नेपाली कवितामा देखा परेको वि.स. २०३० सालदेखि वर्तमान समयसम्म विस्तारित धारालाई समसामयिक धाराको रूपमा चिनिन्छ । प्रयोगवादी असम्प्रेष्यताबाट पाठकलाई सुबोध्य साहित्य लेखनतर्फ यस धाराका कविहरू प्रयत्नशील रहेको देखिन्छ । आफ्ना मनभित्र रहेका भावना, विचार र अनुभूतिलाई स्वाभाविक र सुबोध्य किमिमबाट अभिव्यक्ति गर्न चाहना समसामयिक धाराका कविहरूमा पाइन्छ । समसामयिक धारामा सडक कविता, क्रान्ति, तरलतावाद, राल्फा अस्वीकृत जमात, बुट पालिस, जनआन्दोलन कविता, साहित्यिक आन्दोलन कविता, छन्द बचाऊँ, अभियान जस्ता कविताका क्षेत्रमा नवीन मान्यतालाई भित्र्याउन सफल भए । यस धारामा कविता, सर्जना गर्ने कविहरूले समसामयिक राष्ट्रियता परिवेश र अन्तर्राष्ट्रिय परिवेशलाई मूल विषयवस्तुका रूपमा ग्रहण गरेको देखिन्छ । समसामयिक धाराका कविले मूख्य गरेर आफ्ना कवितामा युगीन विकृति विसङ्गति, अभाव, पीडा, कुण्ठा, निराशा, जटिलता, वाध्यता, अशान्ति, आतङ्क, हत्या, हिंसा, अमानवीयता, सन्त्रासमयता, राजनीतिक अस्थिरता आदिजस्ता विषयको अभिव्यक्ति कलात्मक पाराले दिन सफल भएका छन् (शर्मा, २०६४ : १४)।

## ४.४. कथा सिद्धान्त र नेपाली कथाको विकासक्रम

कथा भनेको के हो र यसका के कस्ता तत्वहरु हुन्छन् साथै नेपाली कथाको विकास के कसरी हुँदै आएको हो, यस सम्बन्धमा यहाँ अध्ययन गरिएको छ :

### ४.४.१. कथाको परिचय

आदिकालदेखि नै मानव समाजमा कथा भन्ने र सुन्ने परम्परा चलिआएको र कथाप्रति मानिसहरूको मोह र रुचि रहिआएको हुनाले साहित्यको फाँटमा कथाको आफ्नै मौलिक परम्परा र पहिचान छ । कथा साहित्यको अन्य विधाको तुलनामा अत्यन्त लोकप्रिय विधा पनि हो । गद्यभाषिक शैलीमा संरचित कथाले समयक्रमानुसार विविध स्वरूप ग्रहण गर्दै आएको छ । यसै परिप्रेक्ष्यमा पूर्वीय र पश्चिमी साहित्यकारहरूको कथा सम्बन्धी मान्यताको आधारमा कथा व्युत्पत्तिको सङ्क्षेपमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

### ४.४.२. पूर्वीय मान्यताको आधारमा कथा शब्दको व्युत्पत्ति

“कथा” संस्कृत भाषाका स्रोतबाट नेपाली भाषामा आई चलेको तत्सम शब्द हो । संस्कृत भाषाको “कथ्” धातुमा ‘अ’ प्रत्यय लागेर कथ शब्द बन्दछ भने “कथ्” शब्दमा ‘आ’ प्रत्यय लागेपछि कथा शब्द बन्दछ । यसरी कथ्+अ+आ का प्रक्रियाबाट कथा शब्द निर्माण भएको हो र यस शब्दको शाब्दिक अर्थ कुनै कुराको कथन वा कुनै कुरा भन्ने काम हुन्छ ।

आधुनिक आर्यभाषा मूलतः हिन्दी, नेपाली, मैथिली, भोजपुरी आदि शब्दको प्रचलन बङ्गाली भाषाबाट आएको देखिन्छ । बङ्गालीमा कथालाई गल्प भनिन्छ र त्यही गल्फ शब्दको समानार्थी प्रयोग हिन्दी भाषामा कहानी र नेपाली भाषामा कथा शब्द नै अङ्ग्रजीमा प्रचलित सर्ट स्टोरीका पर्यायवाची शब्द हुन् । यो सर्ट स्टोरी शब्दानुवादका रूपमा कहिलेकाहीँ नेपालीमा लघुकथा वा छोटो कथा पनि भन्ने गरेको पाइन्छ । यति हुदाँहुदै पनि कथा शब्द नै बढी प्रचलित रहिआएको छ ।

पूर्वीय साहित्यमा कथाको परम्परा अत्यन्तै सम्पन्न छ । लिखित रूपमा कथा कहिलेदेखि प्रचलनमा आयो सम्बन्धमा सोधखोज गर्दा आजसम्मको अध्ययनको प्राप्ति अनुसार प्राचीन ऋग्वेदसम्म पुग्न सक्छौ । त्यसपछि ब्राह्मण ग्रन्थ, उपनिषद आदि हुँदै

उत्तरवैदिक युगमा रामायण, महाभारत आदिका माध्यमबाट कथाको विकास हुन थालेको पाइन्छ । पूर्वमा कथाको परम्परालाई हेर्दा प्राचीन इतिहास तथा पुराण लगायत बौद्ध धर्मसम्बन्धी अवदान र जातक कथाहरू तथा गुणाढ्यको वृहत् कथा, पञ्चतन्त्र, हितोपदेश आदिमा पूर्वीय कथा परम्पराको भण्डार प्राप्त हुन्छ । आधुनिक साहित्यमा कथा परम्पराको हालसम्मको विकास प्रवृत्तिलाई अध्ययन गरेर हेर्न सकिन्छ ।

### ४.४.३. पश्चिमी मान्यताका आधारमा 'कथा' शब्दको व्युत्पत्ति

पश्चिमी साहित्यमा विशेष गरी अङ्ग्रेजी भाषामा प्रचलित सर्ट स्टोरीको व्युत्पत्ति कहिले र कहाँबाट भयो भन्ने प्रश्न नै शोधको विषय बनेको छ । यस सम्बन्धमा सर्ट स्टोरी शब्दको प्राचीन रूपमा हामी ल्याटिन भाषामा फेला पार्न सक्छौँ । प्राचीन ल्याटिन भाषामा कथालाई हिस्टोरिया भनिन्थ्यो भने यही शब्दपछि फ्रान्सेली भाषाकमा रूपान्तरित भई आउँदा इस्टोरी भाषाको प्रचार-प्रसार र प्रभूत्व बढ्न थाल्यो र नवजागरणकाल पछि फ्रान्सेली इस्टोरी शब्दकै पर्यायको रूपमा अङ्ग्रेजी स्टोरी शब्दको प्रचलन हुन थाल्यो ।

पश्चिमी परम्परामा कथा भन्नाले कुनै सत्य वा कल्पित आख्यानात्मक गद्य रचनालाई बुझिन्छ जसमा मनोरञ्जन प्रदान गर्ने मुख्य अभिप्राय रहेको हुन्छ । पश्चिमी साहित्यमा स्टोरी शब्दका अतिरिक्त फेबल, टेल, एनेक्टडट, क्रोनिकल, रोमान्स आदि पनि भन्ने गरिन्छ । यिनै शब्दहरूको प्रचलनसँगै समायानुक्रमा कथा शब्दले विविध रूप र अर्थ ग्रहण गर्दै आजको परिपेक्ष्यमा पश्चिमी साहित्यमा कथाको उपयुक्त अर्थवाहक शब्दको रूपमा स्टोरी शब्द नै कायम भएको छ र यसलाई यदाकदा सर्ट स्टोरी पनि भनिन्छ । यही स्टोरी अथवा सर्ट स्टोरीकै पर्यावाची शब्दको रूपमा नेपालीमा प्रचलित कथा वा लघु कथा हो ।

### ४.४.४. कथाको परिभाषा

कथाको सैद्धान्तिक तथा वैज्ञानिक परिभाषा दिने क्रममा पूर्व र पश्चिमका विद्वान्हरूबाट विभिन्न मतहरू व्यक्त भएको पाइन्छ । सबैका परिभाषामा एकरूपता नभई अनेक रूपता प्रकट भएको पाइन्छ । त्यसैले कथाको परिभाषा स्थानगत र

समयगत रूपले बैग्लाबेग्लै रूपमा प्रकट हुँदै आएकाले ठोस परिभाषा दिने क्रममा सर्वमान्य रूपमा मतैक्य हुन सकेको छैन । मूलत : इसाको १९ औं शताब्दीका प्रारम्भिक दशकदेखि साहित्यको व्यापक धरातलमा कथाले आफ्नो छुट्टै पहिचानका साथ विधागत मान्यता समेत प्राप्त गर्न थालेदेखि नै यसप्रति विद्वान्हरूको ध्यान आकर्षित हुन थालेको छ । कथा सम्बन्धी व्यक्त भएका पूर्वीय र पश्चिमी मतहरूलाई बेग्लाबेग्लै उप शीर्षकमा प्रस्तुत गरेर हेर्न सकिन्छ ।

## पूर्वीय मत

कथाको परिभाषाका सम्बन्धमा पूर्वीय दृष्टिकोणको चर्चा गर्दा विक्रमको २-३ सय वर्ष अगाडिदेखि नै आख्यान प्रबन्धको परिचय दिने परम्पराको थालनी भएको पाइन्छ । यस सम्दर्भमा पतञ्जली , काव्यायन र महर्षि व्यासको नाम अग्रपङ्क्तिमा आउँछ । तैपनि उल्लखनीय भनाइको चर्चा गर्दा महाभारतमा कथालाई यसरी परिभाषित गरिएको पाइन्छ ।

### महाभारत

"आवेग र उत्तेजनामा नलागीकन आफ्नो स्वतन्त्र अध्ययनद्वारा वचनमय तपस्या सिद्व गर्न सकिने सत्य, शिव र प्रिय हुने आख्यानलाई कथा भनिन्छ (सुवेदी, २०५७ : ६) ।"

"सत्य घटनामा आधारित आख्यान नै कथा हो (सुवेदी, २०५७ : ८) ।"

### दण्डी

"आख्यायिका कथा, खण्डकथा, परिकथा र कथानिक गरी पाँच भेदको आख्यान हुन्छ । सर्गबन्ध जस्ता संरचना शिल्पभित्र पर्ने प्रसङ्गहरू कृतिका बाह्य आरण हुन् । भाषा र कथानकका सन्दर्भमा कुनै त्यस्तो अनिवार्य प्रावधान रहनु हुँदैन । समष्टिमा सबैलाई कथा भनिदिए आपत्ति पर्दैन (सुवेदी, २०५७ : ७) ।"

उपर्युक्त विभिन्न परिभाषाहरूको समष्टिमा भन्न खोज्दा कथा जीवनको एउटा अभिव्यक्ति हो । जसमा कुनै चरित्र वा घटनाको प्रस्तुति हुन्छ । कथामा सरल

भाषाशैली, शब्दावली र जुनसुकै रसको प्रयोग गरिएको हुन्छ । सूत्रात्मक संकेतका माध्यमबाट कोमल पदावधिका साथ कथामा घटनाक्रम अघि बढेको हुन्छ । त्यसैले कथा पठनीय र लोकप्रिय बन्न पुगेको छ ।

## पाश्चात्य मत

अठारौं शताब्दीतिर आख्यान क्षेत्रमा कथाले मौलिक पहिचान प्राप्त गर्न थालेदखि नै विधागत रूपमा यसको स्वतन्त्र अस्तित्व कायम हुन थालेको हो र यसप्रति विद्वान्हरूको चासो पनि बढ्न थालेको हो । यस प्रसङ्गमा कथाको परिभाषा दिने क्रममा विभिन्न विद्वान्हरूद्वारा विभिन्न मत मतान्तर व्यक्त भएको पाइन्छ ।

### एडगर एलेन पो

"कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुन्छ । यो पाठकमा प्रभाव जमानका लागि लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैँमा पूर्ण हुन्छ (श्रेष्ठ, २०६० : ७) ।"

### एच.जी. वेल्स

"१५ देखि ५० मिनेटसम्ममा पढेर सकिने अल्हादपूर्ण कलाईक्त मर्मस्पर्शी र हृदयविदारक एवम् कौतुलपूर्ण प्रस्तुति भएको आख्यानात्मक रचना विशेष कथा हो (सुवेदी, २०५७ : ११) ।"

### फोस्टर

"कथा घटनाको त्यो तारतम्य हो, जसले कुनै परिणाममा पुऱ्याउँछ (लामिछाने, २०६३ : ४) ।"

यसरी पश्चिममा पनि कथा सम्बन्धी विभिन्न विद्वान्हरूको मतहरू व्यक्त भएका छन् तर कथासम्बन्धी ठोस परिभाषा भने हालसम्म निर्माण हुन सकेको छैन ।

### नेपाली मत

कथाको परिभाषा दिने क्रममा नेपाली कथा समालोचकहरूले पनि आ- आफ्नो मतहरू व्यक्त गर्दै आएका छन् ।

### लक्ष्मीप्रसाद देवकोटा

"कथा एउटा सानो आँखीझ्याल हो । जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मिठो र भरिलो हुनु छोटो किस्साको बानी हो । यो पनि एउटा सानो संसार हो र महान् संसार हो (सुवेदी, २०५७ : ११)।"

### गोविन्द गोठाले

"जीवनमा आइपरेका घटनाका स्मृति नै कथा हो (लामिछाने, २०६३ : ४) ।"

### गुरुप्रसाद मैनाली

"कुनै एउटा पात्रको जीवनको संकटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो (सुवेदी, २०५७ : १२)।"

निष्कर्षमा कथालाई अर्थ्याउँदा के भन्न सकिन्छ भने निश्चित प्रकारको संरचनामा आवद्ध कलात्मक मुल्य भएको सङ्क्षिप्त गद्य रचना कथा हो । जसमा सङ्क्षिप्ततामा नै पूर्णता भएको आदि, मध्य र अन्त्यको उचित समायोजन भएको हुन्छ । रसिलो र स्वादिलो तवरले जीवनको एक अंश वा खण्डलाई प्रस्तुत गर्न सक्षम हुन्छ ।

## ४.४.५. कथाका तत्वहरू

कथाका तत्वहरू भन्नाले कथालाई पूर्ण कथा बनाउनका लागि आवश्यक पर्ने घटक अवयव वा उपकरणलाई बुझिन्छ । साहित्यका विविध विधाहरूमा यसका आवश्यक उपकरण वा तत्वहरू पर्गेल्ने सन्दर्भमा विविध मत मतान्तर रहेजस्तै कथाका

तत्वहरूको निरूपणका सन्दर्भमा पनि विभिन्न विद्वान्हरूका आ- आफ्नै धारणाहरू अभिमुख भएका छन. । यसरी कथा तत्वका सम्बन्धमा पनि आ- आफ्नै दृष्टिकोण रहेका छन् । कथाको संरचनाको लागि आवश्यक पर्ने तत्वहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) कथावस्तु

ख) पात्र

ग) संवाद

घ) देश,काल परिस्थिति

ङ) भाषाशैली

च) उद्देश्य

कथाको उपर्युक्त तत्व विभाजन पुरानो परम्पराको धारणामा आधारित भएको हुँदा यसप्रति निकै विकसित समालोचनाशास्त्र अनुसार कथाको शरीर रचना अर्थात् रचना विधानलाई यसरी दुई खण्डमा विभाजन गरिएको पाइन्छ :

अ) संरचना पक्ष

आ) उपविन्यास

**अ) संरचना पक्ष**

कथाकारले कथाको निर्माण गर्दा केही न केही धारणा अथवा विचार व्यक्त गरिरहेको हुन्छ । उसका कथाका पात्रहरू अथवा घटनाबाट उसका विचारहरू व्यक्त भइरहेका हुन्छन् । त्यसैले यी विचारहरू व्यक्त भइरहेका हुन्छन् । त्यसैले यी विचारहरूलाई मूर्तरूप दिन कथामा कथावस्तु, पात्र, दृष्टिबिन्दु र सारवस्तु जस्ता स्थुल तत्वहरूको समायोजन भएको हुन्छ । यिनै स्थूल तत्वहरूको समायोजनले पूर्ण भएको आकृतिलाई नै संरचना भनिन्छ ।

### (क) कथावस्तु

कथावस्तु कथाको सबैभन्दा ठूलो र महत्वपूर्ण अङ्क हो र सबैभन्दा नजिकबाट देख्न प्राणतको तत्वरूपमा लिने गरिन्छ । कुनै पनि कथा बन्नका लागि विभिन्न तत्वहरूको समायोजन हुनुपर्दछ । तिनै तत्वहरूमध्येको आख्यान तत्वलाई कथावस्तु वा कथानक भनिन्छ । कथावस्तु निश्चित योजनाका साथ अघि बढेको हुन्छ । अथवा कथावस्तुमा आदि, मध्य र अन्त्यको राम्रो अन्विति हुनुपर्दृछ । कथा सशक्त बन्नका लागि कथावस्तु प्रभावकारी हुनुपर्दछ, सम्पूर्ण नियमले बाँधिएको र कलात्मक हुनुपर्दछ ।

### (ख) पात्र

कथा संरचनाका लागि पात्र अनिवार्य तत्व हो । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले यो अङ्गबिना कथाको संरचनाको कल्पना नै गर्न सकिदैन । पात्रको रूपमा मानव नै हुनुपर्छ भन्ने हुदैन । मानवेतर पात्रको प्रयोग पनि कथामा हुन सक्दछ । कथामा पात्रहरू मुख्य र गौण, गतिशील र स्थिर अन्तर्मुखी र बहिर्मुखीबद्व र मुक्त आदिको रूपमा आउन सक्छन् । कथामा जे जस्तो प्रकृति वा प्रवृत्तिका पात्रहरू भए पनि कथामा पात्रहरूको उपस्थित अनिवार्य हुन्छ । किनभने कथानकका लागि आवश्यक पर्ने तत्वहरू कार्यव्यापार द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ ।

### (ग) दृष्टिबिन्दु

कथावस्तुलाई पाठकवर्गका निम्ति प्रेषगीयु बनाउने भूमिका कथात्मक दृष्टि बिन्दुले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बद्व हुन्छ । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकार सामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथा वस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै दृष्टि बिन्दुले गर्दछ ।

कथामा दृष्टिबिन्दु दुई प्रश्नमा आधारित हुन्छन् :

१) कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ ?

२)	कथासँग त्यस पात्रको कुन प्रकारको सम्बन्ध रहेको हुन्छ ? कुनै कथामा 'म' पात्रको निर्णायक भूमिका रहेको हुन्छ भने कुनैमा तृतीय पुरुष पात्रको प्रयोग भएको हुन्छ । आन्तरिक वा बाह्य दृष्टिबिन्दु रहेका कथाको संरचना नै फरक- फरक हुन जान्छ ।

## (घ) सारवस्तु

कथा संरचनाका चारवटा घटकहरूमा सबैभन्दा ठूलो घटक कथावस्तु, पात्र अनि दृष्टिबिन्दु हो भने अन्तिम तत्व वा घटक साखवस्तु हो । कुनै पनि कथा पढिसकेपछि हामीले त्यस कथाबाट जुन भावर्थ वा अभिप्राय पाउँछौं । त्यही नै साखवस्तु हो । कथामा कुनै न कुनै विचार वा भावको बीज रूप प्रत्यक्ष रूपमा रहेको हुन्छ । जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ । त्यस बीज रूपलाई बिना आग्रह कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्दछ । बीज रूप भनेको कथा संरचनाको सौन्दर्यतत्वहो । जसलाई हामी सारवस्तु भन्दछौ । यस अङ्गलाई कथाकारले अभिधात्मक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्छ ।

कथामा सारवस्तु मानवशरीरको रक्तसञ्चार प्रणालीझैं सर्वव्याप्त हुन्छ । यसको स्थिति शाश्वत र प्रसङ्ग विषयक जे पनि हुनसक्छ । जे भए पनि यसले मानव समाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ । नदीको पानीभित्रको विद्युतीय तारझैं यस्ता भाव वा विचारले मानवमन वा समाजमा समाजमा परिवर्तन ल्याउन सक्दछ ।

## (ङ) रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारहरूले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रूपविन्यास हो । रूपविन्यास कथाको भित्री स्वरूप हो । संरचनालाई स्थूल अङ्गका रूपमा लिइन्छ । तर रूपविन्यास संरचनाको अभिन्न अङ्ग हो । यो कथा सँगसँगै आएको हुन्छ । यसले कथालाई कलात्मक बनाउँछ । यदि कथा कलात्मक भएन भने त्यो प्रभावकारी बन्न सक्दैन ।

त्यसैले कथालाई कलात्मक बनाउने तत्वहरूलाई नै रूपविन्यास भनिन्छ । शब्द, वाक्य, अनुच्छेद, प्रतीक, बिम्ब, उपमा व्यङ्ग्य भाषाशैली आदि कथालाई कलात्मक बनाउने तत्वहुन् । त्यसैले यिनलाई नै रूपविन्यास भनिन्छ ।

निष्कर्षमा, कथाको बाहिरी आकारलाई संरचना भनिन्छ भने सजावटलाई रूपविन्यास भनिन्छ । यी दुवैको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । दुवै तत्वको राम्रो संयोजनले मात्र कथा कलात्मक र जीवन्त हुन्छ ।

## ४.६. नेपाली कथाको विकासक्रम

साहित्यको सबैभन्दा पुरानो र लोकप्रिय विधा कथाको विकासक्रमका आरम्भका दिनहरू खोतल्दै जाँदा वैदिक, उत्तरवैदिक, पौराणिक र ललित साहित्यको परम्पराबाट गुज्रदै अपभ्रंश भाषाकाल एवम् नेपाली भाषाको आरम्भ कालसम्म पनि पूर्वीय प्रभावबाट नै मौलाउँदै आएको देखिन्छ । तर सुरुको धेरै लामो समय आख्यान बिनाका अभिलेखहरू मनस्तापमुक्तिका प्रायश्चित र ज्योतिषशास्त्र सम्बन्धी उल्लेख्य सामग्रीहरू शारीरिक रोग- निदानका निम्ति लेखिएका कृतिहरूले मात्र नेपाली कथाको पृष्ठभूमि कालको भूमिका निर्वाह गरेका छन् । नेपाली भाषाको इतिहासको आरम्भकाल विक्रमको दशौं शताब्दीबाट वि.सं. १८२७ मा आख्यानात्मक मुल्य लिएर देखापरेको शक्तिबल्लभ अर्यालको ‘महाभारत विराट पर्व’ पूर्वको समयलाई नेपाली कथाको पृष्ठभूमि कालको रूपमा हेर्नुपर्ने हुन्छ । नेपाली कथाको विकासक्रमलाई हेर्दा हालसम्म मानक, वैज्ञानिक तथा सर्वसम्मत तरिकाले काल विभाजन भएको देखिदैन । विभिन्न विद्वान् लेखक तथा समालोचकहरूले नेपाली कथाको विकासक्रमलाई आ- आफ्नो तरिकाले निम्नानुसार छुट्टायाएको पाइन्छ :

**दयाराम श्रेष्ठका अनुसार**

प्रारम्भिक कालखण्ड (वि.सं. १८२७-१९७५)

माध्यमिक कालखण्ड (वि.सं. १९५८-१९९०)

आधुनिक कालखण्ड (वि.सं. १८२७-हालसम्म)

## ४.६.१. नेपाली कथाको प्राथमिककाल

शक्तिबल्लभ अर्यालद्वारा अनूदित वि.सं. १८२७ को 'महाभारत विराटतर्फ' देखि वि.सं. १९५७ सम्मको समयावधिलाई नेपाली कथाको प्राथमिककाल मानिन्छ । यसमा मौलिकताको कमी छ । संस्कृत मूलबाट लेखिएका हुनाले ती कथाहरूमा पूर्व ग्रन्थहरूकै प्रभावको बाहुल्य पाइन्छ । उत्तरार्द्धतिर आइपुग्दा केही छिटपुट मौलिक रचनाहरू पनि प्रकाशमा आएका पाउन सकिन्छ । नेपाली कथाको छुट्टै अस्तित्व र पहिचान स्थापित भई नसकेको यस कालमा आख्यान तत्वको प्रवेश भएका रचनाहरूलाई नेपाली कथाको कोटीमा राखी चित्त बुझाउनुपर्ने तत्कालीन अवस्थाको बोध हुन्छ । कथात्मकता न्यून मात्रामा रहेपनि कथासूत्र प्रशस्त पाइने 'महाभारत विराटपर्व' का अतिरिक्त भानुदत्तको हितोपदेश, मित्रलाभ (वि.सं. १८३३) शक्तिबल्लभ अर्यालक हाँस्यकदम्ब (१८५५) मुन्सीका तीन आहान (१८७६) अज्ञातको दशकुमार चरित्र (१८७५) पिनासको कथा ( १८७२), सिंहासन बत्तिसी (१९५०) सत्रसेनको कथा (१९५५) आदिले नेपाली कथाको विकासमा उल्लखनीय टेवा पुऱ्याएको देखिन्छ । प्राथमिककालको उत्तरार्द्धतिर खासगरी १९३० पछिका लेख रचनाहरूमा पूवार्द्धको तुलनामा रोमाञ्चक र तिलस्मी आख्यानका साथै मौलिकताको प्रवेश पनि फेला पार्न सकिन्छ । यसबाट माध्यमिक कालको संक्रमणको संकेत सजिलै पाउन सकिन्छ ।

## (क) नेपाली कथाको माध्यमिककाल

नेपाली कथाको माध्यमिककाल वि.सं. १९५८ देखि वि.सं. १९९० सम्मको समयावधिलाई मानिन्छ । वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशन हुन थालेपछि नेपाली कथाले प्राथमिककाललाई त्याग्दै सबले कथा लेखनका साथ माध्यमिक कालको आमन्त्रण गरेको देखिन आउँछ । प्राथमिककालीन कथा लेखनको पुराण, ललितकाव्य नीति, उपदेश आदि कथात्मक प्रवृत्तिभन्दा पृथक रहेर भारतीय परिवेशमा प्रचलित अद्भूत कथा, पाश्चात्य, पाश्चात्य अद्भूत कथा, संस्कृतक्ता शिक्षाप्रद एवम्

मनोरञ्जनप्रद मुल्य पहिल्याएर कथा- अनुवाद परम्परामा माध्यमिककाल देखा परेको पाइन्छ । संस्कृत मूलका धार्मिक, पौराणिक स्रोतका कथाहरू Őङ्गार प्रेम विनोदका कथाहरू, सामाजिक, ऐतिहासिक एवम् जासुसी कथाहरू माध्यमिक कालमा देखापरेका पाइन्छन् ।

गोरखापत्र र गोर्खालीकै समकक्षी बनेर गोर्खा संसारले कथा विकासमा नयाँ सम्भावनालाई आत्मसाथ गरेको पाइन्छ । गोर्खा संसारमा प्रकाशित उल्लेख्य कथाहरू र कथाकारहरूमा सूर्यविक्रम ज्ञवाली ' लाहुरे', 'देवीको बली', 'इष्ट उपनामका लेखकको वियोग' सपना रायग सिंहको 'परिवर्तन' र अन्नपूर्ण राममानसिंह गोर्खाको 'एउटा गरिब सार्कीकी छोरी', प्रेमसिंह गोर्खाको 'करनीको फल' आदि रहेका छन् । यी कथाहरूले नेपाली कथामा आधुनिकताका प्रवृत्तिको पूर्ण संकेत दिएका छन् । जे होस्, 'गोर्खासंसार' ले आधुनिक नेपाली कथाको सबल पृष्ठभूमि तयार पार्ने काममा महत्वपूर्ण भूमिका निर्वाह गर्दै माध्यमिककालीन कथा लेखन प्रवृत्तिको अन्त्य र आधुनिक कथा लेखनको क्षितिजको उद्घाटन गरेको देखिन आउँछ ।

## (ख) नेपाली कथाको आधुनिककाल

नेपाली कथालाई आधुनिकताको क्षेत्रमा प्रवेश गराई साहित्यिक सफलता र नवीनता दिलाउने काम 'शारदा' पत्रिका वि.सं. १९९१ बाट भएको पाइन्छ । कुनै समालोचकहरूले 'शारदा' पत्रिकाको प्रकाशनलाई आधुनिक कालको आधारबिन्दु बनाएका छन् भने कुनैले वि.सं. १९९२ लाई साँध बनाएका छन् । तर वि.सं. १९९२ को 'शारदा' पत्रिकामा प्रकाशित गुरुप्रसाद मैनालीको 'नासो' कथाबाट नै नेपाली कथाले आधुनिकताको बलियो जग बसालेको पाइन्छ । मैनालीपछि विभिन्न कथाहरूले झन् नविन पद्धतिको अन्वेषणका साथ कथा सिर्जना गरे । त्यसपछि विभिन्न कथाकारका कथाहरूले आधुनिक नेपाली कथाको विकास प्रक्रियामा थप बल पुऱ्याए तापनि पहिलो मौलिक तथा सामाजिक कथा गुरूप्रसाद मैनालीको 'नासो' लाई नै आधुनिक कालको ऐतिहासिक बिन्दु मान्न बढी वैज्ञानिक तथा युक्तिसङ्गत देखिन्छ । शारदाको प्रकाशन वि.सं. १९९१ बाट भए पनि 'नासो' कथा शारदा पत्रिकामा वि.सं. १९९२ मा प्रकाशित

भएकाले सिङ्गो युगलाई कथाको आधुनिककाल मान्नुपर्छ । त्यसैले मैनालीलाई नै आधुनिककालका युग सन्धिका कथाकार मानिन्छ । त्यहीबाटो भएर आधुनिक मैदानमा पर्दापर्ग गर्ने कथाकारहरूमा विश्वेश्वरप्रसाद कोइराला, पुष्कर शमशेर, बालकृष्ण सम, भवानी भिक्षु, हृदयचन्द्रसिंह प्रधान आदि रहेका छन् । आधुनिककालको प्रथम चरणबाट नै नेपाली कथामा विभिन्न मोड र प्रवृत्तिहरू देखापरेका छन् । ती प्रवृत्ति र प्रतिनिधि कथाहरूलाई यसप्रकार देखाउन सकिन्छ :

(अ) यथार्थवादी धारा

(आ) मनोवैज्ञानिक धारा

(इ) प्रयोगवादी धारा

(उ) प्रगतिवादी धारा

(ऊ) समसामयिक धारा

## (अ) यथार्थवादी धारा

यथार्थताको चित्रणसहित देखापरेका कथाहरू नै यस धारा अन्तर्गत पर्दछन् । नेपाली कथा साहित्यको इतिहासलाई हेर्दा आधुनिक नेपाली कथाको थालनी पनि यथार्थवादी धाराबाट नै भएको पाइन्छ । यस धाराले समाज, जीवन र परिवेशलाई आत्मसाथ गर्दै नयाँ स्वरूप लिएर यथार्थवादी चित्रणसहित देखापर्छ । यसमा समाजका अनेकन विषयवस्तु र दिनचर्याको यथार्थ चित्रण ऐतिहासिक घटनाको साथै आर्दशोन्मुख कथाकारका नाइके हुन् । उनका कथाहरू यथार्थवादी भएर पनि आदर्शतिर उन्मुख छन् । त्यस्तै बालकृष्ण सम, पूर्णप्रसाद श्रेष्ठ, रुद्रराज पाण्डे, पुष्कर शमशेर आदि पनि यस धाराका महत्वपूर्ण र चर्चित कथाकारहरू हुन् ।

## (आ) मनोवैज्ञानिक धारा

आधुनिक नेपाली कथाको आरम्भमा नै बि.पि. कोइरालाबाट मनोवैज्ञानिक कथाहरू लेखिन थाले यथार्थवादी धाराभन्दा दृष्टिकोणमा मान्छेका आन्तरिक आवेग, कुण्ठा र चाहनाहरूको समेत चिरफार गरी लेखिएका मनोवैज्ञानिक कथाहरू नै यस कोटीमा पर्दछन् । मान्छेमा हुने यौनजन्य क्रियाकलापहरूको आन्तरिक विषयवस्तुमा

आधारित यौनमनोबैज्ञानिक कथाहरू बि.पि. कोइरालाको 'कथाकुसुम' (१९९५) मा संकलित छन् । त्यस्तै बालकहरूको आन्तरिक चाहना, भाव र क्रियाकलापमा आधारित बालमनोविज्ञान र अपराध मनोविज्ञानसँग सम्बन्धित कथाहरूले पनि मनोवैज्ञानिक धारालाई अगाडि बढाएका छन् । यस धाराका प्रमुख कथाहरूमा बि.पि. कोइराला, गोविन्दबहादुर मल्ल, 'गोठाले', विजय मल्ल, भवानी भिक्षु, तारणीप्रसाद कोइराला, प्रेमा शाह, पोषण पाण्डे आदि हुन् ।

### (इ) प्रगतिवादी धारा

नेपाली समाजमा देखा परेका विसङ्गति र विकृतिहरूका साथै आर्थिक असमानताको चित्रणसहित लेखिएका प्रगतिवादी कथाहरूले पनि आधुनिक कथा साहित्यमा एउटा छुट्टै पहिचान स्थापित गरेका छन् । मार्क्सवादी सामाजिक चिन्तनधाराबाट अभिप्रेरित कथाहरूले नै प्रगतिवादी धारालाई अगाडि बढाएका छन् । वि.सं. २०१७ सालसम्म देखा परेको राजनीतिक अस्थिरता, असमानता, र संक्रमणकालीन परिवेशमा लेखिएका कथाहरूमा रमेश विकल, खगेन्द्र संग्रौला, कृष्णप्रसाद चापागाई, गोविन्द गोठाले आदि पर्छन् ।

### (उ) प्रयोगवादी धारा

आधुनिक नेपाली कथा लेखनको फाँटमा वि.सं. २०१७ पछि नयाँ मोड देखापर्छ । समाजको सिङ्गो संरचना भावका दृष्टिले सरलताबाट जटिलतातिर मोडिने क्रम सुरु भयो । अभिव्यक्तिमा जटिलता, दुरुहता र अस्पष्टता देखा पर्न थाल्यो । नेपाली कथा लेखनमा नौलो प्रयोगको थालनी भई वि.सं. २०३५ सालसम्म यस धाराले निरन्तरता पायो । यस चरणमा वैज्ञानिक चिन्तन प्रधान र प्रयोगवादी शिल्पको चामत्कारिक प्रयोगतिर कथा लेखनलाई डोऱ्याएको भेटिन्छ । एकातिर आयमेली लेखन र अर्कातिर यौनवादी लेखनतिर समेत नेपाली कथा छरिएको छ । यस धारका प्रमुख कथाकारहरूमा इन्द्रबहादुर राई, शंकर कोइराला, पारिजात, ध्रुवचन्द्र गौतम, शैलेन्द्र साकार, खगेन्द्र संग्रौला आदि हुन् ।

### (ऊ) समसामयिक धारा

प्रगतिवादी धाराको क्लिष्टता र दुरुहताबाट पन्छिदै आधुनिक कथाहरूले वि.सं. २०३५ पछि विषयवस्तुको सापेक्षतामा र सरलताबाट आफ्ना कथाहरू लेख्न थाले । समाजका वास्तविक र समसामायिक घटनाहरूलाई कथाको विषयवस्तु बनाए । सरल र सुबोध भाषा शैलीमा कथाहरू लेखिन थाले । राष्ट्रिय अन्तर्राष्ट्रिय, ज्ञान विज्ञान, सङ्गति, विसङ्गति, अकथा लघुकथा जस्ता विविधतामा कथाहरू छरिन थाले । बेलाबेलामा भएका राजनीतिक आन्दोलनहरू जस्तै २०३६ को जनमत सङ्ग्रह २०४२ को सत्याग्रह २०४६ को जनआन्दोलन आदिबाट समेत प्ररित र प्रभावित हुँदै तत्कालीन विविध अवस्थाको स्थिति बोध गराउँदै लेखिएका यस अवधिका कथाहरूलाई समसामयिक सन्दर्भमा समाहित गर्दै समसामयिक युग भनिएको पनि पाइन्छ । जीवनका सामयिम युग भनिएको पनि पाइन्छ । जीवनका सामयिक मूल्यलाई स्थापना गर्ने, सामाजिक संरचनाका विसङ्गतिहरूलाई आलोचना गर्ने र मानवीय चरित्रमाथि थपिन आएका अमानवीय चरित्रको निराकरण गर्ने प्रवृत्ति यस अवधिमा देखा परेको छ । कथा विकासकै क्रममा २०४६ सालको जनआन्दोलन र २०६२-०६३ को लोकतान्त्रिक आन्दोलन पश्चात् नेपाली कथा झन् द्रुततर गतिमा अघि बढिरहेको र विभिन्न किसिमका कथालेखन पद्धतिलाई आफूमा समाहित गरेको छ । यसै क्रममा विज्ञान सम्मत विषयवस्तुलाई कथा वस्तुका रूपमा लिई लेखिएका विज्ञान कथा, प्रयोगबादलाई मूल आधार बनाएर लेखिएका प्रयोगवादी कथा आदि विविध प्रवृत्तिका लेखन यस चरणमा भएको पाइनुले कथा लेखनको उर्वरता र विकासको गतिलाई सहजै अनुमान गर्न सकिन्छ ।

आधुनिक नेपाली कथाको विकास क्रममा वि.सं. २०२० देखि वि.सं. २०३५ को समयमा विभिन्न साहित्यिक आन्दोलनहरूले कथा सिर्जना र विकासको क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गरेका छन्, भने वि.सं. २०३५ देखि हालसम्म विभिन्न कथाकारहरूले विविध प्रयोगका साथ कथालेखनमा सक्रियता देखाइरहेका छन् । वर्तमान् जीवनलाई मानवीय आलोचनाका पक्षमा लेखी पूंजीवादी रहस्यहरूलाई उद्घाटन गर्दै संङ्घर्षको निम्ति तयार गर्ने चेतनाको ज्योती फिजाउने र समग्रमा समानताको लक्ष्य राख्ने एक किसिमका कथाकारका श्रेणीमा प्रमुख रूपमा रमेश विकल देखापर्छन् भने अन्य

कथाकारहरूमा नारायण ढकाल, खगेन्द्र संग्रौला, हरिहर खनाल, विनयकुमार कसजु, ऋषिराज बराल, घनश्याम ढकाल, विजल चालिसे, राजेन्द्र पराजुली आदि छन् । यसैगरी सामाजिक प्रवृत्तिका विविध विकृति र विसङ्गतिहरूलाई केलाउने, यौन एवम् समाजका रहस्यलाई उद्घाटन गर्दै मानवीय अस्मिता एवम् विश्वभ्रातृत्वका पक्षमा आफूलाई उभ्याउने र यस अतिरिक्त विज्ञानले सिर्जना गरेका विसङ्गत अवस्थालाई चित्रण गर्ने कथाकारहरूमा इन्द्रबहादुर राई, सनत रेग्मी, मञ्जु काँचुली, सीता पाण्डे, कुमार ज्ञवाली, हरि अधिकारी लव गाउँले, धुर्वचन्द्र गौतम, तेज प्रकाश श्रेष्ठ, मधुवन पौडेल, कृष्ण गौतम, विश्वम्भर चञ्चल, माधव भण्डारी, मनु ब्राजाकी, मोहनराज शर्मा, गोपाल पराजुली, वनमाली निराकार, शैलेन्द्र साकार, पारिजात, महेश विक्रम शाह, नीलम कार्की आदि पर्दछन् ।

## ४.५. साहित्यकार अनल गौतमका कृतिहरूको अध्ययन

साहित्यकार अनल गौतमले नेपाली साहित्यको विभिन्न क्षेत्र, हाइकु (कविता) कविता, कथा, गीत आदि विधामा परिचित नाम हो । आजसम्म अनलका 'शुभप्रभात' हाइकु सङ्ग्रह 'चिनारी' कविता सङ्ग्रह घाट-घाटका कथा सङ्ग्रह र 'सरसी' गीति एल्बम प्रकाशित भइसकेका छन् । प्राथमिकताको आधारमा यी कृतिलाई हेर्दा उनका कविता कृति बढी देखिन्छन् । यिनका साहित्यिक कृतिहरूको विश्लेषण सर्वप्रथम हाइकु, कविता, कथा र त्यसपछि मात्र गीति एल्बमको गरिएको छ ।

### ४.५.१. 'घाट घाटका कथा' कथोपन्यासको विश्लेषण

कथाकार अनल गौतमको 'घाट घाटका कथा' कथोपन्यास हो । यो कृति व्यक्तिगत रुपबाट हेर्दा कथा सङ्ग्रह हो भने समष्टि रुपबाट अध्ययन गर्दा कथोपन्यास हो ।

नेपाली साहित्य फाँटको बहुमुखीप्रतिभा साहित्यकार अनल गौतमको अर्को साहित्यिक क्षेत्र कथा विधा पनि हो । साहित्य यात्राको क्रममा शुभप्रभात हाइकु र चिनारी कविता सङ्ग्रहको प्रकाशनपछि २०७० मा घाट घाटका कथा, कथा सङ्ग्रह

प्रकाशित गर्न पुगेका अनलले आफूलाई साहित्यिक फाँटमा बहुमुखी प्रतिभाको रूपमा स्थापित गर्न सफल भएका छन् । अनलका कथासङ्ग्रहमा संकलित सबै कथाहरूले सामाजिक धरातललाई टेक्न पुगेका छन् । युगीन वर्तमान समाजका विकृति, विसङ्गति, वाध्यता, विषमता, बिडम्बनाले ग्रसित मानवीय स्थिति र सिर्जित मनः स्थितिलाई र अझ भनौं मानवीय मनको घातप्रतिघात, विद्रोह, आशा, निराशा, कुण्ठा र अभावलाई हाम्रो समाजको भोगाई र यथार्थ अनुभवलाई समाजका उच्च मध्यम र निम्न वर्गका पारिवारिक यथार्थ पक्षको उद्घाटन भएर नै कथाकार अनलका कथालाई सफल मान्न सकिन्छ ।

मानवीय तथा सामाजिक समस्याको र मानव मनका विभिद मनः स्थितिहरूको यथार्थ अङ्कन गर्दै लेखिएका उनका कथाहरूले समाज तथा मानव जीवनका विविध पाटाहरूको उद्घाटन गरेका छन् । अझ बढी मानवीय स्थितिहरूलाई र हाम्रै ग्रामिण समाजमा घट्ने वास्तविक यथार्थ घटनालाई अनलले आफ्नो कथामा प्रस्तुत गरेका छन् । यसरी यस समाजका मान्छेका जीवन भोगाई र नारी मनको यथार्थ चित्रलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्दै मानसिक सन्दर्भलाई यथास्थितिमा उजागर गर्न सक्नु नै उनको कथाकारिताको मूल प्राप्ति हो । यिनै सन्दर्भबाट अनलका कथाको विश्लेषण हुनु उचित देखाएकाले सोही अनुरूप अध्ययन तथा विवेचना गर्ने जमर्को गरिएको छ । अनलद्वारा लिखित 'घाटघाटका कथा' कथा सङ्ग्रहमा जम्माजम्मी १३ वटा कथाहरू सङ्कलित रहेका छन् ।

## (क) सामाजिकता

अनलका कथाका सबैजसो पात्रहरू सामाजिक मानसिकता बोकी जिएका छन् । म पात्र, म पात्रको साथी, भोलाप्रसाद, जीवन, धनमाया, कृष्णबाजे, भरिया, हर्के आदि हाम्रै समाजकाप्रतिनिधि पात्र हुन् । यिनीहरू सबै सामाजिक मानसिकतामा रुमलिएका छन् । विभेदताले युक्त हाम्रो समाज विभिन्न समस्याले जेलिएको छ । अत आजको यस समाजमा बाँचेका मान्छे आ- आफ्नै खाले जीवन भोगाई, नारी वेदना, पीडा, गरिबी, अभाव र विद्रोहलाई अर्थ्याउने क्रममा र समाजका विभिन्न उच्च, मध्यम र निम्न

वर्गीय विविधताको यथार्थ चित्रणको उद्घाटन गर्दै कथाकार अनलले समाजको प्रतिनिधित्व गर्ने आकाङ्क्षा राखेका छन् ।

अनलका कथामा समाजमा प्रचलित जातीय विभेद यसबाट सिर्जित समस्या परिवारका सदस्यमा भएको द्वन्द्व आदि जस्ता विषयलाई कथाको मूल विषयवस्तु बनाइएको पाइन्छ । समाजमा घटेका पारिवारिक घटना जीउने क्रममा जीवनसँग गर्नु परेको संघर्ष, मानसिक अर्न्तद्वन्द्व, प्रतिशोधको भावना, नारी कोमलता, सामाजिक निश्चल प्रेम, आर्दश पुरुष, समयको गतिशीलता, मानवीय व्यवहार आदि यथार्थ जीवन चरित्र छर्लङ्ग्याउन अनलको प्रत्येक कथा सफल देखिन्छन् ।

अनलको लास र व्यापारको साइनो कथामा एउटा नोकरलाई आफ्नो साहुले गरेको अमानवीय व्यवहारलाई प्रस्ट्याउँदै सामन्ती वर्गले निम्न तथा तल्लो वर्गका मानिसहरूलाई जीवित र उसको मृत्युपछि पनि कसरी उसको लासमाथि सौदा गर्छन् भन्ने कुरा देखाइएको छ भने अर्कातिर आफ्नो पति परलोक भएपछि गरिबीको कारण बिधुवा नारीले भोग्नुपरेको वास्तविक समस्यालाई उजागर गरिएको छ । त्यस्तै गरी 'खील' कथामा एउटा सक्षम बच्चाले अनायासै आमा गुमाउनु परेको कारणबाट उसको जीवनमा भित्रिएका समस्याले कसरी उसको जीवन अन्त्य बन्न पुगेको छ भन्ने कुरालाई पनि कथाकारले कथाको माध्यमबाट स्पष्ट पार्न खोजेका छन् ।

यसरी आफ्ना कथामा समाजका चरित्रहरूलाई भित्र्याएर यिनका दिनचर्या, भिन्न स्वभाव, नारीको मानसिकता, वर्गीय असमानता र परिस्थितिको सजीव प्रस्तुतिबाट यथार्थ अङ्कन गर्न कथाकार अनल सफल देखिन्छन् । अतः सामाजिक यथार्थका दृष्टिले उनका कथाहरू महत्वपूर्ण ठहरिन्छन् ।

## (ख) समसामयिकता

कथाकार अनलका कथामा समाजको स्थिति र गति व्यक्त्याउने क्रममा समसामयिक सन्दर्भहरूको सफल प्रयोग भएको छ । कथामा आएका पात्रहरू अलौकिक, अयथार्थ र मानवेतर गुणबाट टाढा रहेका छन् । युगले निम्त्याएको समस्यासँग जेलिदै छन् र पीडा, वेदना र कुण्ठालाई समेट्दै युगीन जीवनमा हेलिदै छन् । सपनाभैं सुन्दर

मिठो र उच्च आदर्श मात्र नभएर तीतो यथार्थको जीवन भोग्दै छन् । त्यसैले अनलका कथाहरू स्वत : समय सापेक्ष हुन पुगेका छन् । हाम्रै ठाउँ विशेषको यथास्थितिको अङ्कन र तदअनुरूप पात्रको सामाजिक मानसिकताले कतिपय कथाहरूले प्रश्रय पाएको देखिन्छ । जसले गर्दा यी कथाहरू कालजयी र अविस्मरणीय बनेका छन् । यसरी समाज जीवन यस्तो हुनुपर्दछ भन्ने आदर्श मात्र नभएर जस्तो छ भन्ने यथार्थका कथा तयार गर्ने अनल पनि समयले पारेको प्रभावबाटै डोरिएका छन् भन्ने कुरा उनका कथाबाट स्पष्ट हुन आउँछ ।

## (ग) मनोवैज्ञानिकता

कथाकार अनल गौतमका कथाहरूमा मनौवैज्ञानिक पक्षले पनि स्थान पाएका छन् । उनका कथामा पात्रका मानसिक सन्दर्भहरू कथामा टड्कारिएर प्रस्तुत भएका छन् । कथाका कति पात्रहरू चेतनाबाटै द्वन्द्व भेल्छ र चेतन अवस्थामा नै निर्णय गर्छन् । जीवनको यथार्थ भोगाई तिको मनस्थितिबाट नै प्रतिबिम्बित भएको महसुस हुन्छ । समय, परिस्थिति र परिवेशको प्रभावमा पात्रको मानसिकता तयार भएको देखिन्छ । कथाकारका कतिपय सन्दर्भहरू पात्रका एकालाप बानीद्वारा मानसिकताबाटै उजागार भएका छन् ।

अनलका कतिपय कथाहरूमा मानवीय स्वभावजन्य मानसिकता राम्ररी प्रस्तुत भएका छन् । समाजमा हुने गरेका अन्याय, अत्याचार, शोषण, नारीले भोग्नुपरेका समस्या, पीडा र अभावमा केन्द्रीत रहेको तथा पात्रका मनका उथलपुथलहरू आन्तरिक र बाह्य द्वन्द्वको रूपमा प्रस्तुत भएको पाइन्छ ।

## (घ) चरित्रचित्रण

अनलका कथाका पात्रहरूलाई नियाल्दा मानवीय स्वभाव अनुकूलकै आचरणले गर्दा ती अत्यन्त सजीव देखिन्छन् । यही समाजको परिवेश अनुरूपको मानसिकता र बोली व्यवहारले ती स्वभाविक पनि लाग्छन् । सहरी र ग्रामीण सबैखाले पात्रहरूलाई अनले कथामा समयानुकूल प्रवेश गराएका छन् । धेरैजसो काठमाडौं, नुवाकोट, धादिङ्ग,

भोजपुर, चितवन, झापादेखि भारतको उत्तर प्रदेशमा अवस्थित विभिन्न घाटको चित्रण कथामा भएकाले पात्रहरू पनि सहरकाभन्दा गाउँले पृष्ठभूमिबाटै उतारेका छन् । सहरिया पात्रहरू बौद्धिक र सचेत हुने भएकोले उनीहरू नै मानसिक अन्तर्द्वन्द्वमा फसेको देखिन्छ । जसको प्रत्यक्ष अनुभव सम्मोहन, लाससँगको एकालाप, इच्छा-हत्या जस्ता कथाहरूमा भेट्न सकिन्छ भने ग्रामीण पात्रको यथार्थ प्रस्तुति 'खील' अर्थात शान्त, 'दीर्घ- उन्मुक्ति', धनमाया, 'लास र व्यापारको साइनो' जस्ता कथाहरूमा पाइन्छ । अनलका कथाका पात्रहरू प्रभावशाली र रङ्गमञ्चमा नाटक गरे अनुरूप स्वभाविक समेत देखिन्छन् । यसरी पात्रको चरित्रचित्रणमा पूर्ण गतिशील र स्वाभाविकपन दिन सकेर कथाकार सफलता भागीदार बन्न पुगेका छन् ।

यथार्थ जीवनमा मानवीय गुण र दोषको संगम भएकोले उनका कथाका पात्रहरू दोषको संगम भएकाले उनका कथाका पात्रहरू पनि मानवीय स्वभाव, चरित्र र आचरणका छन् । आदर्श पात्रको उदाहरण स्वरूप आरिसलाग्दो मृत्यु, कथाका समाजसेवी हर्कबहादुर राईको चरित्रलाई चोखो आदर्शको रूपमा लिन सकिन्छ । समाजको यथार्थ पक्षलाई र नारी पीडा, वेदना, करुणा, अभाव र व्यथालाई दुरुस्त उतार्न कथाकार निकै प्रत्यनशील र सफल देखिन्छन् ।

पात्रका संख्याका हिसाबले उनका कथाहरूमा ज्यादै सन्तुलन भेटिन्छ । कथाका पात्र चयनमा पनि अनलले बढी वयस्क र केही अर्ध वयस्क पात्रलाई उभ्याए र तिनीहरूकै माध्यमबाट समाजमा सकारात्मक असर छोड्नु उनको आफ्नो प्रवृत्तिगत वैशिष्ट्य हो । त्यसैले उनका सबै पात्र, युवा अधैवेशें, प्रौढ समूहको प्रतिनिधि पात्रको रूपमा र बृद्ध पात्रले एकाध कथाहरूमा स्थान पाएका छन् । त्यस्तै गरेर अनलले 'घाटघाटका कथा' कथा सङ्ग्रहमा थोरै कथामा मात्र प्रथम पुरुष अर्थात् आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरेका छन् भने धेरै कथामा तृतीय पुरुष अर्थात् बाह्य दृष्टिबिन्दुको प्रयोग गरेका छन् ।

## (ङ) परिवेश

कथाकार अनलले भारतको उत्तरप्रदेशमा रहेको गढमुक्तेश्वर महादेव मन्दिर परिसरदेखि नेपालमा अवस्थित काठमाडौँको पशुपति आर्यघाट तथा झापा, चितवन, नुवाकोट, धादिङ्ग जिल्लामा अवस्थित नदी वा खोला किनाराका घाटलाई कथाको परिवेश बनाई समाजको यथार्थ प्रस्तुत गर्ने अनलले मानसिक परिवेशमा पीडा, दुःख, निराशा, स्वार्थ, मनोविज्ञान आदिको समेत उपयोग गरेका छन् । आफू जन्मेर खेलेको माटोलाई नै कथाको मुख्य कार्यक्षेत्र बनाएर सुहाउँदिलो विषयवस्तु अनुरूपको परिवेश प्रयोग गरेका छन् ।

कतै कतै कथाकारले प्राकृतिक परिवेशको चित्रण पनि गरेको देखिन्छ । प्रकृतिलाई अबलम्बन बनाउँदै कथामा आकर्षता थप्ने काम कथाकारबाट भएकोले उनी विभिन्न परिस्थिति अनुसार परिवेशको चित्रणमा उनी सफल देखिन्छन् । मानव जीवन र त्यससँग सम्बन्धित सबै परिवेशलाई देश, काल, परिस्थिति र वातावरणको चयन र चित्रणका आधारमा देखापर्ने परिवेश पनि मानव जीवनको भोगाई नै बन्न पुगेको कुरा उनको कथामा स्पष्ट हुन्छ ।

## (च) भाषाशैली

आकार, उपयुक्त भाषिक प्रयोग, भाषाशैलीमा सरलता, शैलीगत मिठास, छोटा-छोटा वाक्य विन्यास मूल कथाकारले पाएको पूर्णता, रसिला वाक्यहरू, हृदयस्पर्शी अभिव्यक्ति, कतै-कतै बिम्बात्मक र प्रतिकात्मक भनाइ, संवादको समुचित प्रयोग, उखान तुक्काको प्रयोग आदिले गर्दा कथाकार अनलका कथा शिल्पी प्रविधिको दक्षता उच्चतम रहेको महशुस हुन्छ ।

समाजका कटु यथार्थसँगै पात्रको परिवेश वातावरणका साथै मानसिक स्तर अनुरूप कथाका पात्रहरू सहरी र ग्रामीण परिवेश भएकाले सबैले बुझ्न सक्ने र समाजमा पचाउने सरल तथा सरह भाषा अनि सुहाउँदो संवादको प्रयोग उनका कथाहरूमा भेट्टाइन्छ ।

## (छ) उद्देश्य

सामाजिक जीवन भागाई र देखाइबाट प्राप्त अनुभवलाई संयोजन गर्दै कथानकलाई डोऱ्याएर यथार्थपरक शैलीमा कथात्मक अभिव्यक्ति प्रस्तुत गर्नु नै अनलको अभीष्ट रहेको छ । आजको समाज विषम परिस्थितिबाट गुज्रिरहेको छ । विसङ्गत वातावरणले गर्दा जनजीवन आक्रान्त छ र युगले निम्त्याएको सामाजिक जटिलता र अस्तव्यस्त मानसिक घातप्रतिघात झेल्दै आजका मानिसहरू मूल्यहीन जीवन भोगाइमा बाँच्न विवश छन् । अधिकांश मानिसहरू गरिबी र अर्थभावका कारणले रोग, शोक र भोकलाई झेल्दै अन्त्यमा मृत्युवरण गर्दछन् भने कति दिनहीन अवस्थामा वेदनाग्रस्त जीवनमा एक पेट खान र एकसरो कपडा लगाउनका लागि पनि संघर्ष गर्नुपरेको छ । फेरि हाम्रै समाजका कतिपय सहरिया पूर्वीय सांस्कृतिक मूल्य र मान्यताप्रति आँखा चिम्लिदै पाश्चात्य संस्कृति अँगाल्दै कुमार्गतर्फ डोरिदैछन् । यसरी विभिन्न परिस्थितिमा रहेर अनेक समस्याहरूसँग जुध्दै यहाँका मानिसहरू जिउन विवश छन् । यी आदि कुराहरूलाई अनलले आफ्ना कथामा स्थान दिएका छन् ।

### ४.५.२. 'चिनारी' कविता सङ्ग्रहको विश्लेषण

साहित्यकार अनल गौतमलाई अनल भनेर साहित्यिक क्षेत्रमा परिचित गराउने विधा कविता हो । उनी समसामयिक पुस्तिकका चर्चित युवा कवि हुन् । नेपाली कविताको फाँटमा निरन्तर कलम चलाइरहेका गौतमका हालसम्म चिनारी कविता सङ्ग्रह प्रकाशित भएको छ जसमा ४० वटा कविता रहेका छन् । चिनारी कविता सङ्ग्रहमा सङ्कलित कवितामा मानिसका पीडा व्यथा, कुण्ठाभित्रको जीवन भोगाई, समकालीन नेपाली समाजमा देखा परेका विकृति-विसङ्गति, युगीन समस्याप्रति संवेदनशीलता, वैयक्तिक, मानवीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय असङ्गति, मानवीय मूल्य मान्यताप्रति युवा सुलभ आक्रोश प्रखर रूपमा व्यक्त भएका छन् । यिनै मुख्य सन्दर्भमा केन्द्रित भई अनल गौतमका कविताहरूको विभिन्न कोणबाट अध्ययन विश्लेषण गरिएको छ ।

#### (क) सामाजिक व्यङ्ग्य

कवि अनलका कवितामा सामाजिक व्यङ्ग्य टङ्गारो रूपमा देखा परेका छन् । नेपाली समाजमा देखिने स्वार्थीपन, सामन्ती वर्गले दु:खी गरिब जनताप्रति गर्ने शोषण तथा अमानवीय व्यवहार, माया प्रेम आदि यथार्थ घटनाहरूमा व्यङ्ग्यको झटारो हान्नु उनको कवि धर्म हो । खास गरिब शोषण, सामाजिक, सांस्कृतिक भेद्भाव प्रशासनिक क्षेत्रमा देखिएको भ्रष्टाचार, दुराचार आदि जस्ता समाजमका हुने नराम्रा पक्षहरू व्यङ्ग्य उनको कवितामा पाइन्छ । यी कुराको पुष्टिका लागि उनका कविताका केही पङ्तिहरू :

उठेर सदाझैं तर

निराश मन अनि

गह्रौं तन लिएर

नित्य कर्म पश्चात

भान्छाभित्र छिर्दा

मैले देखेँ,

रित्ता भाँडाकुँडा

चिसो चुलो

मैंले केही बोलिन

**(मेले देखेको हाम्रो सपना, पृ.१) चिनारी**

यसरी कवि अनल गौतमले प्रशासनिक क्षेत्रमा भएको भ्रष्टचार, अनियमितता, समाजमा व्याप्त हत्या, हिंसा र आतङ्कले उब्जाएका सामाजिक समस्यालाई काव्यिक रचना मार्फत् व्यङ्ग्य प्रहार गरेका छन् । सामाजिक असमानता र वर्गीय भेदभावले गर्दा आन गरिब झन्-झन् गरिब र धनी झन्-झन् धनी बन्दै गइरहेको छ । यसरी उत्पन्न भएको धनी र गरिबबीचको असमानताप्रति पनि उनी आक्रोश पोख्छन् । कविले

रोग, भोक र शोकले छटपटाइरहेका गरिब नेपालीका कारुणिक अवस्थाको चित्रण पनि अत्यन्तै सहज तरिकाले गरेका छन् ।

## (ख) राजनीतिक व्यङ्ग्य

कवि अनल गौतम आफ्ना कवितामा सघन र सशक्त रूपमा देखिएको विषय राजनीतिक सन्दर्भ पनि हो । उनले हाम्रो देशको पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्र र भर्खरै मात्र देशमा जनताहरूको बलिदानले ल्याएको लोकतान्त्रिक गणतन्त्रका असङ्गत सन्दर्भहरूप्रति असन्तुष्टि जनाउँदै यसमा व्यङ्ग्यात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । 'परिवर्तित स्वरहरू', 'जुलुसै जुलुस', 'शान्ति तिमी', 'एउटा परिवर्तन', 'अर्को आन्दोलन', 'सपूतहरू' जस्ता कवितामा अनलले समसामयिक राजनीतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

कविले कविताको माध्यमबाट सोझा सिधा जनतालाई झुक्याउने झुट्टा फोस्रा आश्वासन दिने राजनीतिक नेता र शासक वर्गलाई व्यङ्ग्य गर्दै ती नेताहरूलाई देशको विकास र जनताको हित हुने कार्य गर्न सचेत गराएका छन् । उनका कवितामा आजको राजनीति झुटो आश्वासनमा मौलाएको छ । गरिब जनतालाई ढाल बनाएर उनीहरूको नाममा विकास बजेट कुम्ल्याएर ऐश आरामका साथ जीवन बिताइ रहेका ती भ्रष्ट नेताहरूको चरित्रलाई उनले यो कविता मार्फत् उतारेका छन् :

बन्दुक बोक्नेको एउटा जुलुस ।

लाठी बोक्नेको एउटा जुलुस ।

कलम बोक्नेको एउटा जुलुस ।

कोदालो बोक्नेको एउटा जुलुस ।

पछाडि छुरा बोक्नेको झन् ठुलो जुलुस ।

**(जुलुसै जुलुस, पृ.२४)**

## (ग) आर्थिक व्यङ्ग्य

कवि गौतमका कवितामा देखा परेको अर्को विषयवस्तु आर्थिक व्यङ्ग्य हो । सामाजिक र राजनीतिक व्यङ्ग्यको तुलनामा आर्थिक व्यङ्ग्यको तुलनामा आर्थिक व्यङ्ग्यको सन्दर्भ शसक्त र प्रभावकारी रूपमा माथि उठ्न सकेको छैन तर पनि कविले गरिबी र पछौटेपन अनि भ्रष्टाचार र अनियमितताको प्रसङ्गको चित्रणमा कतै कतै आर्थिक सन्दर्भ पनि प्रस्तुत गरेका छन् । खास गरी नेपाली समाजमा हुने धनी र गरिबबीचको असमानताको चित्रणमा आर्थिक पक्षको उद्घाटन भएको छ । आजका शासकमा आफैं भ्रष्टाचार गर्ने र आफैं भ्रष्टचारको विरोध गर्ने छट्टु प्रवृत्ति को विकास भएको छ । नेपालमा आम्दानीका विभिन्न स्रोत भए पनि त्यसलाई सही रूपमा सदूपयोग गर्न नसकेकाले आर्थिक अवस्था ज्यादै नाजुक बन्दै गइरहेको वास्तविक यथार्थलाई उनको कवितामा प्रस्तुत गरिएको छ ।

## (घ) राष्ट्रिय अन्तर्राष्ट्रिय विषयवस्तु

कवि अनलले राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको पनि कवितामा विषयवस्तुले निम्त्याएका विविध पाटालाई उद्घाटन गरेको पाइन्छ । राष्ट्रिय परिस्थितिको चित्रणमा सामाजिक, राजनीतिक र समसामयिक सन्दर्भलाई उजागर गर्नुको साथै देशभक्तिको भावनालाई पनि प्रस्तुत गरेका छन् । नेपाली जनताको बलिदानले ल्याएको लोकतन्त्रमा पनि जनताले लोकतन्त्रको अनुभूति गर्न पाएका छैनन् । नेपालमा जस्तोसुकै तन्त्र आए पनि नेपालीहरूले सुख र शान्तिको सास फेर्न पाएका छैनन् । जुनसुकै क्षेत्रमा पनि अहिले नेपालीहरूलाई अराजकताले गाँजिरहेको यथार्थलाई कविले औंल्याएका छन् । लोकतन्त्र स्थापना भएपछि नेपालीहरूमा पलाएका आशाको त्यान्द्रो चुँडिएको कटु यथार्थलाई कविताको निम्न पङ्क्तिबाट पुष्टि गरेको छ :

कति चले गोली अनि

कति पड्के बम यहाँ

निर्जीव अनि सजीवका छातीमा हेर आज,

दानव मस्त भएका छन्

मानव त्रस्त भएका छन्

सूर्य, तिमी किन उदाउन्नौ
रहेका ती गोली बारुद

एकै चोटी फटाउन ।

बिनासेर पुनः धर्ती

नयाँ जीवन बसाउन

सूर्य तिमी किन उदाउन्नौ

नयाँ दिन देखाउन,

नयाँ फूल फूलाउन

(**सूर्य तिमी किन उदाउन्नौ, पृ. ५९**)

## (अ) विषयवस्तु

विषयवस्तु कविताको मुख्य तत्वहो । काव्य रचनाका लागि चयन गरिएको भाव विचार कथ्य वा वस्तुलाई नै विषयवस्तु भनिन्छ । कविले जीवनमा भोगेका र अनुभव गरेका विषयलाई कवितामा उतारेका हुन्छन् भने काल्पनिक विषयले पनि यसमा प्रशस्त स्थान पाउँछ । कविले जीवन भोगाइका क्रममा जुन वस्तुले बढी अभिप्रेरित गर्दछ उसले त्यही उत्प्रेरक वस्तुलाई नै कविताको विषयवस्तु बनाउँदछ । कवितामा प्रारम्भ, विकार र अन्त्य गरी तीन भाग हुन्छ, कवि अनलको 'चिनारी' कविता सङ्ग्रहको विषयवस्तु यथार्थ र परिकल्पनाको सेरोफेरोमा धुमेको छ । कविले यिनै विषयवस्तुलाई कविताको रूप दिई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

अनलका कवितामा देशप्रेम, Õृङ्गारिकता, व्यङ्ग, विद्रोहचेत, सामाजिक भावनाका तरङ्गका अतिरिक्त शान्तिप्रियताको धारणा पनि अभिव्यक्त भएको छ । उनका कविताका प्रमुख विषय तत्कालीन समाजमा देखा परेको अन्याय, अत्याचार, भष्ट्राचार सरकारी क्षेत्रमा भएको आर्थिक अनियमितता तथा सामाजिक

विसङ्गतिप्रतिको व्यङ्ग्य प्रमुख रूपमा हुने गर्दछ भने मानवता, नैराश्यता तथा आनन्द पनि उनका कवितामा विषयवस्तुको रूपमा आएको हुन्छ । त्यस्तै गरेर कतै प्रेम प्रणय त कतै विछोड कतै आस त कतै हाँसो, कसै मिलन त कतै विछोडका विषय पनि कवितामा प्रवृत्त भएका छन् । प्रकृति चित्रण, हाँस्य व्यङ्गको साथै उच्चतम लक्ष्यको अनुशरण कविताका विषयवस्तु बनेका छन् भने राष्ट्र र राष्ट्रियताप्रतिको भावना, सुख दुःख, हर्ष विस्मात्, आँसु, हाँसो आदि कुरालाई कविताको मूल विषयवस्तु बनाएका छन् । त्यस्तै गरी उनका कवितामा स्वच्छन्दता वात्सल्य प्रेम, वैचारिकता मातृभूमिप्रतिको अगाध माया आदि मुलभूत पक्षहरू समेटिएका छन् । कवि अनलले कवितामा यसरी विविध विषय र अर्न्तमनका भावनालाई कविताको जलप लगाएका छन् र ती विषय तथा अनुभूतिहरूलाई प्रस्तुत रूपमा कविता कृतिमार्फत् सबै सामु देखाइदिएका छन् ।

### (आ) राष्ट्रियता

राष्ट्रप्रति गहन जिम्मेवारी बहन गरेका अनल देशभक्ति र राष्ट्रभक्तिको भावनालाई जहिलेपनि आत्मसाथ गर्ने कवि हुन् । त्यस कारण उनका कवितामा जताततै राष्ट्रभक्तिको भावना छताछुल्ल भएको हुन्छ । हाम्रो राष्ट्रिय स्वाभिमान र जातीय गौरव विश्वभर नै प्रसिद्ध छ । तर अहिले हाम्रो देशमा दिनानु दिन बढ्दै गइरहेको हत्या- हिंसा र अराजक स्थितिप्रति सधै चिन्तित देखिने कवि अनल राष्ट्रमा अमन चयन र स्थिरता कायम नभए देश खतराको मोडमा पुग्ने संकेत गर्दै शान्ति स्थापना गर्न हरेक वर्ग एकजुट भएर लाग्नुपर्ने सन्देश आफ्ना रचना मार्फत् यसरी व्यक्त गर्दछन् :

कति जन्मे बुद्ध यहाँ

कति ज्ञानी जन्मे

अशान्ति र अज्ञानताको बीचमा

सूर्य, तिमी किन उदाउन्नौ

हरेकमा शान्ति र ज्ञानका

चक्षुहरू खुलाउन

**(सूर्य तिमी किन उदाउन्नौ, पृ.५९)**

हत्या हिंसाले राष्ट्रलाई जहिले पनि अद्योगतितिर धकेल्ने हुँदा सबै पक्षले यसलाई त्यागेर शान्ति स्थापना गर्नका लागि मिलेर अगाडि बढ्नुपर्छ भन्ने राष्ट्र भक्तिको भावना कवि अनलले आफ्ना कवितामा छरेका छन् ।

## (इ) स्वच्छन्तावादी

कवि अनल स्वच्छन्दतावादी कवि हुन् । आफ्ना मनभित्र उब्जिएका भावहरूलाई सहज रूपमा आत्मपरक ढङ्गले व्यक्त गरिएका उनका कविताहरूमा सहज, कोमल अभिव्यक्ति पाइन्छ । प्रकृति र मानवलाई साध्य बनाएर प्रकृतिको आत्मपरक चित्रणका माध्यमबाट रहस्यवादी स्वैरकल्पनात्मक अभिव्यक्तिको प्रस्तुति उनका कवितामा पाइने हुँदा उनलाई स्वच्छन्दवादी कविका रूपमा पनि लिन सकिन्छ । यस्ता भाव व्यक्त भएका कविताका निम्न पङ्क्तिहरूलाई उदाहरणका लागि हेर्न छ :

यो डाँडा माथिको

उदाउँदो सूर्य

अनि त्यो डाँडा माथिका

अस्ताउँदो सूर्य

उही मुखाकृति

उही कोमलता

उही माधुर्यता र

उही सुनौलो रङ्ग

तर

रातभरिको अन्धकारलाई बिर्साउँदै
उदाउँदो शीतल सूर्य
दिलभरिको तेज प्रकाशलाई मधुऱ्याउँदै
अस्ताउँदो शीतल सूर्य
शुभ बिहानीको कामना गर्दै
उदाउँदो सूर्य
शुभ रात्रीको कामना गर्दै
बिलाउँदो सूर्य

**(सूर्य प्रभात, सूर्य रात्रि, पृ. ५२)**

### (क) लय

अनल गौतम एक सशक्त गद्य कवि हुन् । उनका अधिकांश कविताहरू गद्यलय ढाँचामा नै लेखिएका छन् । उनका यी कवितामा आफ्ना भाव अनुरूप नै शब्द र अनुच्छेदको आयोजना गरिएको छ । गद्य कवितामा लयगत संगठनको आयोजनामा कवि स्वतन्त्र हुने भएकोले कविताको बनोट कविको इच्छा अनुसार नै हुने गर्दछ । कवि अनलका कविताहरू गद्यालयमा उनिएका भए पनि शब्द र वाक्य अत्यन्तै सहजकताका साथ कविताका हरफ अनुच्छेदको समायोजन गरेका छन् । आवश्यकता अनुसार लामा र छोटा अनुच्छेदको निर्माणकता अनुसार लामा र छोटा अनुच्छेदको निर्माण गर्न सक्ने कोइराला अनुभूति र भावका तत्क्षगतालाई व्यक्त गर्न नै लामा र छोटा अनुच्छेदको निर्माण गरेका छन् । छोटा र छरिता हरफहरूले कवितामा लयात्मकता बान्कीको प्रवेश प्रशस्त भएको छ ।

अनलका कवितामा बाह्य र आन्तरिक दुवै लयको प्रयोग भए तापनि बाह्यभन्दा आन्तरिक लय सशक्त बनेको छ । उनको कविताको लयात्मकता सहज र स्वभाविक रूपमा आएका हुन्छन् । कवितामा भावको मिठाससँगै आएका व्यञ्जन वर्णका आवृत्ति

तथा पुनरावृत्तिको उनका कविता लयात्मकता दृष्टिले प्रभावकारी बनेका छन् । उनमा लय सचेतना प्रशस्त मात्रामा रहेको अनुभव हुन्छ ।

### (ख) रस

कुनै काव्य तथा कृति पढी आफूलाई लागेको अनुभूति अर्थात् आश्वादन नै रस हो । कवि अनलका कवितामा विभिन्न रसको प्रयोग भएको छ । मुख्यतया उनका कवितामा Ǒृङ्गारिक, करुण, वीर, विभत्स र शान्त रसको बढी प्रयोग भएको पाइन्छ । कुनै विषयवस्तुको वर्णनको क्रममा कवि अनलका मनमा तरङ्गित विभिन्न भाव प्रस्फुटित हुँदा रसोत्पत्ति भएको छ । प्रेम प्रणयको भाव पोख्दा Ǒृङ्गार रस देशको अवस्था देखेर विद्रोही बनेको बेला वीर रस, गरिब तथा असाहय र दीनहीन वर्गको प्रस्तुतिमा करुण रस, रोगभोग तथा विकृति र विसङ्गतिको प्रस्तुतिमा विभत्स र निराशा भावको प्रस्तुतिमा शान्त रसको उत्पत्ति भएको छ ।

### (ग) शैली- शिल्प

काव्यको बाह्य पक्ष शैली हो । यसमा शैली भन्नाले कविताको निर्माण कसरी भएको छ ? त्यसलाई बाह्य रूपमा के- कस्तो आभूषण पहिऱ्याइएको छ ? त्यसको रूप कस्तो छ ? आदि हेर्ने काम यसमा हुन्छ । अनलका कवितामा मूलतः प्रगतिवादी र केही मात्रामा स्वच्छन्दतावादी शैली पाइन्छ । उनी अलङ्कार, रस, संरचना, भाव, विषय, बिम्ब र प्रतीकको सफल आयोजना गरी कवितालाई आकर्षक र प्रभावकारी शिल्पको संयोजन गर्ने कविका रूपमा उभिएका छन् । आन्तरिक तथा बाह्य किसिमबाट कवितालाई नवीन शैली- शीलपको आभूषणले सजाई कविताको बनोट तथा बनोटमा पनि होसियारका साथ अभिव्यक्ति सिर्जना गर्नमा कवि सचेत भएका छन् ।

उनका कवितामा युगीन समस्या, समसामयिक सन्दर्भ, जीवन भोगाइप्रति नैराश्यता मानवीयताको ह्रास र बन्धुत्वको भाव झल्किन्छ । अनलका कवितामा काव्यात्मक शिल्प प्रयोगको नवीन ढाँचा पाइन्छ । उनी कवितात्मक संरचनाको संगठनतर्फ विशेष झुकाव राख्छन् । छोटा- छोटा वाक्य तथा अनुच्छेदमा रचिएको

उनका कविता मध्यम आयामका छन् । विशेष गरी राष्ट्रिय र आंशिक रूपमा भए पनि अन्तर्राष्ट्रिय विषयलाई अनुभव गरेका कुरालाई विभिन्न विम्ब र प्रतीकको सहारा लिएर कलात्मक बान्कीका साथ प्रस्तुत गर्ने खुबीले कविलाई एक सचेत शिल्पी कविका रूपमा उभ्याएका छन् ।

### (घ) समाज चित्रण

साहित्यकार अनल गौतमका कवितामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा नेपाली समाजमा घट्ने हरेक खाले वास्तविक घटनाको यथार्थ चित्रण प्रस्तुत गरिएको हुन्छ । समाजमा देखिएका समस्या र चुनौतीलाई मध्यनजर गरी यसको समाधानको उपाय पनि आफ्ना कविता मार्फत् जाहेर गर्ने कवि अनलको कवितामा समाजको यथार्थ पक्ष समेटिएका छन् । समाजमा परापूर्वकालदेखि नै जरा गाड्दै आएको वर्गीय असमानता र जातीय भेदभावप्रति आक्रोश व्यक्त गर्दै एउटा समतामूलक समाजको कल्पना उनका कवितामा गरिएको हुन्छ :

देश छैन भने बाँच्नुको के अर्थ

मेरो परिवारको लागि बाँच्नु भन्नु नै

आफ्नो लागि बाँच्नु भन्नु नै

देशको लागि बाँच्नु हो ।

देशलाई म चाहिन्छ

मलाई देश चाहिन्छ

म स्वार्थी भए देश बिग्रन्छ

देश बिग्रे मेरो अस्तित्व बिग्रन्छ

मलाई हतियार बनाई

मेरो काँधमा बन्दुक अड्याएर

उफ्रनेहरू पनि छन्

मलाई त्यसबाट जोगिनु छ

र देशलाई जोगाउनु छ

म कुनै हालतले बाँच्न चाहन्छु

स्वार्थी हातहरूबाट

विदेशी मातहरूबाट

ठगका साथहरूबाट

मेरो देश बचाउनुछ मलाई

गरिबीलाई पचाउनुछ मलाई

जतिकै दु : ख सहनु परे पनि

मुलुकभरि भत्किएका

विकासका संरचनाहरू

देशभरि बिग्रिएका विचारहरू

सर्पानु छ मलाई

मेरो यौटा आकाङ्क्षा छ

म यही धर्तीमा मर्न चाहन्छु ।

(नेपाली, पृ. ४१)

## (ङ) देशप्रेम

पहिलदेखि नै आफू जन्मेको देश र आफ्नो मातृभूमिलाई प्राणभन्दा प्यारो ठान्ने परम्परा रहेको पाइन्छ । देशका सपूतहरूले नै देशको उन्नति गर्ने र भविष्यको मार्गनिर्देशन दिने हुनाले राष्ट्र निर्माणमा यिनीहरूको विशेष भूमिका हुने गर्दछ । मानिस जुन देशमा जन्मेको हुन्छ उसमा त्यस देशको माया छचल्किरहेको हुन्छ । त्यसमा पनि साहित्यकारले गर्ने देशप्रेम विशेष महत्वको हुन्छ । साहित्यकारले देशको सभ्यता र संस्कृतिलाई जीवन्त राख्नुका साथै देशको उज्ज्वल भविष्यको संकेत गर्दछ । कवि अनलले पनि आफ्ना कवितामा देशभक्ति देहको विकास देशको सामाजिक सांस्कृतिक वस्तुहरूको वर्णन आदि भावना व्यक्त गरेका छन् । यसप्रकार कवि गौतमका कविता देशप्रेमको भावनाले ओतप्रोत भएका छन् ।

अनलका विचारमा प्रत्येक प्राणी र वनस्पतीहरूको आ - आफ्नै अस्तित्व हुन्छ । उनीहरू आफ्नै तरिकामा बाँच्न सक्नुपर्छ अरुको भरमा पर्न हुँदैन सबै नेपाली स्वावलम्वी भएमा मात्र देशको उन्नति हुन्छ । देशको उन्नति नसोच्नेहरूको देशमा बस्ने कुनै अधिकार हुँदैन । त्यसैले सबै कर्मयोगी हुनुपर्दछ । कुनै पनि मानिस आफ्नो आधारभूत आवश्यकताबाट बञ्चित हुनु पर्दैन भन्ने भाव अनलका कवितामा यत्रतत्र पाइन्छ ।

## (च) अलङ्कार

कविताको शोभा बढाउने पक्ष अलङ्कार हो । अनलले आफ्ना कवितामा सफल रूपले अलङ्कारको प्रयोग गरेका छन् । अन्तरमनले सूक्ष्म भावनालाई आलङ्कारिक ढङ्गमा आएका उनका कवितामा शब्दालङ्कार र अर्थालङ्कार दुवै किसिमको अलङ्कारको प्रयोग भएको भेटिनुको साथै अनुप्रासको पनि उत्तिकै सशक्त भएर आएका छन् । उचित स्थानमा उचित अनुप्रासको प्रयोग गर्नुका साथै मुख्य गरेर अन्त्यानुप्रासको सफल प्रयोगले उनका कवितामा सौन्दर्य भाव सल्बलाएको छ । रूपक, उत्पक्षा, दृष्टान्तजस्ता अलङ्कारकारको प्रयोगले कवितामा मधुरता छाएको छ । उदाहरणका निमित्त तलको पङ्क्तिलाई हेर्न सकिन्छ :

आँखा खोल्दा देख्छु जुलुस ।

सुन्न खोज्दा सुन्छु जुलुस ।

भन्न खोज्दा भन्छु जुलुस ।

लेख्न खोज्दा लेख्छु जुलुस ।

(**जुलुसै जुलुस**, पृ. २४)

## (छ) प्रतीकको प्रयोग

विभिन्न प्रतीकको प्रयोगले कविताको भाव पक्ष सबल बन्दछ । सोझा रूपमा प्रस्तुत गर्न नमिल्ने कतिपय कुराहरूलाई पनि बिम्ब र प्रतीकको माध्यमले घुमाउरो पारामा अभिव्यक्त गर्न सकिन्छ । कवि अनलका कवितामा पनि प्रशस्त मात्रामा प्रतीकहरूको प्रयोग भएको छ । प्रतीककै प्रयोगको माध्यमबाट अनलले समाजमा व्याप्त भएर रहेका कुरीति, कुप्रवृत्ति, हत्या, हिंसा, अन्याय, शोषण आदिलाई प्रस्तुत गरेका छन् । उदाहरणको लागि तलको पङ्क्तिलाई लिन सकिन्छ :

फूलै फूल ओच्छ्याएर

यात्रा गर्न खोज्नेहरू हो

तिम्रा लागि अब

काँडामात्र छरिने छन्

पैसा- पैसा ओच्छ्याएर

सुत्न खोज्नेहरू हो

तिम्रा लागि अब

विछ्यौनामा काउसा दलिनेछन्

हल्लै हल्ला फिँजाएर

लुट्न खोज्नेहरू हो

तिम्रा लागि अब

ढुङ्गै ढुङ्गाका डल्लाहरू बर्सनेछन् ।

**(अर्को आन्दोलन, पृ. ३३)**

## ४.५.३. हाइकुको परिचय र विकासक्रम

हाइकु सम्भवतः विश्वकै लघु काव्य हो । कम शब्दमा नै धेरै भाव प्रकट गर्ने प्रमुख विशेषता बोकेको हाइकु जापानी शैलीको कविता हो । साहित्य समुद्रको एक रूप हो भने हाइकु समुद्री गहिराइको वास्तविक अनुभूति हो । धेरै टुकीहरूको माभमा रहेको साना तर चम्किलो दीप जसलाई अनुभव र ग्रहन गर्न निकै गाह्रो हुन्छ । तर त्यसको भाव बुभ्की अनुभूति रूप सार खिच्न सकेमा हाइकु नशा उर्लिएर आउँछ । हाइकुको प्रभाव सोभ्कै मानव मस्तिष्कमा पुग्छ ।

सातौँ-आठौँ शताब्दीतिरको हाइकाइ Ǒङ्खलाको विकसित रूप हो हाइकु । तत्कालीन हाइकाइ Ǒङ्खलाका सुरुको तीन हरफ मात्र जसलाई होक्कु भनिन्छ । जुन आज हाइकुको रूपमा उदाएको छ । हाइकु पूर्णरूपमा शास्त्रीय संरचनामा बाँधिएको हुन्छ । पहिलो हरफमा पाँच अक्षर, दोस्रो हरफमा सात अक्षर र तेस्रो हरफमा पाँच अक्षर गरी सत्र अक्षरको हुन्छ हाइकु । यसमा शास्त्रीय संरचना मात्र पनि प्रयाप्त छैन । हाइकुमा कलात्मक ढङ्गबाट प्राकृतिक किगोको प्रयोग गर्नुपर्छ । हाइकु ओजिलो र बोभ्किलो हुनुपर्छ ।

हाइकुले खदिलो सामार्थ्य राख्छ । हाइकु सियोको टुप्पो जस्तै हुन्छ, जसलाई कम आँक्न सकिदैन र त्यसको भ्कट्का तिख्खर हुन्छ । मिठासपूर्ण हाइकु लेख्न सक्नु कविको खुबीको कुरा हो । ५-७-५ को संरचनाभित्र शब्दजाल बुन्दैमा त्यसलाई

हाइकुको कोटिभित्र राख्न सकिँदैन । यो हाइकुकको कठिन मान्यता हो र शास्त्रीय चरित्र पनि । जापानको फजिहिमालदेखि सगरमाथासम्म र युशु टापुदेखि कोसी टापुका कुराहरू हाइकुले थेग्दै आएका छन् । संरचनागत दृष्टिबाट मात्रै हाइकुको गहनतालाई कम आँक्न सकिदैँन । हाइकुले समग्र रचना वा कृतिमाथि नै एकलौटी भाव पस्कन सक्छ । ठूला ठूला व्याख्यात्मक पुस्तकहरूका निचोड हामी हाइकुमा निकाल्न सक्छौँ । हाइकु सम्राट् माचुओवासो (१६४४-१६९४) देखि पहिलो नेपाली हाइकु कवि शंकर लामिछाने मात्र हैन, हाइकुविद रामकुमार पाण्डेका हाइकुमा समेत गहन अभिव्यक्ति भेटिन्छ । जीवन जगत्का कुरा मात्र हैन हाइकुमा जन्मनुपूर्व र मरण परान्तका आलङ्कारिक अनुमान समेत सजाउन सकिन्छ । हाइकुमा अथाह खालिपन हुनुपर्छ ।

१७ अक्षरमा कविले बाँधेका शब्दहरूलाई पाठकले खुलारूपमा सोच्न पाउँछन् जसबाट प्राकृतिक संसार देख्न सकिन्छ । सम्भावनाका खोल ओढेका हाइकुमा अनुभूतिको विराट कथा हून्छ जीवनका उतार-चढाव समेटिएको हुन्छ । सामाजिक पृष्ठभूमिका हरेक पाटो भेटिन्छ ।

### ४.५.३.१. नेपाली साहित्यमा हाइकुको विकास

नेपाली साहित्यमा हाइकुको विकास सर्वप्रथम शंकर लामिछानेले गरेका हुन् । साहित्य र समाजको निकटतम सम्बन्ध हुन्छ । साहित्यले प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि ढङ्गबाट समाजमा आफ्नो प्रभावलाई गतिशील बनाइराखेको हुन्छ । नेपालमा साहित्यमा प्रचलित थुपै विधाहरू मध्ये केही वर्षयता हाइकु खरो रूपमा देखिएको छ । हाइकु कविताको सुरुवात जापानमा भएको हो । अनौठो किसिमको शास्त्रीय संरचना ५-७-५ मा बाँधिएर लेखिनुपर्ने भएकाले पनि बढ्दै गइरहेको छ । हाइकु विश्व व्यापक बन्दै गएको छ ।

अहिले नेपाली हाइकु साहित्यमा प्रशस्त कविहरू जन्मिएका छन् । कविताका कविहरू हाइकुबारे राम्ररी बुझेर लागेका छन् भने कति बुझ्दै नबुझिकन हाइकु लेखनमा सरिक छन् । हाइकुले मर्म र गहिराइ नबुझिकन कलम चलाउँदैमा हाइकु कवि बन्न सकिँदैन । जीवन्त र अजर हाइकु लेख्न सकेमात्र सफल हाइकु कवि बन्न

सकिन्छ । नेपाली हाइकुले लहरलाई एकजना जापानी मित्रले बेमौसमी आधीँ भनेर प्रतिक्रिया दिएका छन् । सम्भवतः नेपाली साहित्यमा हाइकु लेखनमा चलेको बाढीतर्फ इङकित गरेको हुनुपर्छ । जापानीहरू हाइकुप्रति निकै सचेत हुन्छन् र उत्तिकै चनाखो पनि प्रकृतिसँग निकट रही हाइकु लेख्ने जापानी परम्परा भए पनि नेपालमा अझै त्यसको जग मौलाउन सकेको छैन । हामीसँग प्रशस्त प्राकृतिक बिम्ब र प्रतीक भए पनि त्यसलाई सही ढङ्गले सदुपयोग गर्न सकेका छैनौँ । नेपाली साहित्यको इतिहास सयौं वर्ष पुरानो छ । तर हाइकुको इतिहास तुलनात्मक रूपमा अत्यन्त कम छ । कालखण्डको हिसाबमा हाइकुको उपस्थिति र यसको सफलता वास्तवमै सह्रानीय देखिन्छ । तर पनि सिङ्गो नेपाली  साहित्यमा थोरै मात्र ईटा थप्ने काम भएको छ ।

सत्र अक्षरीय संरचनाभित्र प्राकृतिक बिम्ब मौसम सूचक शब्द अर्थात् प्राकृतिक किगोको कुशलतापूर्ण प्रयोगमा हाइकुको आत्मा अडिन्छ । जापानी मौसममा चारवटा ऋतुहरू हुन्छन् भने नेपालीमा ६ वटा हुन्छन् । यसबाट पनि हामी प्रस्ट हुन सक्छौं कि नेपाली हाइकु लेखनका निम्ति प्राकृतिक किगोको खोजिमा खासै जटिलता आउँदैन । शिशिरमा फुरुरु हिउँ परेदेखि टन्टलापुर घाम चर्केको बेला, खडेरीले धर्ती चिरा परेदेखि मुसलधारे पानी पर्दाको बेला, अनि रुखको पात झरेर उजाड भएदेखि पालुवा पलाएर झपक्क हरियाली भएको बेला लगायत रात दिन साँझ बिहान मिर्मरे आदिलाई हाइकुमा सजाएर मिठासता थप्न सकिन्छ ।   तर पनि नेपाली हाइकुमा यात्रा र प्राकृतिक रङहरूको प्रयोग गर्ने प्रचलन अत्यन्त कम छ । जुन पन्थीहरूमा ध्यान गरेर हाइकु लेखनमा अलि अलि मात्र एकाग्रताको छनक भेटिन्छ । नेपालमा हाइकुको संभावना विशाल छ ।

सन् १८९९ मा जापानी भिक्षु इकाइका वागुचि नेपाल आएका थिए । नेपाल आउने पहिलो जापानी नागरिक सम्भवतः उनै हुन् । त्यसैगरी सन् १९०२ मा पहिलो पटक नेपाली विद्यार्थीहरूको टोली अध्ययनका लागि जापान गएका थिए । यसपछिका समय समयमा दुई देशबीच राष्ट्रिय सम्बन्ध प्रगाढ बन्दै गयो तापनि साहित्यिक नाता जोडिन धेरै समय परिर्वतन पऱ्यो ।

नेपाली साहित्यमा हाइकु भित्रिएको झण्डै पाँच दशक बितिसकेको छ । हालसम्म प्राप्त तथ्यहरूलाई आधार मान्ने हो भने शंकर लामिछाने नै नेपालमा हाइकु भित्र्याउने र जापानी हाइकुलाई नेपाली भाषामा अनुवाद गर्ने श्रेय लामिछानेलाई जान्छ । निबन्धकारका रूपमा विशेष चिनिएका कवि लामिछानेद्वारा लिखित पहिलो नेपाली हाइकु रूपरेखा २०१९ भदौको पृष्ठ ३४ मा प्रकाशित छ ।

सन् १९६१ को फ्रेब्ररी ११ तारिखमा डेढ महिनाको लागि जापान गएका लामिछाने त्यताबाट फर्के लगतै हाइकु लेखेका हुन् । यसैगरी वि.सं. २०२३ सालमा प्रकाशित पारिजातको उपन्यास 'शिरीषको फूल' को अग्रभागमा एउटा बेनामी हाइकु रहेको छ । यस हाइकुको रचनाकारका सम्बन्धमा रहेको विवाद कायमै छ । उक्त हाइकु सो कृतिको भूमिका लेखक शंकर लामिछानेले लेखेका हुन् वा कृतिकार पारिजात स्वयम्ले लेखेका हुन् भन्ने कुरामा नेपाली साहित्यमा विभिन्न अड्कलबाजी गर्ने क्रम जारी छ ।

हाइकुको गाम्भीर्य त्यसको बुझाइमा भर पर्छ । झट्ट हेर्दा हाइकु सरल जस्तो देखिए पनि अन्तरमनबाट गहिरिने हो भने यसको महत्व र गहनताको अनुभूतिमा सारा सृष्टि जगत् फेला पार्न सकिन्छ । शाब्दिक भीड जम्मा गरेर मात्रै हाइकुको मर्म खिचिँदैन । यसमा त गुणात्मकताको गुच्छा हुनुपर्छ । असल गुदीयुक्त हाइकुले चाँडै नै जनजिब्रोमा बास पाउन सक्छ यद्यपि हाइकु लेखनका लागि साधनाको आवश्यकता पर्छ । बिनासाधना कोठे हाइकु लेखनले प्रभावपूर्ण र स्मरणीय हाइकु नबन्न पनि सक्छ । विभिन्न कला र संस्कृतिले धनी नेपाली समाजका थुपै बिम्बहरू हाइकु लेखनका लागि आज पनि उत्तिकै सान्दर्भिक र मननयोग्य छन् ।

नेपाली साहित्यमा शंकर लामिछानेको नवीन प्रयोग पश्चात् विस्तारै हाइकुको बतास चल्न थाल्यो । जसको प्रभाव हामी भूपी शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' २०२६ मा फेला पार्न सकिन्छ ।

वि.सं. २०१९ सालमा हाइकु लेखनका क्षेत्रमा हात हालेका निबन्धकार शंकर लामिछाने आफ्ना हातहरू त्यतिकै बाँधेर बसेनन् । हाइकु सम्राट् माचुओवाशा १६४४-१६९४ कवि बुशोन १७१७- १७८४ र मासाओका शिकी १८६७-१९०२ का केही

हाइकुहरू नेपालीमा अनुवाद सहित वि.सं. २०२७ असोजको रूपरेखा पेज २९ र ३० मा जापानी हाइकु कविता शीर्षकको लेख प्रकाशित गरे । यस लेखको कारणले धेरै नेपाली साहित्य अनुरागीले जापानी हाइकु कविताका बारेमा धेरै कुरा सिक्ने अवसर पाए ।

यति मात्रै पर्याप्त रहेन । वि.सं. २०२० र २०३० को दशकमा तत्कालीन केही प्रतिष्ठित पत्रिकाहरू रूपरेखा गरिमामय तथा मधुपर्कमा प्रकाशित केही लेख रचनाका माध्यमबाट पनि धेरै स्रष्टाहरूले हाइकु साहित्यमा पाइला टेक्ने अवसर पाए । केदारमान व्यथितको बदलिएको बादलको आकृति र रमेश खनालको उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता २०३८ तत्कालीन हाइकु शैलीका चर्चित पुस्तकहरू हुन् । कवि खनालले आफ्नो पुस्तकहरूमा हाइगाको कुशलतापूर्वक प्रयोग गरेका छन् । हाइकु र चित्रलाई सँगसँगै दर्शाउने कला हाइगाको प्रयोग गर्ने पहिलो नेपाली कवि मानिन्छन् । पेसाले सरकारी जागिरे कवि खनालको उद्‌गम स्थल पूर्वी नेपालको सुनसरी हो । हाइकुका स्रष्टा महाकवि वाशोमा समर्पण गरिएको यस कृतिभित्र २२ वटा भावनाहरू सजाइएको छ । जसका छुट्टाछुट्टै कलात्मक अभिव्यक्ति छन् । ईश्वर बल्लभले भूमिका मन्तव्य लेखेका यस कृति नेपाली हाइकु साहित्यको विकासका लागि कोशेढुङ्गा साबित भएको छ ।

वि.सं. २०४० सालभन्दा अगाडि र केही वर्षपछिसम्म पनि हाइकु संरचना केही खलबलिएको भान हुन्छ । शास्त्रीय मान्यता र संरचनाभन्दा पनि भावना र अभिव्यक्तिको सूक्ष्म माध्यमको रूपमा हाइकु शैलीका कविताहरू निकै लोकप्रिय भएका थिए । कविहरू जापानी हाइकु सिद्वान्तभन्दा नेपाली व्यावहारिक अभिव्यक्तिमा भुल्न र रमाउन थाले अनि झनै हाइकुको शास्त्रीय संरचना १७ अक्षरले निश्चित जग बसाउन सकेन । हाइकुमा रुचि राख्ने नयाँ पुस्ता पनि अलमलमा परेको पाइयो । यस्तो अवस्थामा अग्रजहरूले सही बाटो सिकाउन नसकेका पो हुन् कि नव पुस्ताले बाटो हिंड्न नजानेका पो हुन् कि ठुला- ठुला ठुला गोष्ठी र भेलाभन्दा पनि कोठे छलफल र वाचनमै तत्कालीन कविहरू सीमित भएको देखियो । त्यतिबेला हाइकु शैलीमा रम्ने कविहरूमा डा. रामदयाल राकेश, भीम उदास, रमेश खनाल, विश्वविमोहन श्रेष्ठ, विनोद गौचन,केदारमान व्यथित आदिको नाम लिन सकिन्छ । हाइकु लेखन शैलीलाई

पछ्याएर छापिने कवितामा कि त सिधै हाइकु भनेर छापिने कि त तीन हरफले कविता त कतै जापानी शैलीका कविता भनेर छापिएको पाइयो । आखिर नाम जुन दिए पनि नेपाली हाइकुले छलाङ् मार्दै अघि बढ्यो ।

### ४.५.३.२. हाइकु विकासमा तीव्रता

व्यवहारात्मक ज्ञान र जीवन परिवर्तनको हरेक मोडमा नेपाली हाइकुको आवश्यकता र नेपाली मनमा लाग्ने घट अग्रणी छ । नेपाली ग्रामीण परिवेशदेखि सहरिया जीवनसम्मका उतार चढावहरूलाई शाश्वत रूपमा प्रस्तुत गर्न नेपाली हाइकु पूर्ण मानिन्छ । नेपाली हाइकु साहित्यको संघर्षपूर्ण अवस्थामा समेत हाइकु शैली प्रयोगमा ल्याइएका विभिन्न कविहरूले खोज र अध्ययन पश्चात् आफूलाई परिमार्जित गर्दै लान थाले । जसबाट नेपाली हाइकुमा समेत जापानी विधि संरचना र संस्कारको प्रस्ट गन्ध भेटिन थाल्यो ।

हाइकुबारे जान्न र बुझ्न खोज्ने जमात जुर्मुराइरहेको साझा प्रकाशनबाट जापानी हाइकु हिजो र आज (२०४४) प्रकाशित भएपछि यसले धेरै कौतुहलता भेटायो । हाइकुका बारेमा धेरैलाई धेरै कुरा जान्ने अवसर मिल्यो । हाइकु लेख्ने जमात त बढ्यो तर यस पुस्तकले शास्त्रीय मान्यता संरचनागत अवस्था ५-७-५ लाई हु- बहु पस्कन सकेन  डा. सुवेदीको अनुवादले नेपाली हाइकु पूर्ण रूपमा हाइकुमा केन्द्रीत पुस्तक प्रकाशित हुन तत्कालीन समयको हकमा एकदमै सफलताको कहि मान्न सकिन्छ ।

त्यसपछि डा. रामदयाल राकेशले २०४५ सालमा गरिमा मासिकमा ‘हाइकु परम्परा र प्रयोग’ शीर्षकको लेख प्रकाशित गरे । साथमा क्षेत्रप्रताप अधिकारीको नवरत्न (२०४९), हिजुन फूल (२०५१) र जापानी साहित्यको इतिहास (२०५५) तथा गोविन्द गिरी प्रेरणाको जापानी साहित्यको सङ्क्षिप्त झलक (२०५७) प्रकाशित भए यी पुस्तकहरूमा हाइकु ज्ञान समाविष्ट हुनु पनि नेपाली साहित्यको निमित्त सुखद रह्यो । यस समयमा माधवलाल कर्मचार्यले पनि सक्रियता देखाएर हाइकुले फड्को मार्ने क्रम चलिरहँदा सैद्धान्तिक धारणा र शास्त्रीय मान्यतालाई पछ्याउँदै हाइकु विद् रामकुमार

पाण्डेको विभिन्न लेख रचना, समालोचना तथा भूमिकाहरू बाहिर आए जसबाट हाइकुको द्रहो जग बस्यो ।

हाइकु इतरका विषयमा लामो समय सक्रिय रहेका पाको उमेर भैसकेका कवि तथा कवयित्रीहरू समेत हाइकु लेखनमा फराल्न थाले यसबाट थप उत्साहा थपियो । रत्नशमशेर थापा,  पुष्कर लोहनी, चन्द्रकला शाह, डा. बमबहादुर जिताली, विष्णुबहादुर सिंह, लालबहादुर भुजेल, र दिव्य गिरी लगायतका साहित्यकारहरू सविकको विधाका अतिरिक्त हाकुमा समेत कलम चलाउने प्रमुख अनुहार हुन् । हाइकु सङ्ग्रहहरू प्रकाशनको क्षेत्रमा ठूलो बाढी चल्यो । राष्ट्रिय स्तरमा प्रतिष्ठित र जिल्लास्तरमा चर्चित जुनसुकै पत्रिकाहरूले पनि हाइकुलाई महत्वपूर्ण स्थान दिन थाले । साँच्चै भने हो भने त ६० को दशकको आरम्भबाट नेपाली हाइकु साहित्यले ठूलो फड्को मान थालेको हो । जुन अहिले तीव्र गतिमा छ ।

### ४.५.३.३. हाइकु गोष्ठी र पत्रिका प्रकाशन

वि.सं २०६० साल पुष ५ गते नेपाली साहित्यिक इतिहासमा नै सम्भवतः पहिलो हाइकु गोष्ठीको आयोजना भयो तथापि हाइकु इतरका साहित्यिक कार्यक्रममा यस अधि नै हाइकुबारे सामान्य चर्चा नचलेका हाइनन् । तर औपचारिक रूपमा पूर्ण हाइकु गोष्ठीको आयोजना गरिएको यो नै पहिलो पटक हो । नेपाल निप्पन रिसर्च सेन्टर र तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान हाल नेपाल प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा काठमाडौँको हाँडी गाउँमा सो गोष्ठी सम्पन्न भएको थियो । सेन्टरका महासचिव प्रा. रामकुमार पाण्डेको सभापतित्वमा सम्पन्न यस कार्यक्रममा प्रा. पाँडे स्वयंमले हाइकुसम्बन्धी कार्यपत्र पनि पेश गर्नु भएको थियो ।

### ४.५.३.४.  हाइकु सङ्ग्रहहरूको वृहत् विमोचन

वि.सं. २०६२ साल पुस २१ गतेका दिन नेपाली हाइकु साहित्यका निम्ति एक महत्वपूर्ण दिन बन्यो नेपाल निप्पन रिसर्च सेन्टर हाइकु विधा समितिको आयोजनामा राजधानीको प्रज्ञा भवनमा ५ वटा हाइकु सङ्ग्रहको एकैसाथ विमोचन गरिएको थियो । विमोचन कृतिहरूमा प्रकाश पौडेल ‘माइला’ चितवनको ‘पर्दाफास’, बिष्णुबहादुर सिंह

अर्घाखाँचीको 'मौन बतास', चन्द्रकला शाह दाङको 'आँधी आएर', अञ्जना पौडेल लम्जुङको 'हिउँ खस्ने पर्वत', विपी सेढाइ प्युठानको 'भावनाका थुँगाहरू' हुन् । जनकवि केशरी धर्मराज थापाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालीन उपकुलपति डा. वासुदेव त्रिपाठी हुनुहुन्थ्यो । हाइकुमा रुचि वृद्ध, युवा कविहरूको उत्साहपूर्ण उपस्थिति थियो । त्यस कायक्रममा सेन्टरका महासचिव प्रा. रामकुमार पौडेलले हाइकु सम्बन्धी कार्यपत्र समेत प्रस्तुत गर्नु भएको थियो । एउटै कार्यक्रममा यति धेरै हाइकु सङ्ग्रहहरूको विमोचन भएको हालसम्मकै इतिहासमा उदारणीय बनेको छ ।

### ४.५.३.५. राष्ट्रिय हाइकु महोत्सव २०६२ को आयोजना

वि.सं.२०६२ साल फाल्गुण १३ गते नेपाल निप्पन रिसर्च सेन्टर र नेपाल प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा राजधानीमा राष्ट्रिय हाइकु महोत्सव २०६२ को आयोजना भयो । 'अन्धगल्छी' हाइकु सङ्कलनको विमोचन प्रा. राजकुमार पाण्डेद्वारा कार्यपत्र प्रस्तुत १७ जना, कविहरूद्वारा २-२ बाट हाइकु वाचन, आयोजक समितिको सदस्य सचिवको नाताले प्रकाश पौडेल 'माइला' द्वारा समग्र नेपाली हाइकु क्षेत्रको समीक्षा गरिएको उक्त कार्यक्रममा हाइकु पुस्तक प्रदर्शनी समेत गरिएको थियो । नेपालस्थित जापानी राजदूतावासका तत्कालीन सचिव सासाँइको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो । सेन्टर र प्रज्ञाको संयुक्त आयोजना रहेको उक्त हाइकु महोत्सवको मूल आयोजक समितिमा प्रा. राजकुमार पाण्डे, अध्क्षय प्राज्ञ भुवन ढुंगाना, संयोजक प्रकाश पौडेल 'माइला', सदस्य सचिव तथा सदस्यहरूमा मायामित न्यौपाने र श्याम रिमाल हुनुहुन्थ्यो । नेपाली इतिहासमा यो नै प्रथम राष्ट्रिय हाइकु महोत्सव हो ।

महोत्सवमा विमोचित अन्धगल्छी हाइकु सङ्कलन २०६२ स्थलगत हाइकु रचनाबाट सिर्जित कृति हो । जापानमा यात्रा गरेर हाइकु लेख्ने संस्कार भए पनि नेपाली हाइकुको क्षेत्रमा त्यसको थालनी मात्र हुन सकेको छ । यात्रा पश्चात् लेखिने हाइकुमा उच्च क्षमता रहन्छ । वि.सं. २०६२ साल कात्तिक २६ गते हरिबोधनी एकादशीको दिनमा जाउलाखेलस्थित प्रा.रामकुमार पाण्डेको बगैँचाभित्र गरिएको

स्थलगत हाइकु रचना कार्यक्रम यात्रा हाइकुको प्रारम्भ मात्र हो । १७ जना हाइकु कविहरू उपस्थित भएको सो कार्यक्रममा एक घण्टाको समय विधि भित्र पृष्ठभूमि सहित चार-चारवटा हाइकु लेखनका निमित्त समय दिइएको थियो । सोही कार्यक्रममा रचित हाइकुहरूको सङ्कलन नै अन्धगल्छी हाइकु सङ्कलन हो । द साकुरा फाउन्डेसनले प्रकाशनमा ल्याएको अन्धगल्छी हाइकु सङ्कलनको प्रधान सम्पादक प्रा.रामकुमार पाण्डे तथा प्रबन्ध सम्पादक प्रकाश पौडेल 'माइला' हुन् ।

यसरी नेपाली हाइकुको क्षेत्रमा कृतिहरू प्रकाशित हुने क्रम दिनप्रति दिन बढ्दो छ । समय-समयमा हाइकु गोष्ठी छलफल वाचन कार्यक्रमहरू हुने गरेका छन् जसबाट निखारता आउँदै गएको छ । प्रतिष्ठित साहित्यकारको ध्यान पनि खिचेको छ हाइकुले । यसैले गर्दा पनि नेपाली हाइकुको भविष्यप्रति उज्यालो अनुमान लगाउन सकिन्छ । भोलिका दिनमा नेपाली हाइकु पनि झाँगिदै गएर जापानी उचाइ नछोला भन्न सकिँदैन ।

### ४.५.३.६. शुभप्रभात हाइकु सङ्ग्रहको विश्लेषण

साहित्यकार अनल गौतमलाई साहित्यिक क्षेत्रमा परिचित गराउने पहिलो विधा 'हाइकु' हो । अनल समसामयिक पुस्तकका उदाउँदा कवि हुन् । जसले साहित्यको औपचारिक यात्रा 'शुभप्रभात' हाइकुबाट गरेका हुन् । जसमा ३५५ वटा हाइकुहरू रहेका छन् । जुन हाइकुमा कवि अलनले नेपाली परिवेशमा देखे भोगेका प्राकृतिक सुन्दरतालाई निकै सशक्त ढङ्गबाट प्रस्तुत गर्न सफल भएका छन् । मौलिकता, अबोधता र कोमलताको शब्द संयोजनले अनलका हाइकु निकै आकर्षक कनेको देखिन्छ । त्यसै गरी कवि अनलले हाइकु मार्फत् विश्व राजनीतिलाई पनि नजानिँदो पाराले सुम्सुम्याउन भ्याएका छन् । शुभ प्रभात हाइकु सङ्ग्रहमा सङ्कलित हाइकुलाई विभिन्न पाटोमा राखेर विश्लेषण गर्न सकिन्छ ।

### ४.५.३.७. प्रकृतिका सुन्दरतामा कोरिएका हाइकुहरू

प्रकृतिका सुन्दरतामा कोरिएका अनलका हाइकुहरू अति नै सुन्दर छन् । विशेषतः प्रकृतिको मनोरम दृश्य र उक्त दृश्यले दिने आम सन्तुष्टि अनलका हाइकुमा

भेट्न सकिन्छ । साथै प्रकृतिलाई बिम्ब बनाएर समाज र देशका विभिन्न चरित्रलाई पनि हाइकुले उजागर गरेको पाइन्छ । प्रकृतिमा भएका अलौकिक र दुर्लभ वस्तुहरूलाई समेटेर माया प्रेमको प्रसङ्ग जोडेको् पाइन्छ । जस्तै:

हिमाल हाँस्दा

सूर्यको चमकमा

सुनको लेप

यो एउटा उत्कृष्ट हाइकु बनेको छ । जसमा प्रकृतिको अनुपम उपहारलाई प्रस्तुत गरिएको छ । हुन पनि यो एउटा बिरलै भेटिने क्षण हो । अझ यसलाई त सूर्य जति चम्किदा पनि हिमालको हिउँ उस्तै रहेको सूर्यले जति हिउँ पगालेर छोड्दा पनि हिमाल उस्तै रहेको अवस्थालाई पनि बुझ्न सकिन्छ । जुन अवस्थालाई मिठो तरिकाले हाइकुमा प्रस्तुत गरिएको छ :

गोधुली साझ

सुनौलो बिहानीमा

सूर्य मुस्कान

माथिको हाइकुमा उदाउँदो सूर्य र अस्ताउँदो सूर्यको अवस्थालाई समान रूपमा प्रस्तुत गरेको पाइन्छ । हुन पनि मानिसहरू बिहान भयो साँझ पऱ्यो भन्छन् तर सूर्यको मुस्कान बिहान र साँझमा उस्तै हुन्छ । एकातिर अँध्यारो आउँदै छ अर्कोतिर उज्यालो छाउँदै छ तर सूर्य मुस्काएर प्रकृतिको अटल, सोच्छ र समान अवस्थालाई प्रस्तुत गरेको हुन्छ । यसर्थ प्रकृति सबैलाई समान रहेको हुन्छ । साथै यही संसारमा एकातिर सुनौलो बिहानी हुँदा अर्कोतिर गोधुली साँझ पनि चलिरहेको हुन्छ ।

सूर्योदयको

कोमल किरणमा

अमृत वर्षा

यसमा पनि सूर्यको उपस्थिति समेटिएको छ । जहाँ घामसँगैको पानीलाई अमृतको रूपमा प्रस्तुत गरिएको छ । घाम पानी प्रकृतिको अनुपम उपहार र मनोरम दृश्य हो । जस्ले मानिसलाई छुट्टै अनुभूति प्रदान गर्दछ । विपरीत ध्रुवका यी दुईको मिलनले प्रेमिल अनुभूति प्रदान गरेको हुन्छ ।

पारिलो घाम

चिसो हिउको वाफ

शीतल वर्षा

चर्को घामले पगाल्ने हिउँ त्यसले बन्ने बादल र पुन शीतल पानी गजबको प्रकृति गजबको मेल । एउटाको अनुपस्थिति अर्कोलाई पिरोल्छ भने उपस्थितिले पनि पिरोल्छ । घामले हिउँ पगाल्छ तर हिउँले पानी पार्दछ ।

यसरी शुभप्रभात हाइकुमा दर्शन प्रकृति र प्रेमका प्रतीकलाई पनि भेटाउन सकिन्छ । प्रकृति प्रेमकै हाइकुमा केही विशुद्व नेपाली परिवेश यहाँको हावापानी र माटोलाई समेटिएको छ ।

हिमाली हिउँ

पग्लिई बग्दै गर्दा

तराइमा वाफ

नेपालको वातावरण र हावापानीको अनौठो अवस्थालाई यसमा चित्रण गरिएको छ । एकातिर हिमालको चिसो हिउँ पग्लिदै छ अर्कोतिर तराइमा गर्मीले वाफ निस्किरहेको अवस्था छ । नेपालको भौगोलिक विविधता र सुन्दरता हाइकुमा प्रस्तुत भएको पाइन्छ । त्यसैगरी अनलका हाइकुमा जोमसोमको सुन्दरतादेखि गोसाइकुण्ड, सारङकोट र डेभिडफलका सुन्दरतालाई समेटेका हाइकुहरू छन् ।

पातले छाँगो हिमाली दृश्य

छङछङ बग्दा

डेभिड फल

असीम शान्त

अनौठो सुन्दरता

गोसाइकुण्ड

परैबाट नियाल्दा

सारङकोट

### ४.५.३.८. नेपाली मौलिक चरित्रका हाइकुहरू

देशको माटो

अब कसैका निम्ति

फेरि नमाग

मातृभूमिको माटो जतिसुकै किन नहोस् कुनै पनि बदलामा माग्न मिल्दैन दिन मिल्दैन । कुनै पनि राजनीतिक, धार्मिक, आर्थिक आदि कारणले देशको माटो नमाग, जे जे गर्नु छ गर तर माटो बेचेर, देश मासेर नगर भन्ने भाव प्रस्तुत भएको छ ।

प्यारो नेपाल

काडाँ भित्रको फल

गाह्रो नेपाल

यो देश यति सुन्दर र रमाइलो छ कि ठ्याम्मै गुलाब जस्तै बच्न गाह्रो छ, टिक्न गाह्रो छ, जीउन गाह्रो छ तर सुन्दर, शान्त, विशाल र उत्कृष्ट रहेको छ :

तराइमा आगो

झन झन फैलिदै गर्दा

हिमाल पग्ल्यो ।

हुन त तराइ पहाड हिमालको आफ्नै पहिचान र सभ्यता छन् तापनि एउटा बिग्रदा अर्को पनि बिग्रन्छ, एउटा जल्दा अर्को गल्छ भन्ने भाव प्रस्तुत भएको छ :

बेचिदै छौ की

नेपाली सपूत

तेन्जिङ जस्तै

तेन्जिङ जस्तै अरु नेपालीहरू पनि कतै बेचिदै त छैनन् ? नेपाली सपूतहरू पैसामा कहिल्यै नबिक्नु है भन्ने भाव प्रस्तुत भएको छ ।

### ४.५.३.९. माया प्रेमका हाइकुहरू

कर्कस ध्वनि

प्रेमालापको वेला

नेपथ्याबाट ।

जुनेली रात

कहिल्यै नपरोस

गोप्य प्रेममा ।

गोप्यरूपमा माया प्रेम चलेको समयमा नमिठो आवाजले कति विघ्न पुऱ्याउला उक्त क्षणलाई समेटिएको छ । जहा कस्ले भेट्यो र कस्ले वोल्यो होइन कि जस्ले वोले पनि त्यो आवाज नमिठो र कर्कस लाग्दछ :

कसेर राखे

उनलाई मनमा

पश्चातको

गोर्खे लौरी झै ।

अधुरो प्रेम

विछोड

अमर प्रेम

मायामा भनिन्छ नि गुमाउनु नै प्रेम अमर रहन्छ । माया वास्तवमै नपाउन्जेल कस्तो कस्तो, पाए पछि सस्तो हुन्छ । त्यस्तै गरी माया जति टाढा हुन्छ उति गाढा बन्दै जान्छ र सच्चा प्यार पनि अधुरो प्रेममा रहन्छ ।

### ४.५.३.१०. व्यङ्ग्यात्मक हाइकुहरू

चप्पलसँगै भुसको आगो रक्त

चन्दन

हात्तीको दाँत सिंहदरवारमा बडो

खतरनाक

अनुपम सुगन्ध खाने र देखाउने बुटको

खेती ।

मान्छेको मन् । सवैको तारो । कति

विचित्र ।

एकको अन्त्य तानाशाही प्रवृत्ति अर्को

उदय ।

आजकल हरेक दिन सिंहदरबारमा धर्ना जुलुस आदि भइरहेका छन् । सबै जातजाती र तप्काका समूहहरूले संविधान सभाको निर्वाचन भन्दा अगाडि नै सबैकुराको छिनोफानो चाहन्छन् । अनलका हाइकुमा समाजका जल्दा बल्दा समस्याहरू आफैं बोलेका छन् । त्यस्तै गरी अनलले बाल्यकालमै आमा गुमाउनु परेको पीडालाई पनि हाइकु मार्फत् व्यक्त गरेका छन् । जसबाट अनलले आमालाई कति माया गर्दा रहेछन भन्ने कुरा तलका हाइकुबाट प्रस्ट हुन्छ :

आमाको मृत्यु ए मेरी

आमा

त्यो मेरो न्याने काख बस एक

प्रहर

उजाडिएको । म आउँदै

छु ।

अनलद्वारा रचित शुभप्रभात हाइकुलाई नियाल्दा कविले यस्ता थुप्रै भावका हाइकुहरू रचना गरेका छन् । जसले आजको एक्काइसौं शताब्दीमा नेपाल कहाँ छ भन्ने कुराको खोजी निधि सहजपूर्वक गरेका छन् । जस्तैः

| | |
|---|---|
| गिठा भ्याकुर | पितृ सम्मान |
| जङ्गलतिर खोज्दै | वर्षको एक दिन |
| चेपाङ्ग जाति । | पिण्ड दान रे । |

यी र यस्तै किसिमका विचार र धार्मिक अन्धविश्वासको धज्जी उडाउँदै कवि देशका मात्र नभइ संसारकै माहोल सोर्दै हुरी जस्तै अघि बढिरहेको भान हुन्छ ।

### ४.५.४. अनल गौतमको गीति एल्बम 'सरसी' को विश्लेषण

अनल गौतमको कलम गीति कवितामा पनि दौडिएको पाइन्छ । गीति कविता फुटकर कविताको कोटी अन्तर्गत पर्दछ । उनको गीति कविता सङ्ग्रह हालसम्म प्रकाशित नभएको भए तापनि म्युजिक नेपालको प्रस्तुतिमा 'सरसी' नामको सि.डी. चक्कामा गीति एल्बम बजारमा आएको छ । आवरण हेर्दा नै किनुँ- किनुँ र सुनुँ- सुनुँ लाग्ने गरी तयार गरिएको यस एल्बमको आवरणको अगाडि बायाँपट्टिको माथिल्लो छेउमा म्युजिक नेपालको लोगो अङ्कित छ भने दायाँपट्टि गिताकार अनल गौतमको पार्श्वचित्र अङ्कित छ । बायाँतिर बीचमा एल्बमको नाम 'सरसी' अङ्ग्रेजी र नेपाली दुवैमा लेखी आधुनिक गीति एल्बम लेखिएको छ भने तल्लो छेउमा रचनाकार स्वयम् सङ्गीतकार राज सागर र गायिका अनिता लामाको नाम उल्लेख आवरणको पछिल्लो भागमा गीतको बोल, शीर्षक १ देखि ६ सम्म दिइएको हुनाले यस एल्बममा ६ वटा गीत अर्थात् गीति कविता सङ्ग्रहित छन् भन्ने बाहिरबाट नै पुष्टि हुन्छ । एल्बमको नाम 'सरसी' किन राखियो भन्ने कुरा कुनै गितको शीर्षक (टाइटल) ले सङ्केत गरेको पाइँदैन ।

'सरसी' मा ६ वटा गीत/गीति कविता छन् । ६ देखि १२ हरफसम्मको संरचनामा रचिएको कवितामा द्विरुक्ति अनुप्रासिकता र लयात्मकता प्रस्ट झल्कन्छ ।

गत्यात्मक भएकाले शब्द संयोजनमा द्विरुक्ति देखिएको प्रतीत हुन्छ । गीतहरू विशेषतः प्रिलम्ब Ŏङ्गार र संरचित देखिन्छन् ।

पहिलो गीत 'किन झरे आँशु यति' मा शब्द संयोजन अनुसार आलाप र अनुतानले भावमा गाम्भीर्य भरेको छ । सुख, दुःखसँगै बस्ने कसम खाएका प्रेमी युगलको वियोगपछि दुख जति नायिकाको भागमा परेको पीडा गीतमा व्यक्त गरेको छ । शब्द भाव र लयले कविता सरस र मार्मिक बन्न पुगेको छ । माहिलाको मधुर स्वर र मेलोडी भाव गरिएको संगीतले शब्द चयनलाई अझ जीवन्त बनाएको छ । किन झरे आँशु यति तिम्रो यादमा ......................

किन परे दुःख सबै मेरो भागमा कविताको केन्द्रिय कथ्य मर्मस्पर्शी रहेको छ ।

दोस्रो गीत 'तिम्रै नाममा' पाश्चात्य ऱ्याप संगीतमा सजिएको छ । वियोग Ŏङ्गार र यसकै स्थायी भावमा बाँधिएको यस गीतमा मात्र ६ हरफ छन् । संगीतको धुनसँगै गायनको पुनरुक्तिले शब्दमा लयात्मकता र मिठास भरिएको छ । मध्यानुप्रास र अन्त्यानुप्रार अलङ्कार द्वितीय पुरुष बाह्य, दृष्टि बिन्दुमा रचित प्रस्तुत गीति कविताले वर्तमान समसामयिकताको द्योतन गरेको महशुस हुन्छ । "तिम्रै पाइलामा हिंड्दै छु म अझै" पङ्क्तिले वियोगपछिको स्मृतिलाई उद्दीप्त गरेको छ । नामसँगै मटु धड्कनु, पाइला पछ्याउँदै, अघि बढ्नु, विछोडमा दुखाइ हुन जस्ता प्रतीक र बिम्बले कवितामा भाव गाम्भीर्य भरेको छ ।

तेस्रो कविता "मैले हिंड्ने बाटोभरि" बिलम्बित तालमा मेलोडी माधुर्यले भरिएको गीत हो । ६ हरफमा संरचित यस गीतमा स्थायी र अन्तरामा शब्द साम्यता देखिन्छ । काँडा र फूल, जुन र बादल, आँसु र हाँसो, सम्झना र वेदना, प्रेम र घृणा जस्ता विम्ब विपर्यको संयोजनले भाव प्राञ्जलता र हृदयस्पर्शीता भरेको छ । उत्प्रेक्षा अनुप्रासिकताको सम्यक संयोजन भएको छ । वर्तमान मान्छे अघि बढ्ने क्रममा अरुको पीडा र वेदनाको सहभावलाई वेवास्ता गर्दछ । अरुको बहकाउमा प्रेमको महानता र पवित्रतालाई बुझ्दैन, कुल्चदै अघि बढ्छ भन्ने सायिकतालाई गीति कविताले आफ्नो कथ्य बनाएको छ । मस्तिष्कमा तिम्रो कसले घृणाहरू भरे होला ! अतिएर फूल पनि पर

पर सऱ्यो होला ! जस्ता हरफले समयसामयिक मान्छेको वास्तविकतालाई उद्बोधन गरेका छन् ।

"औंसीको रातमा" शीर्षकको चौथो गीत छोटा- छोटा ६ हरफमा संरचित छ । गीतको संरचना गजल शैलीमा भएको छ । 'दीप बाली बसेँ' दीप र काफियाका रूपमा आएको यस गीति कवितामा ३ शेरहरू देख्न सकिन्छ । औँशीझैं अँध्यारो मनमा आँशुको उज्यालो छुन दीपावली प्रतीक्षा गर्नुले पाश्चात्य संस्कृतिको झझल्को झुल्मुलाएको प्रतीत हुन्छ । बुझ्नै नसकिने मनको व्यथा र व्यथित आफ्नै मनलाई हेर्न वा नियाल्न दीप बाल्नुले प्रेममा प्रत्येकले आत्म समीक्षा गर्नुपर्ने भाव प्रस्तुत भएको छ । मन र मुटुको सन्तुलित प्रयोगले मात्र जीवनमा उज्यालो छाउन सक्छ भन्ने केन्द्रीय भाव बाकेको प्रस्तुत कवितामा आधुनिक संगीतमा ऱ्याप संगीतको समिश्रणले श्रति माधुर्य थपेको छ ।

'गहभरि आँशु बोकी' शीर्षकको पाँचौ गीत मेलोडी संगीतमा सजिएको हृदयस्पर्शी गीति कविता हो । २ हरफको स्थायी ४/४ हरफका दुई अन्तरा गरी जम्मा १० हरफमा कविता संरचित छ । यस गीतमा पनि वियोग ð[ª\गार कै भाव उद्बोधन भएको पाइन्छ । गीतमा छिट्टै भेट्ने वाचा गरी छुटेका प्रेमीको प्रतीक्षामा प्रेमीका गहभरि आँसु बोकी पर्खाइको आशामा बाँचेको भाव व्यक्त भएको छ । प्रेमीको वियोगपछि भोक, निद्रा पनि हराएको सम्झनाले बाटो छेकी छेकी जिस्क्याउने गरेका केवल आशाको पालुवा बचाएर राखेको दिलमा उनैलाई सजाइ राखेको र देउतासँग हरफल उनैलाई मागेको कुरा कवितामा ब्यक्त गरिएको छ । बाचा, आँसु, आशा, प्रतीक्षा, भोक, निन्द्रा जस्ता शब्दको प्रयोगले वियोगमा आँसु झार्नु हुन्न भन्ने आशयलाई आँसु गहमै लुकाएर मर्यादामै सीमाकृत गर्नु विप्रलम्ब Ðृङ्गारको पराकाष्ठा गीतमा अभिब्यञ्जित भएको छ । प्रतीक्षाको आखिरी घडीमा देवी देउताको भाकल वा प्रार्थना गर्नु अन्तिम आलम्ब हो । यसको पनि कवितामा सभ्यक प्रयोग भएको हुनाले कविताको शीर्षक मर्म र गीति माधुर्यले भरिएको प्रस्तुत गीति कवितामा उच्च कोटिको शैलीगत माधुर्य पाइन्छ ।

'छोप्दै आयो कालो बादल' शीर्षकको छैटौं गीत पनि मेलोडी संगीतमा छ । पुरुषस्तरमा गाइएको यस गीतको गायक को हुन् उल्लेख छैन । गीतमा पनि अन्य

कवितामा झैं माया प्रीतिको रागात्मकता छैन । यस गीति कवितामा जुनको उज्यालो कालो बादलले छोपेझैं जीवन अन्धकारमय बन्दै गएको नैराश्यताको चित्रण छ । 'छोप्दै आयो कालो बादल' तीन हरफको स्थायी र चार-चार हरफका दुई अन्तरा गरी जम्मा एघार संरचित प्रस्तुत कवितामा शीर्ष पदावलीको प्रत्येक अन्तरामा पुनरुक्ति भएको छ । अन्धकारमय जीवनमा दिशाहीन र गन्तव्य हीन बनेको, हुरी चलेको, मन डडेको, भुँइचालो र सुनामीले जीवनका खुसी बगाएको, मुटुको धड्कन मन्द भएको, आँखाको दृष्टि बन्द भएकोले गर्दा न त जीवन रह्यो नकाल नै आउन सक्यो भनी पीडादायी जीवन बाँच्नु परेको विवशता कवितामा व्यक्त भएको छ । यस कवितामा हुरी, भुँइचालो, सुनामी, डढेलो आदि मानिसले वर्तमानमा बाँचिरहेको जीवनका प्रतीकात्मक बिम्ब हुन् । जसले समसामयिक विसङ्गतिपूर्ण यथार्थलाई उद्बोधन गरेका छन् । विम्ब र प्रतीकको प्रयोगात्मक तथा अनुप्रास अलङ्कारको प्रयोग गर्दै जीवन र मृत्युबीच बाँच्नुको अभिशापलाई सरल र सहज भाषाशैलीमा प्रस्तुत गर्नाले कविता उत्कृष्ट बन्न पुगेको छ ।

समग्रमा अनल गौतमको 'सरसी' गीति एल्बममा रहेका ५ वटै गीति कविताले पीडा, व्यथा र कुण्ठाभित्रको जीवनको भोगाई र आशावादी दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । कविताहरूमा जीवन निराश र पीडामय बन्दै जानुलाई वर्तमान मान्छेमा देखिएको स्वार्थीपन र विश्वासघातलाई कारकका रूपमा देखाइएको छ । हाँसो र खुसीभन्दा पीडा र वेदनाले मानिसलाई चस्स कतै छुन्छ र मनोविषादलाई धुन्छ भन्ने एरिस्टोटलियन विरेचनको सिद्धान्तलाई थोरबहुत कवि कलमले पछ्याएको छ । लामा छोटा सबै गीति कविताहरूमा न केवल गेयात्मकता अधिक सरस माधुर्य सूक्तिमयात्मकता, मितव्ययी, शब्द चयन, विम्बात्मक कथन, हृदयस्पर्शीता जस्ता विशेषता पाइनु उनको लेखनीगत वैशिष्ट्य हो भन्न सकिन्छ ।

## ४.६. निष्कर्ष

विद्यार्थी जीवनबाटै कथा साहित्यमा रुचि राख्ने अनलले अनौपचारिक रूपमा बाल्यकालदेखि नै कथा लेख्ने गरेको थाहा पाइन्छ । अनौपचारिक साहित्य यात्राको सुरुमा कविताको क्षेत्रमा आकर्षित भए पनि पछि अर्थात् २०७० मा उनले घाटघाट कथा कथोपन्यास प्रकाशन गर्न पुगे जस्मा छुट्टा छुट्टै कथा वस्तु रहे पनि त सबै कथाहरू एकआपसमा उनिएर आएको देखिन्छ । कथाकारले कथालाई यथार्थवादी परिधिभित्र समेटेर सामाजिक, आर्थिक, राजनीतिक र विशेष गरेर नेपालको ग्रामीण र सहर तथा भारतका विभिन्न धार्मिक मोठ मन्दिरलाई कथाको परिवेश बनाइ घाटमा विविध क्रियाकलापको यथार्थ चित्रण गर्न कथाकार सफल भएका छन् । देशमा रहेको विद्यमान समस्या, हत्या हिंसा आदिले ल्याएको विकराल अवस्थालाई कथाकारका कथाले राम्ररी चित्रण गरेका छन् । यसरी आफ्नै समाज र वातावरण वरिपरिको परिवेशलाई समेटेर समाजमा घटेका वास्तविक घट्नालाई कथाको विषयवस्तु बनाएका छन् ।

# अध्याय-पाँच

# अनल गौतमका कृतिहरूको मूल्याङ्कन

## ५.१. परिचय

यस अध्याय अन्तर्गत साहित्यकार अनल गौतमका 'चिनारी' कविता सङ्ग्रह (२०६७), 'शुभप्रभात' हाइकु (२०६४), 'सरसी' गीति एल्बम (२०७०) 'घाट घाटका' कथा सङ्ग्रह, कथोपन्यासको अध्ययन विश्लेषण गर्दै कृतिका माध्यमबाट साहित्यकारको मूल्याङ्कन गर्ने काम गरिएको छ । नेपाली साहित्यमा जल्दाबल्दा सरल भाषाशैलीमा आफूले व्यक्त गर्न खोजेका कुरालाई कविता, कथा र गीतको माध्यमबाट व्यक्त गर्दछन् । उनका कृतिहरूमा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक, देशप्रेम र मायाप्रेम जस्ता विविध विषयहरूलाई समेटिएको पाइन्छ । उनका साहित्यिक कृतिहरूलाई यसरी मूल्याङ्कन गर्न सकिन्छ ।

## ५.२. साहित्यिक कृतिहरूको मूल्याङ्कन

अनल गौतमले आफ्ना कृतिहरुमा समाजमा देखिने गरेका अनैतिकता, स्वार्थीपन, शोषण तथा अमानवीय व्यवहार आदि जस्ता यथार्थ घटनाहरू मात्र नभई सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक, देशप्रेम र मायाप्रेम जस्ता विविध विषयहरूको पनि उठान गरेका छन् । त्यसैले उनका साहित्यिक कृतिहरुलाई समग्रमा निम्नलिखित बुँदामा मूल्याङ्कन गर्न सकिन्छ :

### ५.२.१. सामाजिक व्यवहार

शोधनायकले आफ्ना कविता मार्फत् सामाजिक व्यङ्ग्यको झटारो नै हानेका छन् । समाजमा देखिने गरेका अनैतिकता, स्वार्थीपन, शोषण तथा अमानवीय व्यवहार आदि जस्ता यथार्थ घटनाहरूमाथि उनको आफ्नो काव्य मार्फत् जटिलो झटारो हान्नु उनको कवि धर्म हो । खासगरी गरिबी, शोषण, सामाजिक, सांस्कृतिक भेदभाव, प्रशासनिक

क्षेत्रमा देखिएको भष्टाचार, दुराचार, अनियमितता र अन्योल जस्ता समाजमा हुने नराम्रा पक्षहरूको व्यङ्ग्य उनका कृतिहरूमा पाइन्छन् ।

### ५.२.२. राजनीतिक व्यङ्ग्य

साहित्यकार अनलका कवितामा सरल र सशक्त रूपमा देखिएको विषय राजनैतीक सन्दर्भ पनि हो । उनले हाम्रो देशमा जनताको बलिदानले ल्याएको लोकतान्त्रिक गणतन्त्रका असङ्गत सन्दर्भहरूप्रति असन्तुष्टि जनाउँदै यसमा व्यङ्ग्यात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । नेताहरूले जनतालाई झुटा आश्वसन दिने गरेको र आजको नेपालको राजनीति झुटो आश्वसनमा मौलाएको छ । गरिब जनतालाई ढाल बनाएर उनीहरूको नाममा विकासको बजेट कुम्ल्याएर ऐस आरामका साथ जीवन बिताइरहेका ती भ्रष्ट नेताहरूको चरित्रलाई कविले आफ्ना कवितामा उतारेको पाइन्छ ।

### ५.२.३. आर्थिक व्यङ्ग्य

शोधनायक अनलका कृतिको अर्को विषयवस्तु आर्थिक व्यङ्ग्य पनि हो । उनका कतिपय कविताहरूमा भष्ट्राचार र अनियमितताको प्रसङ्ग उल्लेख गर्दै नेपालको आर्थिक अवस्था ज्यादै नाजुक बन्दै गइरहेको वास्तविकतालाई उनले कवितामा समावेश गरेका छन् । एउटा जागिरेले कसरी उसको जीवन बिताउनुपर्ने अवस्था विद्यमान रहेको छ । उसको जीवनमा आर्थिक समस्याले कसरी पिरोल्छ भन्ने जस्ता कुराहरूलाई पनि कविता मार्फत् व्यक्त गरेका छन् ।

### ५.२.४. विषयवस्तु वा भावभूमि

अनलका कवितामा देशप्रेम, Õृङ्गारिकता, सामाजिक भावनाका तरङ्गका अतिरिक्त शान्ति प्रियताका धारणा पनि अभिव्यक्ति भएको छ । उनका कविताका प्रमुख विषय भने अत्याचार, कुरीति तथा कुप्रवृत्तिको विरोध तथा व्यङ्ग्य प्रमुख रूपमा रहेको देखिन्छ । त्यस्तै मानवता, नैराश्यता तथा आनन्द पनि कविताको विषयवस्तु

बनेको पाइन्छ । त्यस्तै गरेर कतै प्रेम- प्रणय त कतै विछोडका विषय त्यस्तै गरी उनका कतिपय कतिमा स्वच्छन्दतावात्सल्य प्रेम, वैचारिकता, मातृभूमिप्रतिको अगाध माया आदि पक्षहरू समेटिएका छन् ।

### ५.२.५. राष्ट्रियता

कवि अनल राष्ट्रप्रेमी कवि हुन् । उनका रचनामा जतातत‌ै राष्ट्रियताको भाव सलबलाएको पाइन्छ । हाम्रो राष्ट्रिय स्वाभिमान र जातीय गौरव विश्वभर नै प्रसिद्ध छ तर अहिले हाम्रो देशमा दिनानुदिन बढ्दै गइरहेको हत्या, हिंसा र अराजक स्थितिप्रति सधैँ चिन्तित देखिने कवि कोइराला राष्ट्रमा अमन चयन र स्थिरता कायम नभए देश खतराको मोडमा पुग्ने संकेत गर्दै शान्ति स्थापना गर्न हरेक वर्ग एकजुट भएर लाग्नुपर्ने सन्देश आफ्ना रचना मार्फत् व्यक्त गर्दछन् ।

### ५.२.६. स्वच्छन्दतावादी

अनल गौतमका कृतिहरूको अध्ययन गर्दा उनमा स्वच्छन्दतावादीको साथै प्रगतिवादी प्रवृत्ति भेट्न सकिन्छ । उनले आफ्ना मनभित्र उब्जिएका भावहरूलाई सहज रूपमा आत्मपरक ढङ्गले व्यक्त गरेको भेटिन्छ । प्रकृति र मानवलाई साध्य बनाएर प्रकृतिको आत्मपरक चित्रणका माध्यमबाट रहस्यवादी अभिव्यक्तिको प्रस्तुति उनका कृतिमा पाइन्छ । कवि भावनामा बग्दै मानवीय स्वरूपलाई प्रवृत्तिसँग साध्य बनाएर प्रकृतिको अनेक रूपको चित्ररण गरी मानवीय इच्छा आकाङ्क्षाका असिमितततातर्फ स्वच्छन्दवादी प्रवृत्तिलाई साहित्यकारले आत्मसात् गरेका छन् ।

### ५.२.७. देशप्रेम

मानिस जुन देशमा जन्मेको हुन्छ, उसमा त्यस देशको माया छचल्किरहेको हुन्छ । त्यसमा पनि साहित्यकारले गर्ने देशप्रेम विशेष महत्वको हुन्छ । साहित्यकारले देशको सभ्यता र संस्कृतिलाई जीवन्त राख्नुका साथै देशको उज्जवल भविष्यको संकेत गर्दछ ।

अनल पनि आफ्ना रचनामा देशभक्ति देशको विकास देशको सामाजिक, सांस्कृतिक वस्तुहरूको वर्णन त्याग आदिको भावना व्यक्त गरेका छन् । यसप्रकार साहित्यकार अनलका कृतिहरू देशप्रेमको भावनाले ओतप्रोत भएका छन् ।

### ५.२.८. प्रणय/ श्रृंगारभाव

प्रत्यक्ष वा परोक्ष माया गर्नु र माया गर्न एक अर्कालाई मन पराउनु मान्छेको स्वभाविक गुण नै हो भन्ने धर्मलाई यिनका कृतिहरूले प्रस्तुत गरेका छन् । अमर प्रेमको वर्णन प्रियसी पाउँदा सबै इच्छा पूरा भएको कल्पना, यौवन सुरु भएपछि नारीको स्वभावमा आएको परिवर्तन, प्रेमी- प्रेमीकाले एक आपसमा गरेका आत्मसमर्पणका भावहरू विछोड र वेदनाका साथै विरहका भाव बोकेका गीत र कविता प्रशस्तै भेट्न सकिन्छ ।

### ५.२.९. समसामयिकता

साहित्यकार अनलका कथामा आएका पात्रहरू अयथार्थ र मानवेत्तर गुठाबाट टाढा रहेका छन् । आजका यही समाजका मानिसकै मनस्थिति बोकी, गतिशील छन् । युगले निम्त्याएको समस्यासँग जेलिदै छन् । पीडा, वेदना र कुण्ठालाई समेट्दै युगीन जीवनमा हेलिदैछन् । सपनाझैं सुन्दर, मिठो र उच्च आदर्श मात्र नभएर तीतो यथार्थको जीवन भोग्दै छन् । त्यसैले अनलका कृतिहरू समसामयिक हुन पुगेका छन् ।

### ५.२.१०. मनोवैज्ञानिकता

अनलका कतिपय कथाहरूमा मनौवैज्ञानिक पक्षले स्थान पाएको देखिन्छ । उनका कथाका पात्रका मानसिक सन्दर्भहरू कथामा टड्कारिएर प्रस्तुत भएका छन् । जीवनको यथार्थ भोगाई तीनको मनस्थितिलाई प्रतिविम्बित भएको महशुस हुन्छ । समय, परिस्थिति र परिवेशको प्रभावमा पात्रको मानसिकता तयार भएको देखिन्छ । समाजमा हुने गरेका अन्याय अत्याचार, शोषण नारीले भोग्नुपरेका समस्याका साथै पात्रहरूका मनका उथलपुथलहरू द्वन्द्वको रूपमा प्रस्तुत भएबाट पनि अनलमा मनोवैज्ञानिक प्रवृत्ति सहजै देख्न सकिन्छ ।

### ५.२.११. सांस्कृतिक विषय

कवि अनलका चिनारी तथा हाइकु कविता संङ्ग्रहमा सामाजिक, राजनीतिक, प्राकृतिक विषयवस्तुलाई महत्व दिए जस्तै सांस्कृतिक विषयमा पनि आफ्नो ध्यान पुऱ्याएको पाइन्छ । धर्म संस्कृति रीतिरिवाज भन्ने कुरा हरेक देश र समाजको हुन्छ, त्यसलाई कसरी मनाउने वा पालना गर्ने भन्ने कुरा होसियार भएर सोच्नु पर्नेतर्फ संकेत गरेका छन् । हामीले संस्कृतिका नाममा खराब कुरालाई बढुवा दिन नहुने भन्दै असल संस्कृतिको मात्र अनुशरण गर्नुपर्ने विचार राखेका छन् ।

### ५.२.१२. भाषाशैली

कवि अनलका केही हाईकुलाई छोडेर अन्य कविता तथा कथाको भाषाशैली सरल र सहज नै देखिन्छ । यिनले आफ्ना रचनामा विषय अनुकूल भाषाको प्रयोग गरका छन् । समाजका सबै वर्गले बुझ्ने शैलीलाई आत्मसाथ गरी कृति रचना गरेको देखिन्छ । भाषागत ढङ्गले हेर्दा सबै प्रकारका शब्द र शैलीको प्रयोग गरी आफ्ना कृतिमा तत्कालीन समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक जस्ता विविध विषयको ज्वलन्त नमुना प्रस्तुत गर्न सफल भए पनि वर्णविन्यासगत रूपमा भने अनल केही पछाडि परेको तथ्य उनका कविताहरू अध्ययन गर्दा देखिन्छ । उनका अधिकांश कवितामा चन्द्रबिन्दुका ठाउँमा शिरबिन्दुको प्रयोग गरेको पाइन्छ ।

## ५.३. निष्कर्ष

साहित्यकार अनलका कृतिहरूको अध्ययन गर्दा उनका रचनामा बहुआयामिक दृष्टिकोण समेटिएको देखिन्छ । स्वच्छन्दतावादी, प्रगतिवादी धारामा आबद्ध हुँदै समसामयिक युगको प्रतिनिधित्व गर्न उनका कतिपय कवितामा मानवीय प्रेमप्रणयको भाव पाईन्छ । आाशावादी कवि अनल आफ्ना कृतिमा व्यङ्ग्य र विद्रोहलाई पनि व्यक्तिको नै स्थान दिन सफल भएका छन् । यिनका कतिपय कवितामा राष्ट्रमा व्याप्त अन्याय र अत्याचार विरुद्ध आक्रोश व्यक्त गर्नुको साथै खराब नेताहरूप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । उनका कवितामा कतै प्रगतिवादी, कतै स्वच्छन्दवादी, कतै शब्दवादी

त कतै यथार्थवादी स्तर पाइनुका साथै समग्रमा मानवतावादी र अस्तित्ववादी स्वर पाइन्छ ।

अध्याय-छ

# उपसंहार/निष्कर्ष

अनल गौतमको जीवनी व्यक्तित्व र कृतित्व सम्बन्धी अध्ययन नामक शोधपत्र अन्तर्गत अध्ययन एकमा शोध परिचय, अध्याय दुईमा शोधनायक अनल गौतमको जीवनीको अध्ययन, अध्याय तीनमा शोधनायकको व्यक्तित्व सम्बन्धी अध्ययन, अध्याय चारमा कविता सिद्धान्त र कथा सिद्धान्त र तीनको कालक्रमिक अध्ययन विधागत सिद्धान्तको आधारमा अनल गौतमका कृतिहरूको अध्ययन, अध्याय पाँचमा शोधनायकका कृतिहरूको समग्र मूल्याङ्कनको चर्चा गरिएको छ ।

जीवनका ३३ औँ वसन्त पार गरिसकेको अनल मकवानपुर जिल्लाको हेटौडामा वि.स. २०३८ साल असार १७ गते बुधवारका दिन जन्मिएका हुन् । शोधनायकले प्राथमिक तथा माध्यमिक तहको अध्ययन हेटौंडाकै श्री बाल ज्योति माध्यमिक विद्यालय पिप्लेबाट पूरा गरेका हुन् । त्यसपछि उच्च शिक्षाका लागि भने पारिवारिक अवस्थाका कारण पूर्ण समय दिन सकेनन् । त्यसैले प्राइभेट अध्ययन आइ.कम. र कर्मश कलेजबाट बि.बि.एस. पूरा गरे । वि.स.२०४७ साल चैत्रमा बाबु र २०४८ साल पौषमा आमा गुमाउनु भएको अनलले १६ वर्षको उमेरदेखि नै विभिन्न किसिमको होटल, पर्यटन उद्योग, यातायात हुँदै हाल बिमा क्षेत्रमा जागिरे जीवन बिताइरहेका छन् । बाल्यकालमै मातापिता गुमाउन पुगेका अनलले जीवनको ३३ औँ वसन्त पार गर्दासम्म निकै उतार चढाबहरू भेलिसकेका छन् ।

हाल विमा क्षेत्रको महत्वपूर्ण पदमा रही प्रशासनिक जिम्मेवारी वहन गर्दै आएका अनल नेपाली साहित्यको विभिन्न फाँटमा पनि उतिकै चर्चित छन् । स्थानीय साहित्यकारहरू र विभिन्न साहित्यिक पत्रपत्रिकाबाट साहित्यिक प्रभाव र प्रेरणा प्राप्त गरेका अनलले कलिलै उमेरदेखि नेपाली विविध विधामा कलम चलाउन थालेका हुन् । साहित्यकार अनलको साहित्यको मुख्य क्षेत्र भनेको कविता, कथा र गीत हो । साहित्यिका व्यक्तित्वका साथै साहित्यत्तर व्यक्तित्वमा सफल प्रशासक विभिन्न सामाजिक संघ- संस्थामा सदस्य सामाजिक- सांस्कृतिक व्यक्तित्व जस्ता व्यक्तित्वका

विविध पाटाहरू पनि उनमा अन्तरनिहित रहेको पाइन्छ । वि.सं. २०६३-०६४ बाट औपचारिक रूपमा साहित्यिक यात्रा प्रारम्भ गरेका साहित्यकार अनलमा विषयवस्तुगत भिन्नता देखा परे पनि प्रवृत्तिगत भिन्नता भने त्यती देखिदैन । उनको साहित्यिक रचनाहरूको प्रकाशन विभिन्न पत्रपत्रिकाहरूमा हुँदै आए पनि वि.सं. २०६४ देखि यताको अवधि उर्वर तथा महत्वपूर्ण देखिन्छ । यो अवधिमा नै उनका पुस्तककार कृतिहरूको प्रकाशन भएको देखिन्छ । यस अवधिमा अनलको 'शुभप्रभात' हाइकु सङ्ग्रह (२०६४), 'चिनारी' कविता सङ्ग्रह (२०६७), 'घाटघाटका कथा' कथा सङ्ग्रह (२०७०), 'सरसी' गीति एल्बम (२०७०) प्रकाशित भएको देखिन्छ । उनका हाइकु तथा कविता सङ्ग्रहमा तत्कालीन समयमा समाजमा भएको अन्याय, अत्याचार, विकृति विसङ्गतिमा, प्रेमप्रणय आदिलाई आफ्नो कविताका विषयवस्तु बनाएका छन् । गद्य कविका रूपमा परिचित अनल आफ्ना कविता सङ्ग्रहमा मूलतः स्वच्छन्दतावादी शैली र आंशिक रूपमा प्रगतीवादी शैली पाइन्छ । अनल अलङ्कार, रस, भाव, विषय, बिम्ब, प्रतीक आदिको सफल आयोजना गरी कवितालाई आकर्षक र प्रभावकारी शीलपको संयोजन गर्ने कविका रूपमा परिचित छन् । उनका कविता लेखनमा देखिएका विभिन्न साहित्यिक प्रवृत्तिहरू समेत समावेश गरी हेर्दा उनलाई प्रकृतिप्रेमी, राष्ट्रभक्ति, मानवतावादी, समसामायिक कविका रूपमा चिन्न सकिन्छ । अनलको चिनारी कविता सङ्ग्रहभित्र ४० वटा कविता रहेका छन् भने 'शुभप्रभात' हाइकु सङ्ग्रहमा ३५५ ओटा हाइकुहरू समेत समावेश गरिएको छ । त्यस्तै गरी सरसी गीति एल्बममा ६ वटा गीतहरू रहेका छन् । जसमा आलङ्कारिक भाषाशैली विभिन्न बिम्ब तथा प्रतीकको साथै विविध लयको प्रयोग गरेर गीत र रचना भएको पाइन्छ । यसका साथै उनका 'सरसी' गीति एल्बममा सङ्कलित गीतमा कल्पना, प्रेम र भावनाको सञ्चार अनि प्रकृतिको मानवीयकरण समेत गरे आफ्नो सामार्थ्य प्रदर्शन गरेका छन् ।

कथाकारका रूपमा पनि परिचित अनलको पुस्तकाकार कृति कथा यात्रा 'घाट घाटका कथा' कथोपन्यास भएको प्रकाशित भएपछि औपचारिक रूपमा सुरु भएको देखिन्छ । अनौपचारिक रूपमा बाल्यकालदेखि नै कथा लेख्ने गरेका भए पनि विविध व्यस्तताका कारण २०७० मा मात्र यिनका कथाले पुस्तकाकारका रूपमा प्रकाशित हुन सफल भयो । जसमा १३ वटा कथाहरू रहेका छन् यसमा कथाकारले आफन्तको

वियोगबाट निस्किने चित्कार र त्यसले निम्त्याएको पीडा, दुःख, तनाव, विपत्ति अनि त्यस्तै अकल्पनीय महाव्यथाहरू अनि यस्तै- यस्तै अनुभव भोगाइ र सुनाइहरूलाई आधार बनाई 'घाट घाटका कथा' तयार पारेका छन् । जसमा कथाकारले हरेकको जीवनलाई घाटमै पुऱ्याएर अन्त्य गरेका छन् । समाजका विभिन्न वास्तविक घटनाहरूलाई नै विषयवस्तु बनाएर मानवीय जीवनका विविध पक्षहरूलाई उद्घाटन गर्दै कथा यात्रालाई अगाडि बढाएको देखिन्छ । फलस्वरूप नेपाली साहित्यका बहुमुखी प्रतिभा साहित्यकार अनल यथार्थवादी कथाकारको रूपमा परिचित भएको तथ्य स्पष्ट हुन्छ ।

अनलद्वारा लिखित घाटघाटका कथामा मानवीय संवेदना र सामाजिक परिवेशलाई निकै राम्ररी समातेको देखिन्छ । जागिरे जीवन र सामाजिक कार्य व्यस्ताका वावजुद पनि उनले विविध क्षेत्र अनेक परिवेश सामाजिक विसमता र विभिन्न परिस्थितिका पात्र प्रवृत्तिलाई कथामा निकै राम्ररी उतारेका छन् । प्रत्येक पाठकलाई घाटमै पुऱ्याएर करुणा उमारेका छन् । जातीय तथा सांस्कृतिक विविधतासँगै चरित्रगत विविधता भर्न सक्नु शोध नायकको सबै भन्दा सबल पक्ष हो । घाट घाटका कथामा नाम जस्तै स्थानहरू पनि फरक फरक छन् । यसभित्रका कतिपय कथामा पाठकलाई कन्काइ नदीको किनारमा पुऱ्याइएको छ भने कुनैमा भारतको उत्तर प्रदेशको गंगाजी तटमा रहेको गढमुक्तेश्वर महादेवको मन्दिर परिसरमा पुऱ्याइएको छ । यसका हरेक कथा पढदा पाठकका आँखामा दृश्य झलझली आउनु यसको विशेषता हो ।

अनलका कृतिमा आएको प्रमुख कुरा मानवीय प्रवृत्तिको विविधता हो । वर्तमान समाजमा मान्छेभित्र के र कस्ता प्रवृत्तिले रजाइ गरिरहेका छन् भन्ने कुरालाई छर्लङ्ग पार्नु नै उनका कृतिको बलियो पक्ष हो । मानिस जतिसुकै आधुनिक भए पनि धार्मिक संस्कार र संस्कृतिबाट अलग रहन सक्दैन भन्ने शिक्षा प्रदान गर्नु पनि कृतिको मुख्य उद्देश्य हो । नौ वर्षको कलिलो उमेरमा बुबा आमा गुमाउन पुगेका अनलले संघर्षशील जीवन जीउँदै मृत्युको विषयमा अनुभूत गरेर सिङ्गो कृति तयार पार्ने आफैँमा महत्वपूर्ण कुरा हो । जागिरे जीवनका साथै विविध सामाजिक कार्यमा व्यस्त अनलले साहित्य निर्माणको पाटोलाई पनि निरन्तरता दिइरहेको पाइन्छ । वर्तमानमा आख्यान र

गीति क्षेत्रमा आफ्नो सक्रिय सहभागिता जनाउँदै आइरहेका शोध नायक गौतमको ऊर्जावान् स्रष्टाले साहित्यकारको रूपमा  आगामी दिनमा आफ्नो बलियो स्थान बनाउन सक्ने पक्का छ ।

# सन्दर्भ सामग्री

अधिकारी, हेमाङगराज र बद्री विशाल भट्राई (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोष,* काठमाडौँः विद्यार्थी प्रकाशन प्रा.लि.

आचार्य, बाबुराम (२०५०), *पुराना कवि र कविता,* छैटौं सं., ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद, (२०६७), *विचार र व्याख्या,* ते.सं., ललितपुर : साझा प्रकाशन ।

कुँवर, उत्तम, (२०५०) *सष्टा र साहित्य,* ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मण, (२०६०) *समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण,* ललितपुरः साझा प्रकाशन ।

गौतम, लक्ष्मण, (२०६६), *समकालीन नेपाली कविताका प्रवृत्ति,* काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, अनल (२०६४), *शुभप्रभात,* मकवानपुर : मातृभूमि साहित्य समाज ।

गौतम, अनल, (२०६७), *चिनारी,* काठमाडौँ : नेपाल स्रष्टा समाज ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, (२०६५), *नेपाली कविता,* काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

त्रिपाठी, वासुदेव र अन्य (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँः ने.रा. प्र. प्र.

त्रिपाठी, वासुदेव र अन्य, (२०६०), *नेपाली कविता,* भाग-४, चौ.सं., ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय,* सातौं संस्करण, ललितपुरः साझा प्रकाशन

दाहाल, धनश्याम, (२०६६), *नेपाली फुटकर कविता र काव्य,* काठमाडौँ : हजुरको प्रकाशन ।

शर्मा, गोपा हिरण्य कुमारी (२०५९), *पाठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* काठमाडौं : त्रि.वि.अप्रकाशित शोधपत्र ।

शर्मा, केदार प्रसाद (२०६४), *नेपाली कविता र नाटक साहित्यको इतिहास,* काठमाडौं : अस्मिता पब्लिकेसन ।

प्रधान, कृष्ण, (२०५३), *नेपाली साहित्यः सङ्क्षिप्त पर्यावलोकनः समकालीन समालोचना,* विराटनगरः वाणी प्रकाशन सहकारी संस्था लि, प्र.स., साउन पृ.१८१ ।

प्रधान, पारसमणि र माधवप्रसाद पौडेल, (२०६७), *कविता सिद्धान्त र विकास प्रक्रिया,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बराल, ईश्वर र अन्य, (२०५५), *नेपाली साहित्य शब्दकोश,* काठमाडौँ : ने.रा.प्र.प्र. ।

लामिछाने, यादव प्रकाश, (२०६३), *नेपाली कथा उपन्यास सिद्धान्त र समीक्षा,* भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, खगेन्द्र प्रसाद, (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* कमलादी, काठमाडौं : ने.रा. प्र.प्र. ।

शर्मा, तारानाथ, (२०३९), *पच्चीश वर्षका नेपाली निबन्ध,* काठमाडौँ : ने.रा.प्र.प्र.सं. ।

सुवेदी, राजेन्द्र, (२०५७), *स्नाकोत्तर नेपाली कथा,* भाग ४, दो.स., ललितपुर : साझा प्रकाशन ।

शर्मा नेपाल, वसन्तु कुमार (२०५७), *नेपाली शब्द सागर,* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, (सम्पा. २०६४), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* नवौं सं. ललितपुर : साझा प्रकाशन ।

# परिशिष्ट

परिशिष्ट -१

## शोधनायक अनल गौतमसँगका केही सम्झनाहरू



शोधनायक



शोधनिर्देशक एव शोधनायक



# शोधनायक, शोधनिर्देशक एवम् शोधार्थी

## परिशिष्ट -२

# अनल गौतमसँग गरिएका केही प्रश्नोत्तर

**१) तपाईंको जन्म र जन्म स्थानको बारेमा बताई दिनुहोस न ?**

✍ मेरो जन्म विक्रम सम्वत २०३८ साल असार १७ गते मकवानपुरको हेटौडामा भएको हो ।

**२) तपाईंको बाल्यकाल कहाँ र कसरी बित्यो ?**

✍ मेरो बाल्यकाल मकवानपुरको हेटौडामा सरल ढङ्गले नै बित्यो ।

**३) तपाईंले अक्षर आरम्भ कहाँ र कहिले गर्नु भयो ?**

✍ सात दिदीहरूपछि जन्मेको म एक्लो छोरो भएर होला घरमा अक्षर सिक्न दवाव दिने काम भएन हेटौडाकै बालज्योति विद्यालय पिप्लेमा भर्ना भई अक्षराम्भ भयो ।

४) **तपाईंको स्कुलको पहिलो दिनको अनुभव बताइदिनुहोस न** ?

✍ आफ्नै उमेर समूहका थुप्रै र थरिथरिका साथीसँग खेल्न पाउँदा ज्यादै खुसी मन भयो ।

५) **तपाईंलाई मन पर्ने विषय कुन हो र किन** ?

✍ मलाई लेखनको विषयमा गीत तथा आख्यान विधामा लेख्न बढी मन पर्दछ किनकी म मेरा भावना तथा विचारहरू गीत र आख्यानमार्फत् राम्रो व्यक्त गर्न सक्दछु जस्तो लाग्दछ र पढ्न तथा सुन्न पनि रमाइलो लाग्ने हुन्छ ।

६) **तपाईंले साहित्यमा लाग्ने प्रेरणा कसरी पाउनु भयो** ?

✍ म अध्ययन गर्ने विद्यालयका गुरु हयग्रिव आचार्य र स्वर्गीय दाजु भीम विरागबाट साहित्यमा लाग्ने प्रेरणा प्राप्त गरेको हुँ ।

७) **हालसम्म तपाईंले भ्रमण गर्नु भएका स्थानहरू कुन कुन हुन्** ?

✍ म नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र भारत तथा सिंगापुरसम्मका स्थान भ्रमण गरेको छु ।

८) **समाजसेवा गरेर तपाईंले के पाउनु भयो** ?

✍ समाज सेवा केही पाउनका लागि गरिने होइन, समाज सेवा मात्र आत्मसन्तुष्टिका लागि हो भने अशक्त तथा असाहायहरूको लागि

हो । जुन परोपकारी कार्य हो जसमा मात्र आत्मसन्तुष्टि मिल्दछ सम्बन्धित व्यक्तिहरूको आँखामा देखिने खुसीको भावका कारण ।

**९) तपाईंलाई राजनीति मन नपर्नुको कारण के हो ?**

✍ खास कारण केही होइन तर आफ्नो समय उत्पादमूलक क्षेत्रमा प्रयोग गर्नु पर्दछ भने मलाई राजनीतिमा लागिने समय अनुत्पादक लाग्दछ त्यसैकारण म राजनीतिको विषयमा कहिल्यै सोचिन ।

**१०) हाल नेपाली साहित्यको स्थिति कस्तो रहेको छ ?**

✍ हाल नेपाली साहित्यको स्थिति एकातिर असाध्यै मौलाएको छ भने अर्कोतिर कहालिलाग्दो छ । किनकी साहित्य भनेको कुनै एक विधा होइन । नेपाली साहित्यका अनेकन विधाहरू छन् तर आजकालको समय गीत बाहेक आत्मकथा, उपन्यास र नियात्रा मात्र देखिन थालिएको छ । बजारमा पाठकहरू पनि यिनै पुस्तकहरू मन पराउँदछन् । कविता, गजल, निबन्ध, मुक्तक आदि विधाका कृतिहरू निकै कम मात्रै देखिन थालेका छन् जुन पक्कै राम्रो कुरा होइन ।

**१२. नेपाली साहित्यलाई विश्व साहित्यको दाँजोमा पुऱ्याउन के-के गर्नु पर्ला जस्तो लाग्छ ?**

✍ नेपाली साहित्य सबल छ, विश्व साहित्यसँग प्रतिस्पर्धा गर्न सक्दछ ।

वैज्ञानिक, कलाकार, खेलाडी, समाजसेवी, साहित्यकार यी सबै राष्ट्रका गहना हुन् । राज्यले यिनको संरक्षण गर्नु पर्दछ । विकसित अन्य मुलुकहरूमा आम जनताको भरणपोषणको जिम्मा राज्यले लिएको हुन्छ, सामाजिक सुरक्षा गरिएको हुन्छ, जसकारण

त्यस्ता देशका जनताहरू आफ्नो भविष्यप्रति निश्चिन्त रही आफ्नो-आफ्नो काम गरिरहेका हुन्छन् भने राज्यले पनि राष्ट्रका गहनाहरूको संरक्षण गरेको हुन्छ र उनीहरू दत्तचित्त भई राष्ट्रका लागि सकेको योगदान गरिरहेका हुन्छन् तर हाम्रो जस्तो मुलुक जहाँ सामाजिक सुरक्षा छैन त्यसैले अधिकांश स्रष्टाहरू पूर्णरूपमा राष्ट्रप्रति तथा आफ्नो क्षेत्रप्रति मात्र समर्पित नरही आ आफ्नो भविष्य सुनिश्चित गर्न तर्फ लाग्दछन् ।

त्यस्तै साहित्यको विषयमा कुरा गर्दा साहित्य लेखनले मात्र दैनिक जीविकोपार्जन गर्न त पुग्दैन भने सुनिश्चित भविष्यको कल्पनै गर्न सकिन्न तसर्थ यहाँका साहित्यकारहरू धेरै कठिन जीवनयापन गरिरहेका छन् भने राम्रो आर्थिक अवस्था भएका साहित्यकारहरू शौकको रूपमा मात्र लेखन कार्यमा लाग्ने गरेका छन् । तसर्थ राज्यले सामाजिक सुरक्षा गरिदिने हो र साहित्यकारहरूलाई जीवनयापनको मार्ग प्रसस्त गरिदिने हो भने नेपाली साहित्य विश्व साहित्यको दाँजोमा नपुग्ने कुरै हुँदैन ।

**१३. तपाईंलाई मन परेका नेपाली साहित्यका कवि, कथाकार उपन्यासकार, समालोचकमा कस-कसको नाम लिनु हुन्छ ?**

✍ नेपाली साहित्यमा मलाई मन पर्ने नयाँ तथा पुराना गरेर निकै धेरै साहित्यिक स्रष्टाहरू हुनुहुन्छ तर मलाई केही नाम लिनु पर्दा कविमा राष्ट कवि माधव घिमिरे, भुपि शेरचन, मनु मन्जिल, पुष्प ( अन्जली), धनराज गिरी (गजलमा), शैलेन्द्र साकार आदि हुनुहुन्छ । कथाकार वा उपन्यासकारको रूपमा परशु प्रधान, सरुभक्त, डाइमण्ड शमसेर आदि र समालोचकको रूपमा हरी अधिकारी, प्रा.डा. कृष्ण दाहाल आदि हुनुन्छ ।

**१४. तपाईंको विचारमा साहित्य के हो ?**

✍ मेरो विचारमा साहित्य भनेको इतिहास हो, वर्तमान हो र आश गरिएको भविष्य हो किनकी साहित्य भनेको मनका भावना व्यक्त गर्ने माध्यम मात्र होईन् । साहित्यको आधार विगत हुन्छ, वर्तमान हुन्छ र अपेक्षित भविष्य हुन्छ । साहित्य भनेको पूर्ण हुन्छ । साहित्य वास्तविक र काल्पनिक दुवै हुन्छ । साहित्य संकुचित हुन्न, न त साहित्यको सीमा हुन्छ । साहित्यमा समस्या पोखिएको हुन्छ र समाधान देखिएको हुन्छ । साहित्य सन्देशमूलक हुन्छ । साहित्यले समस्या मात्र देखाउँदैन सबै सरोकारवालाहरूलाई खबरदारी समेत गरिराखेको हुन्छ । तसर्थ एकै वाक्यमा भन्नु पर्दा साहित्य भनेको भावयुक्त र सन्देशयुक्त यथार्थ हो ।

**१५. तपाईंले आफुलाई कस्तो साहित्यकारको रूपमा चिनाउन चाहनु हुन्छ ?**

✍ म निकै नै साधारण मानिस हुँ । मेरो मनमा पनि आम मानिसहरू र अन्य साहित्यकारहरू झैं कोमल हृदय छ, राष्ट्रप्रेमी छु, प्रकृति प्रेमी छु र तिनै दुःख पीडा वेदना चोटका साथै सुखद् र आत्मीय क्षणहरूको छाप छ मात्र भोगाईको प्रकृति फरक होला । तर म आफ्नो भोगाई र अनुभवलाई अन्यको भोगाई र अनुभवसँग तुलना गर्दिन त्यसको मतलब यो होईन कि म अरुको पीडामा पीडित हुन्नँ र अरुको खुसीमा खुसी हुन्नँ । म संस्कृतको श्लोकः सर्वे भवन्तु सुखीन सन्तु सर्वे सन्तु निरामया, सर्वे भद्राणी पश्यन्तु मा कश्चीद दुख भागभवेतलाई सदैब आत्मसाथ गर्दछु । तर मेरो भोगाई मात्र मेरो हो भन्ने मान्यता राख्ने हुनाले आफुलाई अलि भिन्न प्रकृतिको समाजसेवी साहित्यकारको रूपमा चिनिनका लागी प्रयासरत रहने कोशिस गर्दछु ।

**१६. साहित्य कस्तो हुनु पर्दछ जस्तो लाग्दछ ?**

✍ मैले अघि नै भने साहित्यको न सीमा हुन्छ न परिधि । साहित्य भाव परक र सन्देशमूलक स्रष्टाद्वारा व्यक्त गरिएको भोगाई हो, अभिव्यक्ति हो । यो यस्तै हुनु पर्दछ भन्ने हुन्न तर आजकालको परिपाटी अन्यबाट सम्भार गरिने वा कुनै स्रष्टालाई लेख्न लगाएर आफुं साहित्यकार बन्ने चल्न थालेको चलनको भने अन्त्य हुनु पर्दछ र कुरीति कुसंस्कारलाई बढावा दिने अनि कुनै व्यक्ति जाती सम्प्रदाय धर्म विशेषलाई आघात पर्ने किसिमको पक्कै हुनु हुँदैन ।

**१७. शुभप्रभात हाईकु प्रकाशनको प्रेरणा को बाट पाउनु भयो ?**

✍ मैले अघि अघि नै भनिसके बमोजिमका महान् श्रष्टाहरूबाट प्रेरणा पाएको हुँ र शुभप्रभातको लागि मुख्य रूपमा प्रेरणा जगाउने स्व. दाजु भीम बिराग हुनुहुन्थ्यो । यसका दिन व्यक्त भएका कुराहरू देश प्रेमका छन्, मानविय पीडा अनि संवेदनाहरू छन्, प्राकृतिक सुन्दरता छन्, व्यक्तिगत तथा जातीय पहिचानका कुरा छन्, मानविय स्वभावका कुराहरू छन्, कुटनीतिका कुराहरू छन् भने रीतिथिति र संस्कारका कुराहरू छन् र सबै बिषयलाई समेट्न खोजिएको छ ।